# परिच्छेद एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **जगन्नाथ रेग्मीको काव्यकारिताको अध्ययन** रहेको छ ।

## १.२ प्रयोजनं

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह नेपाली विषयको दसौं पत्रको (५१०-१) प्रयोजनको लागि प्रस्तुत शोध पत्र तयार गरिएको छ ।

## १.३ समस्या कथन

विगत केही समयदेखि निरन्तर रूपमा साहित्य लेखनका माध्यमबाट परिचित हुँदै आएका जगन्नाथ रेग्मी यस समयका कुशल स्रष्टा मानिएका छन् । तसर्थ प्रस्तुत शोधपत्र रेग्मीका काव्यकारिताको विश्लेषणमा केन्द्रित रहेको छ ।

क) जगन्नाथ रेग्मी कस्ता कवि हुन् ?

ख) उनका काव्यकृति र तिनका विशेषता के-कस्ता छन् ?

ग) नेपाली काव्यक्षेत्रमा उनको कस्तो योगदान छ ?

## १.४ शोधपत्रको उद्देश्य

शोधसमस्या अन्तर्गत उल्लेख गरिएका समस्याहरूको सही समाधान खोज्नुपर्ने यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार छन् :

क) जगन्नाथ रेग्मी कस्ता कवि हुन्? चिनाउनु ।

ख) उनका काव्यकृति र तिनका विशेषता के-कस्ता छन् ?परिचय दिनु ।

घ) नेपाली काव्य क्षेत्रमा उनको के-कस्तो योगदान रहेको छ, सो को पहिचान गराउनु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली लोकछन्दको प्रयोग गर्ने साहित्यकारहरू अहिलेको परिवेशमा निकै कम मात्रामा देखिन्छन्। यस श्रेणीका कवि व्यक्तित्वका रूपमा रेग्मी देखा पर्छन्। अहिले गद्यात्मक र क्लिष्ट खालको साहित्य जन्मिरहेको अवस्थामा लोपोन्मुख लोकलयगत तथा छन्दोबद्ध कवितालाई बचाइ राख्ने काममा तत्पर उनी साहित्य प्रेमीका साथै कुशल साहित्यकारका रूपमा देखा पर्दछन्। उनका बारेमा केही विश्लेषकहरूले यस्ता टिका टिप्पणीहरू प्रस्तुत गरेका छन् :

क) राष्ट्रकवि माधव घिमिरेले 'अन्तरङ्गका तरङ्गहरू' शीर्षक कविता सङ्ग्रहको भूमिका खण्डमा सरलता, सौन्दर्य चेतन र जीवनबोध कवि जगन्नाथ रेग्मीका विशेषता हुन्।रेग्मीलाई कविता के हो भन्ने कुरा राम्ररी थाहा छ।उनले छन्दलाई नचाउन सक्छन्। मानवभित्रको सद्गुणको महिमा र दुर्गुणप्रति व्यङ्ग्यपनि प्रहार यिनका कवितामा भेटिन्छन्। कवि रेग्मी वर्तमान जीवनका राम्रा र नराम्रा प्रवृतिलाई आत्मसाथ गर्दै सुन्दर कविताको रचना गर्दछन् जसरी ऋतुका घाम-छायाँलाई पिएर वनस्पतिले सुन्दर फूलको रचना गर्छ (अन्तरङ्गका तरङ्ग, भूमिका खण्ड-ख)।

ख) कवि माधव वियोगीले फूलबारी मुखपत्रमा 'अन्तरङ्गका तरङ्ग' प्रतिको समालोचना गर्ने क्रममा वियोगीले यस्ता प्रकारले तर्क प्रस्तुत गरेका छन् -
जगन्नाथका कवितामा विषयवस्तुको विविधता पाइन्छ। यस कविता सङ्ग्रहमा सौन्दर्य चेतनाको प्रकटीकरण, राष्ट्रियता र देशप्रेमको गहिरो भावना, सामाजिक परिवेशप्रति सजगता, भक्तिभावना, स्थानविशेषको तथ्यपरक वर्णन, मानवीय संवेदनशीलता, प्राकृतिक सौन्दर्यको मनोरम चित्रण, कर्मकर्तव्यप्रति इमान्दारिता लगायतका वैशिष्ट केन्द्रीय धरातलमा कविताका विषयवस्तु संरचित भएका छन् ( फूलबारी मुखपत्र, अङ्क ४, २०६५ : ७४)।

ग) देवी सिग्देलले मधुपर्क मासिक पत्रिकाको 'वर्णमात्रिक छन्दमा पठनीय सङ्गालो' भन्ने शीर्षकमा सूत्रात्मक विवेचना गरेका छन्। उनका अनुसार छन्दोबद्ध कविताहरूमा सिर्जनशील कविहरूको अभाव देखिँदै आएको अवस्थामा विभिन्न छन्दलाई मिठासयुक्त शैलीमा तीन दर्जन कविताहरू 'अन्तरङ्गका तरङ्गमा' छचल्काएका छन्। नेपाली प्रवृति, स्वदेशको माया, मानवीय चरित्र, नैतिक चेतन जस्ता कुराहरूमा आफ्ना काव्यिक अभिव्यक्तिहरू खर्चिएका छन्। जन्मिएपछि मर्नु त छ नै बाँचुन्जेल पौरख गर्न, देशका निम्ति योगदान दिन र सार्थक जीवन जिउन

सबैलाई आग्रह गर्दछन् (मधुपर्क, वर्ष ४०, अङ्क ११, पूर्णाङ्क ४६६, चैत्र २०६४ : २२) ।

घ) अज्ञात युवक जगन्नाथ रेग्मीको 'चारुचित्रमा' कविता भित्रको जीवन्तता आध्यात्मिक चिन्तनले पाठकलाई प्रकृतिवर्णन देखि देशको यथार्थ जीवनसँग फूलको सुवासको सम्बन्ध नयाँ नेपालको चित्रण कविले लेखनाथको सम्झनाका साथै महावीर पुनका प्रगतिका झिल्काहरू अझ साहित्यमा समाज प्रतिविम्बित हुन्छ भन्दै नैतिकता नेपाली र नेपालको महिमा सांस्कृतिक वैभव र प्राकृतिक सौन्दर्यको अनुपम वर्णन गर्दछन् (गरिमा, वर्ष २९, अङ्क ४, पूर्णाङ्क ३४०, चैत २०६७ : १२०-ख) ।

ङ) राष्ट्रकवि माधव घिमिरेले 'चारुचित्र' कविता सङ्ग्रहको भूमिका खण्डमा 'फुलूँ फुलूँ लाग्दछ फूलजस्तै' भन्ने शीर्षक दिएर कवि रेग्मीले वाचन गरेका मानवीय संवेदनालाई छुने श्रुतिमधुर रचनाहरूले नयाँ देशभक्तिको भाव जुर्मुराइरहन्छ । सुललित शब्द चयन र सन्तुलित लय प्रवाह बग्ने उहाँका कविताहरूमा सरल, सरस मार्मिक छन् । पर्वत, हिमाल र प्रकृतिका मनमोहक दृश्य मातृभूमिप्रतिको अगाध आस्था जीवनजगतका विश्रृङ्खलित पक्षप्रतिको व्यङ्ग्य एवम् समसामयिक विषयवस्तुप्रति रुचि राख्दछन् (चारुचित्र भूमिका खण्ड) ।

च) वेणीमाधव ढकाल "चारुचित्र" कवितामा 'अमन्द आनन्दको अनुभूति' शीर्षक दिएर भन्छन् प्राचीनता र आधुनिकताको दोसाँधमा उभिएर समृद्ध स्वाभिमानले परिपूर्ण आदर्श राष्ट्रको निर्माण अभिनव दर्पण हो । भस्मासुरहरूको विगविगी भएको अवस्थामा नेपाली संस्कृति र नेपाली राष्ट्रवादको यहाँ रेग्मीजस्तै सयौँ कवि जन्मनुपर्दछ र लाखौँ पाठकहरूले प्रेरणा प्राप्त गरी देशनिर्माणमा अग्रसर हुनुपर्दछ ( चारुचित्र भूमिका खण्ड) ।

छ) मोदनाथ प्रश्रितले "धवलागिरि" खण्डकाव्यको भूमिका खण्डमा 'जनमनमा चम्कोस् धवलागिरि' नामक शीर्षकमा काव्यका स्रष्टा जगन्नाथ रेग्मीको प्रखरकाव्य प्रतिभा, उत्कृष्ट चिन्तन पौराणिक र ऐतिहासिक ज्ञान, भाषिक उत्कर्ष, पर्यावरणीय चेतना, सामाजिक, सांस्कृतिक समन्वय आदि कुराले काव्य निकै गहन र उत्कृष्ट बन्न पुगेको छ । यस काव्यमा कवि रेग्मीले प्रस्तुत गरेका श्लोकहरू सूक्तिमय बनेका छन् । तीनले नेपाली जनप्रति गहिरो प्रभाव पार्ने छन् भन्नेमा कुनै शंका छैन भनी प्रस्तुत गरेका छन् (धवलागिरि खण्डकाव्य भूमिका खण्ड) ।

ज) सूर्य खड्का विखर्चीले “आदर्श समाज राष्ट्रिय दैनिक” पत्रिकामा कवि जगन्नाथरेग्मीको ‘धवलागिरि’ काव्य रसको मधुमाधुरी भन्ने शीर्षकमा कविले आफू जन्मेको माटोको महिमा गाउँदै त्यस क्षेत्रको विकासको मूल फुटाएर त्यहाँ उत्पादित वस्तु तराई सम्म पुऱ्याउने प्रण गर्दै नेपाललाई वैभवशाली राष्ट्र बनाउने चाहना राख्दछन् ।उनका कविताका केही पङ्क्तिहरू:

*अर्काको मुखताकेर नबसौँ कहिल्यै पनि ।*

*विकासोन्मुख यो देश बनोस् दौलतले धनी ॥*(जगन्नाथ पृ. ७६)

यसरी विभिन्न विद्वान्हरूले गरेका टिका टिप्पणीहरूलाई हेर्दा यसमा गर्न पर्ने काव्यका विशद् चर्चाहरू हुन बाँकी नै रहेकाले रेग्मीका काव्यहरूको खोजी चर्चा आवश्यक देखिएकाले अध्ययन गरिएको हो (आदर्श समाज राष्ट्रिय दैनिक २०७२ मंसिर ५), (वर्ष २०, अङ्क २१३, पृ. २) ।

## १.६ शोधकार्यको औचित्य

नेपाली साहित्यको कविता विधामा कलम चलाएका कवि जगन्नाथ रेग्मीले फुटकर र खण्डकाव्यात्मक स्तरका काव्यकृति प्रकाशन गरेका छन् । उनले आफना काव्यकृतिमा शास्त्रीय छन्दको प्रयोग गरेका छन् । सरल, सरस र तत्सम शब्दको मिठासयुक्त छनोटद्वारा नेपाल र नेपालीका साथै प्रकृतिप्रति अगाधप्रेम समाज र संस्कृतिप्रति सजग राख्ने कविका कृतिहरु साँच्चीकै राष्ट्रिय भावनाले भरिएका देखिन्छन् । आज सम्म ती काव्यकृतिहरुको अध्ययन विश्लेषण नभएको हुँदा ती काव्य कृतिहरुको शोधकार्य गर्न औचित्यपूर्ण देखापर्दछन् ।

## १.७ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा कवि जगन्नाथ रेग्मीका काव्यकारिताका बारेमा अध्ययन र विश्लेषण गर्ने सीमा निर्धारण गरिएको छ । काव्य तत्त्वका आधारमा काव्यहरूको अध्ययन गरिनुका साथै काव्ययात्राको, विश्लेषण काव्य प्रवृत्तिहरूको निरूपण शोधकार्यमा गरिएको छ । काव्यभित्र अन्तर्निहित समाज संस्कृति शास्त्रगत व्युत्पत्ति एवम् अन्य वैशिष्ट्यहरुको निरुपण गरिएको छैन ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा पुस्तकालयीय विधिलाई मूल आधार मानेर सङ्कलन गरी यसका साथै जगन्नाथ रेग्मीसँगको छलफल र संवाद आदिबाट आधार बनाइएको छ ।मूल आधार पुस्तकालयीय विधि बनाएर यथातथ्य विश्लेषण गरी रेग्मीका कविता काव्यहरूको शोध निष्कर्ष निकालिएको छ ।

## १.९ शोधविधि

आगमनात्मक तथा निगमनात्मक शोध विधिहरूको प्रयोग गरी यो अध्ययन गरिएको छ। यस अध्ययनका क्रममा स्रष्टा रेग्मीसँग र केही अन्य विद्वान्हरूसँग लिइएको अन्तर्वार्तालाई पनि आधार बनाई निर्धारित कविता काव्यको विश्लेषणका साथै काव्यहरूको विशेषत अनुसन्धान र प्रकाश गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि जम्मा ५ परिच्छेदमा विभाजन गरिएको छ। आवश्यकताअनुसार ती परिच्छेदहरूलाई विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ।

क) परिच्छेद एक : शोध परिचय

ख) परिच्छेद दुई : कवि जगन्नाथ रेग्मीको सङ्क्षिप्त परिचय

ग) परिच्छेद तीन : कविता काव्यको सैद्धान्तिक परिचय

घ) परिच्छेद चार : जगन्नाथ रेग्मीको काव्यकारिताको अध्ययन/विश्लेषण

ङ) परिच्छेद पाँच : उपसंहार

# परिच्छेद दुई
# कवि जगन्नाथ रेग्मीको सङ्क्षिप्त परिचय

## २.१ परिचय

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण अनेकतामा एकताको धरातलमा उभिएको देश हो । यहाँ अनेक वर्ण, जातजाति भाषाभाषी, रहनसहन, रीतिरिवाज, चाडपर्व, धर्म संस्कृतिका मानिसहरू बसोबास गर्दछन् । मित्रवत्रूपमा बसोबास गर्दै आएका नेपालीहरू हिमाल, पहाड, तराई आदि क्षेत्रमा आ-आफ्नै शैलीमा आफ्नो राष्ट्र, राष्ट्रियता, भाषा, संस्कृति, कला तथा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने साधकहरूले जन्म लिएका छन् । यही तपोभूमिमा आफ्ना त्यागमय साधनाद्वारा बुद्ध, भृकुटी, सीता आदिले नेपाललाई परिचित गराउने कार्य गरेका छन् । हाम्रो देशमा अनेकौं वीर योद्धाहरूका साथै नेपाली र नेपालको गरिमालाई उच्च राख्ने स्रष्टाहरू पनि यहाँ ओझेलमा परेका छन् । तिनै स्रष्टाहरू मध्ये नेपाली साहित्यको फाँटमा, विशेष गरी कविता विधामा कलम चलाएका  एकजना कवि जगन्नाथ रेग्मी हुन् ।

### २.१.१ जन्म र जन्मस्थान

कवि जगन्नाथ रेग्मीको जन्म वि.सं. २०३५ साल वैशाख १० गते धवलागिरि अञ्चल पर्वत जिल्ला लेकफाँट-२, मल्लाजमा पिता लिलाधर रेग्मी र माता सरस्वती रेग्मीका कोखबाट जन्म भएको हो ।

### २.१.२ शिक्षा/ पढ्ने प्रेरणा

युवाकवि जगन्नाथ रेग्मीका बुबा लिलाधर रेग्मीले "आफूले पढ्न पाइएन छोराहरूले पढेर पण्डित बनेको देख्न पाए हुन्थ्यो । तीनजना छोराहरूमध्ये एक जनाले भएपनि गायत्रीमन्त्र शुद्ध जपे हुन्थ्यो" भन्ने वाक्यले छोराको मनमा ती शब्दहरूले एउटा गहिरो छाप पर्न गएको कारण, उहाँकै जोडबलले गुरुकुलमा पढ्ने प्रेरणा मिलेको हो भन्ने बुझिन्छ । आमा सरस्वती र मावली हजुरबुबा देवी प्रसाद सुवेदी मल्लाजका रेग्मी वंशकै विद्वान् पुरुष, पं. डिलनाथ रेग्मीको विशेष सहयोग आशीर्वाद एवम् हौसलाबाट यस क्षेत्रमा लागेको र गुरुकुलकै वातावरणमा स्वामी श्रीधराचार्य, कमलनयनाचार्य तथा गुरु पुरुषोत्तम

ढकालका जीवनचर्याबाट प्रभाव र प्रेरणा मिलेको बुझिन्छ। अयोध्याको बसाइको क्रममा प्रसिद्ध प्रवक्ता स्वामी राममिलनदास (रामायणी) रामवल्लभ दास (वेदान्ती) एवम् विद्वान्, वैयाकरणविद् गुरु गोविन्दाचार्य (गोविन्दप्रसाद सापकोटा) का विद्वता र वाक् शैलीबाट निकै प्रभावित भएको बुझिन्छ। नेपालका विशिष्ट विद्वान् तथा इतिहासविद् योगी नरहरिनाथ र डा. स्वामी प्रपन्नचार्यका सत्सान्निध्यले अझ जीवनमा केही विशिष्ट कार्य गर्नै पर्छ भन्ने भावजागृत भएको बुझिन्छ। यसरी जगन्नाथ रेग्मीलाई चिनाउने क्रममा मुख्यतया विभिन्न व्यक्तित्वका रूपमा अझ प्रष्ट पार्न सकिन्छ।

### २.१.३ पेसा

कवि रेग्मी विगत २०५७ सालदेखि निरन्तर प्राध्यापनरत छन्। जनकहजारी विद्यापीठ जनकपुरमा करिब ३ वर्ष कार्य गरी हाल श्री विन्दुवासिनी संस्कृत विद्यापीठ, पोखरामा निरन्तर कार्यरत छन्। त्यसैगरी संस्थागत विद्यालय तर्फ गोर्खा बोर्डिङ् स्कुल र न्यू मोडल उ.मा.वि., पोखरामा समेत अध्यापन गरेको बुझिन्छ ।

### २.१.४. पुरस्कार एवं सम्मान

कवि जगन्नाथ रेग्मी विद्‌यार्थी काल देखिनै विभिन्न पुरस्कार एवं सम्मानद्वारा विभूषित बन्न पुगेको देखिन्छ।उनले पाएका पुरस्कार एवं सम्मानलाई निम्मानुसार देखाइएको छ।

महेन्द्र विद्याभूषण ख(ने.सं.वि.) अम्बिकालोक पुरस्कार(२०५५)

महेन्द्र विद्याभूषण ग(ने.सं.वि.) चेतनाथ साहित्य पुरस्कार(२०५७)

महर्षि काश्यप पदक(ने.सं.वि.) अम्बिकालोक पुरस्कार(२०५७)

ब्रह्मर्षि वशिष्ठ पदक (ने.सं.वि.) गिताञ्जली साहित्य सदन पुरस्कार(२०७३)

कुलपति पदक (ने.सं.वि.)

उपकुलपति पदक

लीलाबल्लभ पन्त पदक

विद्यावारिधि(पी.एच.डी) अनुसन्धानका लागि विश्वविद्यालय अनुदान आयोगबाट विद्वत्वृत्ति प्राप्त

### २.१.५ व्यक्तित्व

शारीरिक सङ्गठन मझौला कद र गोरो वर्ण भएका जगन्नाथ रेग्मी सुगठित शरीर भएका देखिन्छन् । तथा आन्तरिक स्वभाव पनि नम्र, मीठो बोल्ने र असल चरित्रका कवि जगन्नाथ रेग्मीको व्यक्तित्वलाई अझ प्रष्ट पार्न खोजिएको छ । तद् अन्तर्गत निम्नानुसारका व्यक्तित्वहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

#### २.१.५.१.साहित्यिक व्यक्तित्व

विशेषतः साहित्यका विभिन्न विधामा कलम चलाए तापनि उनी खासमा कवि हुन् । विभिन्न पत्र पत्रिकामा फुटकर कविता छपाएका उनले 'अन्तरङ्गका तरङ्गहरू' (२०६४), 'चारुचित्र' (२०६७) कविता सङ्ग्रह, 'धवलागिरि' खण्डकाव्य (२०७०) रचना गरी प्रकाशनमा ल्याएका छन् भने प्रकाशोन्मुख कृतिमध्ये 'कालञ्जरको पौराणिक उत्खनन', 'काव्यसूक्ति सुधा तथा फुटकर कविताहरू पर्दछन् ।

#### २.१.५.२समालोचकीय व्यक्तित्व

विभिन्न विद्वान्का कविता तथा खण्डकाव्यको समीक्षा गरेका लेखहरू विभिन्न पत्र-पत्रिकामा पाइन्छन् जस्तै :'काव्यतत्वदृष्ट्याजगदम्बिकाबैभवस्य पर्यालोचनम्' (अवधारणा : ९१) । त्यसैगरी ऋतम्भरा, प्राज्ञसुरभि, विश्वम्भरा, अवधारणा, कालञ्जर आदि अनुसन्धानात्मक लेखहरूले पनि समालोचकीय व्यक्तित्वलाई प्रतिनिधित्व गरेका छन् ।

#### २.१.५.३. सम्पादकीय व्यक्तित्व

कविजगन्नाथ रेग्मीको सम्पादकीय व्यक्तित्व पनि तन्दुरुस्त देखिन्छ। अरुणोदय साहित्यिक (त्रैमासिक) पत्रिका (२०५६) का प्रधान सम्पादक, निशान्त अनुसन्धानात्मक पत्रिका (२०५८) का सम्पादक, अवधारणा अनुसन्धानात्मक पत्रिका (२०६७), प्राज्ञसुरभि अनुसन्धानात्मक पत्रिका, स्वामी श्री श्रीधराचार्य स्मृतिग्रन्थ (२०७१) र विचार प्रवाह (२०७३) आदि मुखपत्र तथा अनुसन्धानात्मक पत्रिकामा उनले सम्पादकीय कलालाई प्रदर्शन गरेको पाइन्छ ।

### २.१.५.४.अन्वेषक व्यक्तित्व

संस्कृत साहित्यका विद्वान् मानिने रेग्मीको 'नेपाल साम्राज्योदय महाकाव्यस्य साहित्यिकमनुशीलनम्' शीर्षकमा विद्यावारिधि अनुसन्धान तथा विभिन्न पत्रिकाहरूमा लेखिएका खोजपूर्ण लेखहरूका आधारमा उनलाई अन्वेषकीय व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

### २.१.५.५कथा वाचकीय व्यक्तित्व

पश्चिमाञ्चल क्षेत्रका विभिन्न स्थानमा श्रीमद्भागवत महापुराण, देवीभागवत, शिव महापुराण, गणेश पुराण, मत्स्यपुराण जस्ता पुराणहरूको मूल प्रवक्ता भई भक्तजन एवम् श्रोतागणलाई भक्तिरसमा चुर्लुम्म डुबाउन सक्ने रेग्मीको पुराण एवम् कथावाचकीय व्यक्तित्व पनि उल्लेख्य रूपमा भेटिन्छ ।

### २.५.५.६सामाजिक व्यक्तित्व

रेग्मीको सामाजिक व्यक्तित्वलाई नियाल्दा 'मल्लाज कालञ्जर सेवा समाज' पोखरा कास्कीको संस्थापक सल्लाहकार भई यस संस्थाका तर्फबाट गरिने सामाजिक कामको संयोजक भई सेवामूलक कार्यमा खटिएको आधारमा सामाजिक व्यक्तित्व झल्किन्छ । यसका साथै 'शुभकामना वचत तथा ऋण सहकारी संस्था' को शिक्षा उपसमितिको संयोजक रही यस समितिबाट रक्तदान एवम् वृद्धाश्रमलाई राहत वितरण आदि कार्यद्वारा सेवा र सद्भावको विकासलाई प्राथमिकता दिएका कारण उनलाई सामाजिक व्यक्तित्वका रूपमा हेर्न सकिन्छ ।

### २.५.५.७ प्राज्ञिक व्यक्तित्व

कवि जगन्नाथलाई अन्य व्यक्तित्व सँगसँगै प्राज्ञिक गतिविधिका आधारमा प्राज्ञिक व्यक्तित्वका रूपमा हेर्न सकिन्छ । सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठानको संस्थापक सदस्य तथा वर्तमान कार्यसमितिको अध्यक्षका हैसियतले प्रत्येक महिना भाषा, साहित्य, इतिहास, दर्शन, कला जस्ता विषयमा प्रस्तुत कार्यपत्रमाथि छलफल, चर्चा- परिचर्चा आदि गरेको पाइन्छ । यस आधारमा उनलाई प्राज्ञिक व्यक्तित्वमा स्वतः देख्न सकिन्छ ।

यसरी रेग्मीका सामाजिक, साहित्यिक, समालोचकीय प्राज्ञिक, अनुसन्धानात्मक अन्वेषात्मक, प्राध्यापकीय एवम् पाण्डित्य प्रदर्शनका अनेक क्षेत्रमा निहित व्यक्तित्वका आधारमा बहुमुखी प्रतिभाका उदाहरणका रूपमा उनलाई लिन सकिन्छ ।

## २.२ कवि जगन्नाथ रेग्मीका काव्ययात्राका चरणहरू

कवि जगन्नाथ रेग्मीका काव्ययात्राका चरणहरूलाई मुख्यतया तीन चरणमा विभाजन गरिएको छ ।

### २.२.१. आभ्यासिक चरण (२०४८ देखि २०६३ सम्म)

कवि रेग्मी आफूले विद्यालय तथा विश्वविद्यालयमा अध्ययन गर्ने क्रममा रचना गरी वाचन गरेका फुटकर अप्रकाशित कविताहरू जस्तै : 'मेरो मेरो गाउँ', 'हजुरबुबा' एवम् पछिल्लो चरणमा प्रकाशित कविता 'जल्जला लेक मेरो' तथा विभिन्न प्रतियोगितामा पुरस्कृत कविताहरू आभ्यासिक चरणका कविता हुन् ।

### २.२.२ कवित्व विस्तारको चरण (२०६४-२०७०)

यस चरणमा कवि रेग्मीको 'अन्तरङ्गका तरङ्गहरू' कविता सङ्ग्रहलाई लेखनाथ साहित्य वाङ्मय प्रतिष्ठानले प्रकाशन गरी २०६४ सालमा पाठकसमक्ष ल्याएको पाइन्छ त्यसैगरी दोस्रो कविता सङ्ग्रहका रूपमा 'अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान कास्कीद्वारा 'चारुचित्र' (२०६७) को प्रकाशनका साथै २०७० मा 'धवलागिरि' खण्डकाव्यको कृति 'सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान पोखरा' ले प्रकाशित गरेको छ ।

### २.२.३. परिष्कारको चरण (२०७१- हालसम्म)

यस चरणमा कविले आफ्नो कवित्वमा निखार ल्याउने प्रयत्न गर्दै गर्दा विभिन्न फुटकर कविता मुक्तक एवम् खण्डकाव्यको लेखनलाई निरन्तरता दिएका छन् । जसमध्ये उनका प्रकाशोन्मुख कृतिहरू 'कालञ्जरको पौराणिक उत्खनन' तथा 'काव्य सूक्ति सुधा' आदि देखिन्छन् ।

# परिच्छेदतीन

# कविताको सैद्धान्तिक परिचय

## ३.१ कविताको परिचय

कविता विश्वसाहित्यमै सबभन्दा पुरानो विधा हो। यसको विश्वसाहित्यमा आफ्नै किसिमको महत्त्व रहेको छ। कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा ढालेर प्रस्तुत गरिएको पद्यात्मक वा गद्यात्मक साहित्यिक कृति वा रचना, काव्य, कविको भाव वा कविकर्म (त्रिपाठी र अन्य, २०६० : २०३) लाई पनि कविता भनिन्छ। कविताको उत्पत्तिबारे खोज अनुसन्धान गर्ने क्रममा लेख्य रूपभन्दा अगाडि कथ्य रूप प्रचलन सामान्यतः बुझ्न सकिन्छ। ती भनेका लोकगीत र लोकगाथा हुन्। नेपाली साहित्यका सन्दर्भमा हेर्दा युग जीवनको सापेक्षतामा निरन्तर गतिशील र परिवर्तनशील बन्दै आइरहेको छ। व्यापक अर्थमा सबै प्रकारका पद्यात्मक वा गद्यात्मक रचना र सामान्यत छन्द गीत वा मुक्तकका विभिन्न प्रकारका कुनै एक विषयमा रचिएका वा भावनाका फुटकर पद्यात्मक वा गद्यात्मक लययुक्त रचना (त्रिपाठी र अन्य, २०६० : २०३) लाई पनि कविता भनिन्छ। नेपाली साहित्य सन्दर्भमा हेर्दा समयको गतिसँगै पृथ्वी नारायण शाहको पालादेखि लेख्य कविताको परम्परा सुरु भयो।यस समयमा वीर भावनाले भरिपूर्ण भएका कविताहरू रचिन्थे।नेपाली काव्यको इतिहास पल्टाउँदा नेपाली कविताको सुरुवात वीरधाराबाट भएको छ। यसबेलाका स्रष्टाहरूमा सुवानन्द दास, शक्तिवल्लभ, उदयानन्द, सुन्दरानन्द वाँडा, राधावल्लभ, रामभद्र पाध्या र गुमानी पन्त हुन्।

पूर्वीय संस्कृत साहित्य परम्परा भरत मुनिदेखि जगन्नाथसम्म सुदीर्घ काव्यशास्त्रीय परम्परा देखिन्छ। प्राचीन समयमा पूर्वीय साहित्यशास्त्रमा काव्य र साहित्यलाई काव्य शब्दले दुवैलाई चिनाउने काम गर्दथ्यो। काव्य र साहित्य अलग-अलग पक्ष भएर पनि समग्र साहित्यलाई चिनाउन विभिन्न आचार्यहरूले काव्य शब्दको प्रयोग गर्दथे। शाब्दिक रूपमा काव्य भनेको कविले रचना गरेको सिर्जना हो।पूर्व (ऋग्वेद)मा कवि शब्दलाई ब्रह्माका रूपमा लिइन्थ्यो। त्यसैले केही समय कविलाई सृष्टिकर्ताका रूपमा पनि स्वीकार गरिएको पाइन्छ। पछिसम्म पनि कविलाई संसारका स्रष्टाका रूपमा लिने परम्परा रह्यो।कल्पना र भावनाका सहाराले विश्व ब्रह्माण्डभरि गाउन सक्ने सामर्थ्य कविमा हुने भएकाले कविलाई विशिष्ट अन्तर्दृष्टि सामर्थ्य भएको सर्जकका रूपमा पनि लिने गरिन्छ। पूर्वमा केवल

कविताको रचना गर्नेलाई मात्र नगरेर साहित्यकार सबैलाई कवि शब्दले चिनाउँदै आएको पाइन्छ। तसर्थ पूर्वीय सन्दर्भमा काव्य शब्द साहित्यको पर्यायवाची शब्द नै हो (ओझा र गिरी, २०५८ : २७३)। पौरस्त्य साहित्यमा काव्य परम्पराको थालनी मूलतः भरत मुनिदेखि जगन्नाथसम्म कायम रहेको देखिन्छ।

पूर्वमा काव्यको आदि विन्दु भरत मुनि भेटिएझैँ पश्चिममा होमर भेटिन्छन्। यिनको समयमा सभ्यता र संस्कृतिको विकासका दृष्टिले निकै उर्वर देखिन्छ। पश्चिममा पनि पूर्वमाझैँ काव्यपरम्पराको निकै लामो यात्रा देखापर्दछ। पाश्चात्य जगतमा कविलाई 'पोयट' र कवितालाई 'पोयम' भन्ने गरिएको पाइन्छ। पश्चिमी जगतमा आदिकवि होमर, प्लेटो आदिले कविता लेखे तर कविताका बारेमा खासै उल्लेख गरेनन्। काव्यले आह्लाद वा आनन्द दिनुपर्दछ। यस्तो आह्लाद काव्यात्मक जादुले दिन्छ (सुवेदी, २०३० : २) भनेर उनले काव्यको उद्देश्यतर्फ सङ्केत गरेका छन्। यसबाहेक उनको अलग परिभाषा पाइँदैन।कवि स्रष्टा र द्रष्टा दुवै हुन्। त्यसैले उसले लेखका कविताभित्रै कवि धर्म बारेमा केही कुरा बोलेकै हुन्छ। तसर्थ सिर्जनाकार नै समालोचनाको बीजविन्दु हो। अतः एव होमरबाटै पश्चिममा कविता सम्बन्धी चर्चा उठेको हुनपर्छ। तापनि सैद्धान्तिक आधार भने अरस्तुबाट सुरु भएको पाइन्छ। होमरपछि सुकरात, प्लेटो आदि साहित्य सम्बन्धी चर्चा गरेका छन् तापनि सुकरातले स्पष्ट रूपमा कविताको उल्लेख गरेका छैनन्। प्लेटोले आदर्श राज्यको कल्पनाका क्रममा मात्र साहित्य र खासगरी कविताको बारेमा चर्चा गरेका छन्। प्लेटो दृश्य सत्य नभएर विचार सत्य हो भन्छन्। विचारको प्रथम अनुकरण जगत हो, अनुकृत जगतको अनुकरण साहित्य हो।त्यसैले कला वा साहित्य अनुकरणको पनि अनुकरण भएकाले साहित्य सत्यभन्दा दुई गुणा टाढा हुन्छ। प्लेटो भन्छन् विचारको अनुकरण जगत् र जगत्को अनुकरण साहित्य भएकाले यो असत् साहित्य हो भन्दै सत् साहित्य लेख्न जगत ( मिथ्या) लाई नाघेर विचारसम्म पुग्नुपर्छ। यसरी प्लेटो स्वस्थ काव्यको पक्षमा उभिएका छन्। प्लेटो भन्छन् - काव्यले मानिसका उच्च आदर्शहरूलाई परिपोषण गर्नुपर्छ (सुवेदी, २०३० : २)।

अरस्तु साहित्यलाई कला ठान्छन्। उनी प्रकृतिको अनुकरण नै कला हो भन्दछन्। पश्चिमा जगतमा काव्यशब्द साहित्यलाई स्पष्ट्याउने विद्वान्हरूमा होमर, सुकरात, प्लेटो, अरस्तु, हर्डसन्, वेकन, वर्डस्वर्थ, शेली, टी.एस. इलियट, दाँते आदि महत्त्वपूर्ण स्रष्टाहरू देखापर्दछन्। विश्वसाहित्यमै उर्वरभूमि प्राप्त गरी मौलाएको विधा कविता

हो ।कवितासंक्षिप्तमै पूर्णताको अनुभूति दिलाउन सक्षम विधा हो । कवितामा प्रयोग भएका शब्द र तिनले दिने अर्थले विशेष महत्त्व राख्दछन् । कवितामा प्रयोग भएका शब्द मिठासपूर्ण आलङ्कारिक पदावली हुन् भने तिनले दिने अर्थ गहन र सूक्ष्म अनुभूति बोकेका मिठासपूर्ण आलङ्कारिक पदावलीहरू नै काव्यका सर्वस्व हुन् । तसर्थ लोकव्यवहारदेखि मानवहृदयसम्मका अनुभूतिलाई आकर्षक रूपमा व्यक्त गर्ने खास संरचनामा बाँधिएको गद्य वा पद्य नै काव्य हो ।

### ३.१.१ कविताको परिभाषा

संस्कृतको 'कव् वर्णने' धातुमा **'इ'** प्रत्यय भई बनेको कवि शब्दमा भाववाचक 'ता' प्रत्यय लागेर बनेको 'कविता' शब्दले वर्णन गर्ने कार्यमा कुशल व्यक्तिलाई कवि र त्यस्तो कविको भाव वा कर्मलाई कविता भनेको पाइन्छ ।

कविता कविको सुन्दर रचना हो । कवितालाई नेपाली साहित्य, संस्कृत साहित्य र पाश्चात्य साहित्यमा आ-आफ्नै तवरबाट परिभाषित गरेको पाइन्छ । संस्कृत काव्य परम्परामा भरतमुनिदेखि जगन्नाथसम्म, नेपाली काव्य परम्परामा सुवानन्द दासदेखि समसामयिक काव्यधाराका कविहरूसम्म र पाश्चात्य काव्य परम्परामा होमरदेखि नूतन पुस्ताका स्रष्टाहरूले आ-आफ्ना रचनाबाट पनि काव्य भनेको के हो ? भन्ने प्रश्नलाई प्रष्ट पार्ने काम गरेका छन् ।

#### ३.१.१.१ पूर्वीय साहित्यमा

संस्कृत साहित्यका प्रथम आचार्य भरतमुनि हुन् । यिनले सोझै काव्यको परिभाषा प्रस्तुत गरेका छैनन् । यिनको प्रमुख ग्रन्थ 'नाट्यशास्त्र' हो ।यसमा यिनले नाटक सम्बन्धी चर्चा गरेका छन् । नाट्यशास्त्रमा वस्तु, नेता र रसलाई नाटकका प्रमुख तीन तत्त्वका रूपमा स्वीकार गरिएको छ । नाटकका लागि अति आवश्यक मानिएको रस, काव्यका लागि पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ । यी विभिन्न विवेचनालाई आधार मान्दा लालित्यपूर्ण शैलीमा रचना गरिएको रसात्मक वाक्य काव्य हो भन्ने आशय भरतमुनिको रहेको पाइन्छ ( ओझा र गिरी, २०५८ : २७४) ।

काव्यलाई सर्वप्रथम परिभाषित गर्ने छैटौं शताब्दीका आचार्य भामह हुन् । यिनको प्रसिद्ध ग्रन्थको नाम 'काव्यालङ्कार' हो । भामह भन्छन् - 'शब्दार्थौ सहितौकाव्यम्' अर्थात्

शब्द र अर्थयुक्त रचनाकाव्य हो (पौडेल, २०५७ : २७) । यिनका अनुसार शब्द र अर्थले दिने चमत्कार नै काव्य हो भन्ने देखिन्छ ।यिनी कवितामा शब्द र अर्थको समान अस्तित्व देख्ने गर्दछन् ।

- भामहपछि संस्कृत साहित्यमा दण्डी देखा पर्दछन् । यिनको काव्य सम्बन्धी चर्चा गरिएको ग्रन्थ 'काव्यादर्श' हो ।दण्डीले आफ्नो लक्षणग्रन्थ काव्यादर्शमा 'शरीरं तावदिष्टार्थ व्यवच्छिन्ना पदावली' (दण्डी, २००१ : ९) भनेर काव्यलाई परिभाषित गरेका छन् ।यिनको भनाइको अर्थ अभीष्ट अर्थयुक्त पदावली काव्यको शरीर हो । यिनका अनुसार भावग्रहण गरेको पदावली नै काव्य हो ।यसरी यिनका परिभाषामा पनि शब्द र अर्थकै प्रधानता पाइन्छ ।
- यसपछिका आचार्य वामन हुन् । यिनले 'रीति' भन्ने शब्द प्रचलनमा ल्याउने काम गरेका हुन् । त्यसो त पूर्वीय साहित्यमा वामन रीतिवादकका प्रवर्तक मानिन्छन् । यिनले काव्यको आत्मा रीतिलाई मानेका छन् । आठौँ शताब्दीका अन्त्यतिरका आचार्य वामनले काव्यको परिभाषा दिँदै भनेका छन् - 'काव्यशब्दोऽयं गुणाऽलङ्कार संस्कृतयो शब्दार्थयोवर्तते' अर्थात् गुण र अलङ्कारले परिष्कृत शब्दार्थको सहभाव नै काव्य हो (वामन, २०१३ : ४) ।
- संस्कृत साहित्यमा रुद्रट 'ननु शब्दार्थौ काव्यम्' (रुद्रट, १९८९ : १७) भनी काव्यलाई परिभाषित गर्दछन् । काव्य परिभाषाका क्रममा यिनले भामहको अनुसरण गरेका छन् । यिनको परिभाषाको अर्थ निश्चित रूपमा शब्द र अर्थको सहभाव नै काव्य भन्ने बुझिन्छ । रुद्रट अलङ्कारवादी आचार्य हुन् । यिनको परिभाषा पनि भामहको धारणालाई अनुसरण गरेको बुझिन्छ ।
- आनन्दवर्धन : 'काव्यस्यात्मा ध्वनिः' (गुप्त, २०११ : ८) भन्दै काव्यको परिभाषाअनुसार शब्दार्थ काव्य या साहित्यको शरीर हो भने ध्वनि भनेको आत्मा हो । उनको मतमा ध्वनि भनेको व्यङ्ग्यार्थ हो । पूर्वीय साहित्यशास्त्रमा ध्वनिवादका संस्थापक आचार्य आनन्दवर्धन हुन् । यिनले काव्यको आत्मा ध्वनिलाई ठान्छन् ।
- राजशेखर 'शब्दार्थयो यथावत् सहभावेन विद्या साहित्य विद्या' अर्थात् शब्द र अर्थले सहभावपूर्ण भएको विद्या साहित्य विद्या हो (राजशेखर, २०१३ : १०-११) भन्ने काव्यको परिभाषा दिन्छन् । यस सन्दर्भलाई हेर्ने हो भने राजशेखरले काव्यको शरीर

र त्यसका अवयवहरूको पनि चर्चा गरेका छन् ।यिनले पनि रसलाई काव्यको आत्मा मानेका छन् ।

- एघारौँ शताब्दीको पूर्वार्धका आचार्य मानिने कुन्तक

  'शब्दार्थौ सहितौ वक्रकवि व्यापार शालिनी ।

  वन्धे व्यवस्थितौ काव्यं तद्विधा हल्लादकारिणी ॥ (कुन्तक, २०६८ : १७) भनेर काव्यलाई चिनाउँदै देखा पर्दछन् । यिनका अनुसार शब्दार्थको सहभाव नै काव्य हो तर ती शब्दार्थ परस्पर प्रतिस्पर्धी, वक्रोक्तिमय व्यापारयुक्त हुनुपर्दछ ।

- क्षेमेन्द्र काव्यको शरीरका बारेमा केही नभनी यसको आत्मा औचित्य हो भनेर यस पङ्क्तिमा भनेको पाइन्छ । 'औचित्य रस सिद्धस्य स्थिरं काव्यस्य जीवितम्' (क्षेमेन्द्र, २००७ : ५) । यिनले 'काव्यं विशिष्ट शब्दार्थसाहित्यं सदलङ्कृति' अर्थात् अलङ्कारयुक्त विशिष्ट शब्द र अर्थको सहभाव काव्य हो भन्छन् ।

- मम्मटले 'तददोषौ शब्दार्थौसगुणावनलङ्कृति पुनः क्वापि' भन्ने वाक्यमा काव्य दोषरहित, गुणयुक्त, कतै अलङ्कार नभए पनि, शब्द र अर्थयुक्त हुनुपर्छ भनेर काव्य परिभाषा गरेका छन् (मम्मट, १९९८ : १९) । यिनको परिभाषाको प्रभाव परवर्ती काव्यशास्त्रीहरूमा परेको छ ।त्यसैले यिनैको शैलीमा धेरैले काव्य परिभाषा प्रस्तुत गरेका छन् । जस्तै 'अदोषौ सगुणौ सालङ्कारौ च शब्दार्थौकाव्यम्' अर्थात् दोषरहित गुणयुक्त शब्दार्थ नै काव्य हो (हेमचन्द्र, २००१ : १९) ।

- 'निर्दोषा लक्षणवती सरीति गुणभूषणा ।

  सालङ्काररसानेकवृतिर्वाक् काव्यनामभाक् ॥' अर्थात दोषरहित, लक्षण रीति, गुण, अलङ्कार रस र अनेक वृत्तिले भरिएको वाक्य काव्य हो (जयदेव, १९५० : ८) ।

- 'गुणालङ्कार सहितौ शब्दार्थौ दोषवर्जितौ । अर्थात् दोषरहित गुण र अलङ्कारले युक्त शब्दार्थ काव्य हो - विद्यानाथ

- 'शब्दार्थौ निर्दोषा सगुणौ प्रायः सालङ्कारौ च काव्यम्' अर्थात् दोषमुक्त गुणयुक्त र प्राय अलङ्कार भएको पनि काव्य हो । - वाग्भट

माथि उल्लेख गरिएका पूर्वीय विद्वानहरूमध्ये हेमचन्द्र, विद्यानाथ, वाग्भटले मम्मटकै भनाइलाई शब्दान्तरबाट पुनरुक्ति गरेका छन् । पुनरुक्ति गर्ने क्रममा यिनीहरूले मम्मटको, अलङ्कार नभएको पनि काव्य हुन्छ भन्ने धारणालाई संशोधन गरेर अलङ्कारलाई सोभै

स्वीकृति प्रदान गरेका छन् । जयदेवले सो अवधारणालाई थप गरेर लक्षण, रीति, रस र वृत्ति राखी परिभाषा प्रस्तुत गरेका छन् (पौडेल, २०५७ : ३१-३२) ।

विश्वनाथले 'वाक्यं रसात्मकं काव्यम्' भनी रसलाई काव्यको आत्मा र 'शब्दार्थौ शरीरं' भनी शब्द र अर्थलाई काव्यको शरीर मानेका छन् (विश्वनाथ, २०५३ : २०)। जगन्नाथ ' रमणीयार्थ प्रतिपादक शब्द काव्यम्' अर्थात् रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो (जग्गनाथ, १९९७ : १०) भन्छन् यिनी सत्रौँ शताब्दीका आचार्य हुन्। यिनको प्रसिद्ध ग्रन्थ 'रसगङ्गाधर' हो। यिनी संस्कृत काव्य परम्परामा काव्यको परिभाषा गर्ने अन्तिम आचार्य हुन्। यसरी संस्कृत काव्य परम्परामा काव्यको परिभाषा गर्ने अन्तिम आचार्य हुन् । यसरी संस्कृत काव्य परम्परा भरत मुनि देखि जगन्नाथसम्म आइपुग्दा विभिन्न आचार्यहरूका अनेकौँ मत या परिभाषाहरू प्रस्तुत भएका छन्। तसर्थ पूर्वीय संस्कृत साहित्यमा कवितालाई चिनाउने क्रम भरत मुनिबाट सुरु भई जगन्नाथमा पुगेर टुङ्गिएको भेटिन्छ ।

### ३.१.१.२ नेपाली साहित्यमा

नेपाली साहित्य स्रष्टाहरूले कविताको परिभाषा दिने क्रममा आफ्ना अवधारणा व्यक्त गरेको पाइन्छ। विभिन्न विद्वान्हरूले आ-आफ्नै धारणाहरू अभिव्यक्त गरेका छन्। यस क्रममा पण्डितराज सोमनाथ सिग्देल काव्य शैलीमा लेखिएका ग्रन्थ वा मनमा निस्किएका भावलाई सुन्दर, सुचारु रोमाञ्चक भाषामा लेखिएको अभिव्यक्ति नै साहित्य हो (भट्टराई र भट्टराई, २०४६ : ज) भनेर कविताको आत्माको स्वच्छन्द उडान ठान्दै 'कवि बोलोस् जसरी चराहरू बोल्छन् न कि जसरी उस्ताद्हरू कसरत गर्दछन्, हृदयले हृदयलाई बोलाओस् कवितामा न कि आडम्बरलाई' (देवकोटा, २०४९ : २५-२६) भनेर लक्ष्मी निबन्ध सङ्ग्रहमा कविता सम्बन्धी आफ्ना धारणा व्यक्त गर्दछन्। बालकृष्ण समको विचारमा 'सार्थक शब्द नै ब्रह्म हो, ब्रह्मा जान्ने ब्राह्मण हो।सार्थक शब्दसमूह पत्र हो जुन पत्रमा लेखिन्छ, ती झाङ्गिएका पत्रमा पुष्प नै कविता हो, कविताको समूह काव्य हो' (पराजुली, २०५० : २८५)। लक्ष्मीप्रसाद देवकोटा पुन भन्छन् 'हृदय र मस्तिष्कको सन्तुलित विकासको पैदावारी गराउने चेष्टाद्वारा प्रकाशवान् व्यक्तित्वबाट प्रवाहित सिर्जनाका धारालाई हामी साहित्य भन्दछौँ (पराजुली, २०५० : २८५)।अर्का कवि सिद्धिचरण श्रेष्ठका शब्दमा- 'कविताले भावनाको बादलमा कल्पनाको मन्दिर बनाउँछ' (पराजुली, २०५० : २८५)। राष्ट्रकवि

माधवप्रसाद घिमिरेको कवितासम्बन्धी धारणा 'शब्द र सङ्गीत अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो' (पराजुली, २०५० : २८५) भन्ने छ। अर्का कवि हृदयसिंह प्रधान काव्यको परिभाषाका क्रममा यसरी आफ्नो धारणा अभिव्यक्ति गर्छन् - 'युगको क्षण र आकर्षण अर्थात् सौन्दर्यको कण मिसी तदाकार भएर सर्वपेक्षा मानवसमाजलाई कल्याणतिर उन्मुख गराउने प्रेरणाको स्रोत नै वास्तवमा काव्य वा कविता हो (पराजुली, २०५० : २८५) ।अर्का कवि सिद्धिचरण श्रेष्ठका शब्दमा - 'कविताले भावनाको बादलमा कल्पनाको मन्दिर बनाउँछ' (पराजुली, २०५० : २८५)। राष्ट्रकवि माधवप्रसाद घिमिरेको कविता सम्बन्धी धारणा - 'शब्द र संगीत अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो' (पराजुली, २०५० : २८५) भन्ने छ। अर्का कवि हृदयसिंह प्रधान काव्यको परिभाषाका क्रममा यसरी आफ्नो धारणा अभिव्यक्ति गर्छन् - 'युगको क्षण र आकर्षण अर्थात् सौन्दर्यको कण मिसी तदाकार भएर सर्वपेक्षा मानवसमाजलाई कल्याणतिर उन्मुख गराउने प्रेरणाको स्रोत नै वास्तवमा काव्य वा कविता हो (पराजुली, २०५० : २८५)। केदारमान व्यथित कविताको परिभाषाका क्रममा 'तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्डेर भावुकता चढेको नै कविता हो' (भट्टराई र भट्टराई, २०४६ : भ)। बालकृष्ण समले आफ्नै खण्डकाव्य 'आगो र पानी' को 'मेरो भन्नु' शीर्षकमा पनि कविताका बारेमा भनेका छन् उनी 'कविता भावनाको बौद्धिक कोमलता हो' (सम, २०५७, मेरो भन्नु) भन्दछन्।

यसरी विभिन्न नेपाली विद्वान्हरूले कविताका बारेमा आफ्ना धारणाहरू व्यक्त गरेका छन् ।कविता काव्यका विषयमा अन्य थुप्रै विद्वान्हरूका धारणा तथा विचारहरू पाइन्छन्। यी सबैबाट हृदयका सूक्ष्म र कोमल भावनाको मूर्त रूप काव्य हो भन्ने देखिन्छ। कुनै पनि काव्य युग जीवनभन्दा बाहिर गएर सिर्जित हुन सक्दैन। त्यसमा मानवीय जीवनका दुःख पीडा र वेदना पनि मनोरम भएर आउँछन्। कवितामा व्यक्त अनुभूतिले मानव हृदयलाई स्पर्श गर्छ। यस्ता काव्य पढ्दा पाठक त्यहाँका घटना र विषय आफैँमाथि परेजस्तो ठान्छन्। काव्यमा हुने जस्तो चरम उत्कर्ष संसारका कुनै पनि वस्तुमा हुँदैन ।समग्रमा भन्दा मानव संस्कृतिको महान् केन्द्रबिन्दु काव्य हो। हिजो कुनै समयमा लोकगीत र लोकगाथाबाट समुन्नत पथमा बामे सर्दै अगाडि बढ्दै आएको कविता आज भिन्नभिन्न प्रवृत्ति र विशेषताका साथ अघि बढिरहेको छ। यस्तो बेला कुनै व्यक्ति विशेषका परिभाषाले

कविताको सम्पूर्ण आयाम अँगाल्न सक्दैन । यद्यपि कविताको इतिहासमा अन्य विविध विद्वान्हरूको परिभाषाले आ-आफ्नै महत्त्व बोकेको छ ।

### ३.१.१.२ पश्चिमी विद्वान्

पाश्चात्य काव्य साहित्यको नाममा सबैभन्दा बढी पढिने साहित्य अंग्रेजी साहित्य हो । पश्चिममा होमरबाट कविता सम्बन्धी चर्चा गर्न थालिए पनि कविताको सैद्धान्तिक आधार भने अरस्तुबाट सुरु भएको पाइन्छ । होमरपछि सुकरात, प्लेटो आदिले साहित्य सम्बन्धी चर्चा गरेका छन् तापनि सुकरातले स्पष्ट रूपमा कविताको उल्लेख गरेका छैनन् । प्लेटोले आदर्श राज्यको कल्पनाका क्रममा मात्र साहित्य र विशेषगरी कविताका बारेमा चर्चा गरेका छन् । यिनी विचारको अनुकरण जगत् र जगत्को अनुकरण काव्य हुने भएकाले 'काव्य सत्यभन्दा दुई गुणा टाढा हुन्छ' (शर्मा, १९७७ : १५०) छ भनेर काव्यलाई सत्यभन्दा परको वस्तु मान्छन् । पश्चिमी साहित्यकार अरस्तु समग्र साहित्यलाई कला ठान्छन् र यसअन्तर्गत कविता पनि पर्ने गरी कविताको परिभाषा गर्दछन् । उनी 'कला प्रकृतिको अनुकरण हो' (शर्मा, १९७७ : ११) भन्छन् । यसरी प्लेटोको काव्यसम्बन्धी भनाइप्रति अरस्तु असहमत देखिन्छन् । अरस्तु जीवन जगतको अनुकरण नै कला हो भन्दछन् । होरेश साहित्यले मनुष्यलाई मनोरञ्जन र शिक्षा दुवै दिनुपर्दछ भन्ने ठान्दछन् ।लोन्जाइनस कलाका मानवीय अन्तरात्मालाई छोइहाल्ने उदात्त सामर्थ्य हुन्छ भन्ने ठान्दछन् । होरेश कलामा आलङ्कारिक बोझ हुनुहुँदैन, यसो भएमा कलाको प्राकृत सौन्दर्य नष्ट हुन्छ भन्ने ठान्छन् । दाँते - 'उच्च उदात्त कविताका निम्ति त्यस्तै भाषा आवश्यक छ तर उच्च भाषाको प्रयोगका निम्ति विषय पनि त्यत्तिकै छ कि छैन भन्ने विचार गर्नुपर्दछ (त्रिपाठी, २०५० : १४३) भन्छन् । महाकवि टासो 'कविता विशिष्ट तथ्यको क्षुद्र सत्य होइन बरु विश्वजनीन सत्य हो' (त्रिपाठी, २०५० : १५३) भन्छन् ।हेर्डरका मतमा 'कविता हृदयको अभिव्यञ्जना हो' (त्रिपाठी, २०५० : १९२) । कल्पना सिद्धान्तका प्रवर्तक सेमुअल टेलर कलरिज कवितालाई कविकै विशिष्ट अभिव्यक्ति स्वीकार्दै कवितालाई चिनाउन कविलाई नै चिनाउनु पर्ने धारणा व्यक्त गर्दछन् । उनका दृष्टिमा 'कविता के हो भन्ने प्रश्न कवि नै हो ? भन्नुसँग जोडिएको छ, किनभने कवि प्रतिभाबाटै निक्लने अभिव्यक्तिगत विशिष्टता नै कविता हो' (त्रिपाठी, २०५० : २०२) । सौन्दर्यशास्त्री क्रोचेका दृष्टिमा 'कला आत्माको व्यञ्जना हो' (ढकाल, २०५४ : ११) । यिनका अनुसार कला बौद्धिकताको उपज नभएर सहज ज्ञानको उपज

हो ।आत्मा वा अन्तर्मनको सहजानुभूति नै क्रोचेका दृष्टिमा अभिव्यञ्जना र कला हो । क्रोचेका भनाइमा मूलभूत कला हाम्रा निम्ति उपयोगिताहीन छ । क्रोचेका भनाइमा मूलभूत कला अखण्ड, अविभाज्य एवं स्वयंमा पूर्ण हुन्छ । सिग्मण्ड फ्रायड 'दमित कामवासनाको अभिव्यक्ति नै कला हो' (ढकाल, २०५४ : १२) भन्दछन् । टी.एस. इलियट कविता आवेगको पोखाइ होइन र व्यक्तित्वको अभिव्यञ्जना पनि होइन, बरु व्यक्तित्वबाट मुक्ति हो' (त्रिपाठी, २०५० : २८७) भन्दछन् । होमरबाट आरम्भ भई अरस्तुको काव्यशास्त्रमा आएर गति लिएको पाश्चात्य साहित्य चिन्तनको सुदीर्घ परम्पराले हालसम्म अनुकरण, विरेचन, मूल्यसिद्धान्त, सम्प्रेषण सिद्धान्त, कल्पना सिद्धान्त, कलावादी सौन्दर्य धारणा, स्वच्छन्दतावादी आत्मवादी तथा रहस्यमय चिन्तन, निर्वैयक्तिकताको सिद्धान्त, मानवीय संवेदनाको वस्तुगत समीकरण, सहजानुभूति र अभिव्यञ्जना मावनीय अवचेतन मनको स्वचालित लेखनजस्ता वैचारिक सङ्घर्ष र संक्रमणमा विभिन्न घुम्ती र मोडहरू पार गर्दै अनेकवाद र प्रणालीहरूमा फैलिन पुगेको देखिन्छ । यिनै विभिन्न वाद, सिद्धान्त र प्रणालीको सेरोफेरोबाट अगाडि बढिरहेको पाश्चात्य साहित्य चिन्तन नवअरिष्टोटलवाद शैली विज्ञान र संरचनावादी विचारजस्ता बीसौँ शताब्दीको उत्तरार्द्धको साहित्य सिद्धान्ततर्फको नव चासोसहित विभिन्न युग, चरण र धाराहरूमा परिवर्तित हुँदै आजको प्रयोगवाद र समसामयिक धारासम्म आइपुगेको देखिन्छ । नेपाली कवितातर्फ हेर्दा वीरधाराबाट उठेको काव्य भक्तिधारा शृङ्गारिक धारा, शास्त्रीयतावादी धारा, स्वच्छन्दतावादी धारा, स्वच्छन्दतावादी प्रगतिवादी धारा, प्रयोगवादी धारा हुँदै समसामयिक धारासम्म आइपुगेको छ ।

संस्कृत काव्यको प्रारम्भ पत्ता लगाउँदै आदि आचार्य भरत मुनिसम्म पुग्नुपर्दछ । यसको इतिहास जगन्नाथमा आएर टुङ्गिन्छ । यसबीचका अलङ्कार, रीति, वक्रोक्ति, रस, ध्वनि जस्ता सम्प्रदाय विकसित भएको पाइन्छ । अभिधा, लक्षण र व्यञ्जना शक्तिका माध्यमबाट काव्यमा सार खोजिनुका साथै लय र छन्दको समेत प्रयोग गरिने पूर्वीय काव्य जगत्मा पाइन्छ । पूर्वमा दोषका आधारमा काव्यको मूल्याङ्कन गरिने आफ्नै परम्परा छ ।

यसरी विश्वसाहित्यमै काव्य सम्पूर्ण काव्यकारिताको मनोरम इन्द्रेणी हो । यसमा सत्यम्, शिवम् र सुन्दरम् हुनु अनिवार्य छ । पौरस्त्य एवं पाश्चात्य दुवै काव्यले पाठकवर्गलाई अलौकिक आनन्द दिन्छन् । यो आनन्द काव्यमा पाइने जादुमय छटानै हो ।भावनाको डुङ्गा चढी कल्पनाको महलमा पुग्ने बाटो फरक हुन्छन् । कवितामा कतै यथास्थिति, कतै विद्रोह, कतै उपदेश, कतै मनोरञ्जन, व्यङ्ग्य, हाँस्य प्रकट भएको पाइन्छ ।

कवितामा विसङ्गति, विकृति, कुसंस्कारहरूलाई चिरफार गर्दै नयाँ सुन्दर समाजको निर्माण गर्ने एक औजार हो।नयाँ विश्वको सुन्दर परिकल्पना कविले रचना गरिने कविताभित्र समाहित हुन सक्दछ। त्यसलाई देख्न पाठकले ज्ञानको खुड्किलो भने चढ्नै पर्दछ। यसरी काव्यको अभीष्ट लोककल्याणमा रहेको हुन्छ।

यसरी कविता काव्यको सैद्धान्तिक पक्षलाई अझ बढी स्पष्ट पार्नका निमित्त यसलाई स्वरूप र तत्त्वका आधारमा विश्लेषण गर्ने काम यसप्रकार गरिएको छ।

## ३.२ कविताको विधागत स्वरूप तथा आयाम

कविताको स्वरूप पाठ्य र काव्य गरी दुई प्रकारका छन्। आयामका हिसाबले कवितालाई मुक्तक कविता, फुटकर कविता खण्डकाव्य वा लामा कविता महाकाव्य अन्तर्गत राखेर हेर्न सकिन्छ। कविताको लघुतम रूपमा कवितात्मकता ज्यादा हुन्छ भने मझौला हुँदै बृहत् कवितामा जाँदा कवितात्मकता क्रमशः कम र आख्यानात्मकता बढी हुँदै जान्छ।

कविताको आफ्नै कालिक वा स्थानीय आयामको बाह्य आन्तरिक ढाँचा वा रूप संरचना हुन्छ र यसका मुक्तकदेखि आर्ष वा विकासशील महाकाव्यसम्मका पहिला विभिन्न पाँच उपविधाका आफ्ना खास स्वरूप संरचना तथा कतिपय वैकल्पिक सम्भावनासमेत हुने गर्दछन् (त्रिपाठी र अन्य, २०५४ : २२)।कविता कृतिको विधागत आयाम श्रवण कला र पठन कलाको लम्बाइमा आधारित हुन्छ। यिनै लम्बाई, चौडाइ, गहिराइ र उचाइलाई आयाममा व्यक्त गरिएको मूल कथ्य वा भावलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गर्न सकेको खण्डमा नै कृतिको उचाइ बढ्ने गर्दछ। आयामका दृष्टिले कवितालाई मुख्यतया चार प्रकारले विभाजन गर्न सकिन्छ।

### क) लघुतम रूप

कविताको सबैभन्दा सानो रूप वा एकाइलाई लघुतम रूप कविता भनिन्छ। मुख्यतः मुक्तक, हाइकु आदि कविताका लघुतम रूपमा समावेश हुन्छन्। यो एक श्लोक वा एक अनुच्छेदमै पूर्ण हुन्छ। यस्तै स्तुति, सूक्ति वा शेरका सङ्क्षिप्त रूप पनि कवितामा लघुतम संरचनाभित्र पर्दछन्। आकारका दृष्टिले छोटो भए पनि यो स्वयंमा पूर्ण स्पष्ट र छरितो पनि हुन्छ।

### ख) लघुरूप

मुक्त शैलीका कविताभन्दा अलि विस्तृत किसिमको कवितात्मक एकाइ लघुकविता हो ।सामान्यतः फुटकर कवितालाई कविताको लघुरूप मानिन्छ ।यसमा कम्तिमा पनि दुई श्लोक हुनु आवश्यक छ । संरचनाका दृष्टिले छोटो आयाममै यसले पूर्णता पाउँछ भने कतै भावअनुसार आरम्भ, मध्य र अन्त्य अवस्थाको मसिनो सङ्केत पाउन सकिन्छ ।

**ग) मझौला रूप वा खण्डकाव्य**

आयामका दृष्टिले खण्डकाव्यलाई फुटकर कविताभन्दा लामो र महाकाव्यभन्दा छोटो रूपमा चिन्न सकिन्छ ।त्यसैले कविताको यो मध्यम वा मझौला रूप हो ।जीवनको एक खण्ड वा एक पक्षको चित्रण गरिएकोले यसलाई खण्डकाव्य भनिएको हो ।यसमा झिनो आख्यान हुन्छ । यसमा आख्यानलाई अनिवार्य तत्त्वका रूपमा लिइए पनि कहीँ कतै भाव वा विचारको श्रृङ्खला मात्र पनि देखिन्छ । जस्तै : 'ऋतु विचार', ' आगो र पानी', 'सूर्यदान', 'गङ्गाप्रवास' आदि ।

**घ) बृहत्रूप वा महाकाव्य**

कविताको सबैभन्दा लामो वा विस्तृत रूपलाई महाकाव्य भनिन्छ। महाकाव्यमा कविले आख्यानको अनिवार्य प्रयोग गर्नुपर्ने हुन्छ । यसमा जीवनको व्यापक वा समग्र पक्षको बयान गरिएको हुन्छ। यस क्रममा महाकाव्य अन्तर्गत सर्ग योजना अनिवार्य हुन्छ। कविताको बृहत्रूप वा महाकाव्य मान्न सकिने नेपाली भाषाका काव्यात्मक रचनाहरूमा 'शाकुन्तल', 'सुलोचना', 'चिसो चुल्हो' आदि पर्दछन् ।

## ३.३ कविताका तत्त्वहरू

कवितालाई पूर्ण रूपमा निर्माण गर्नका लागि यसका अवयवहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कवितालाई निर्माण गर्दा यसका अवयव संरचक घटकहरू (तत्वहरू, अवयव, अङ्गहरू, उपकरणहरू) भनिन्छ (लुइँटेल, २०६० : ७५) । अंग्रेजी शब्द 'इलेमेन्ट' को समानार्थी शब्द 'तत्व' लाई आजभोलि उपकरण शब्दले चिनाइन्छ । कविता निर्माणका क्रममा आवश्यक पर्ने सबै सामग्रीहरूलाई कविताका उपकरण भनिन्छ । 'उपकरण' शब्दका ठाउँमा 'तत्व' शब्दलाई प्रयोग गर्न पनि सकिन्छ ।

### ३.३.१ शीर्षक

कविताको शीर्षक भन्नाले त्यसको नामाकरण भन्ने बुझिन्छ । शीर्षकले नै कविताको केन्द्रीय कथ्यलाई प्रष्ट्याउन सक्नुपर्दछ । त्यसैकारण कविताका विभिन्न तत्त्वहरूमध्ये शीर्षक पनि एक महत्त्वपूर्ण तत्त्व हो । शीर्षक विशेषीकृत भएमा यसले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैलीले बहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई प्रष्टाउने नै गर्दछ । तर खास कोण नभएका सामान्यकृत शीर्षकमा त्यो सामर्थ्य हुँदैन । शीर्षक र केन्द्रीय कथ्यका बीच बाहिरी वा भित्री सङ्गति नै नहुनु चाहिँ विडम्बना नै हुन पुग्छ अनि त्यसबाट विरोधाभास र व्यङ्ग्य व्यक्ति पनि शीर्षकीय प्रत्याशा भने विफल नै रहन्छ (त्रिपाठी र अन्य, २०५४ : १७) ।कविताको शीर्षकले प्रायः गरेर प्रतीकात्मक रूपमा या बिम्बात्मक रूपमा समग्र कविताको विचार भावलाई सङ्केत गरिरहेको हुन्छ ।त्यसैले 'शीर्षक' कविताको महत्त्वपूर्ण तत्त्व हो ।

### ३.३.२ संरचना

संरचनालाई कविताको दोस्रो तत्त्वको रूपमा लिइन्छ ।आन्तरिक र बाह्य गरी कविताका संरचना दुई किसिमको हुन्छ । कविता कृतिको आन्तरिक संरचना भनेको त्यसको भाव अन्तर सङ्गीत र तीव्र संवेद्यताको सुन्दर निरूपण हो । कविता-कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्डसँगै थालिन्छ । कविताको आन्तरिक संरचना भन्नाले 'मुख्यतः केन्द्रीय कथ्य, भाव विचारको उठान, विकास र अन्तिम रागात्मक परिणतिको यात्रापथ ठहर्छ (त्रिपाठी र अन्य, २०५४ : १८) । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ र चरण वा पङ्क्ति विधान तथा पङ्क्ति पुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ ( त्रिपाठी र अन्य, २०५४ : १७-१८) । कविताका लघुतम रूपमा यो बाह्य संरचना स्वतः निर्मित हुने हुँदा यहाँ बाह्य संरचनाको सचेत आयोजना आवश्यक देखिँदैन, तर लघु वा मझौला कवितामा भने बाह्य संरचनाको सचेत आयोजनाको आवश्यकता देखिन्छ । अभिव्यक्तिमा सशक्तता र सजीवता प्रदान गर्न कवितामा बाह्य संरचनाका रूपमा शीर्षक, छन्द र लय, अनुप्रासयुक्त कोमल पदावली, बिम्ब, प्रतीक र विविध अलङ्कारहरूको औचित्यपूर्ण प्रयोग, भाषा र शैलीशिल्पको सुन्दर समायोजन आदि पक्षहरू समावेश भएका पाइन्छन् । कविताको बाह्य संरचनाले कवितालाई रागात्मक परिणतिमा पुऱ्याउँदछ ।

### ३.३.३ लय विधान

सङ्गीतमा स्वरको आरोह र अवरोहको विशेष तीन क्रम (विलम्वित, मध्य र लुप्त) (त्रिपाठी र अन्य, २०६० : ११०२) लाई लय भनिन्छ । लय कविताको एक महत्त्वपूर्ण तत्त्व हो । लयले कवितामा गेयात्मकता प्रदान गर्दछ । लय भनेको छन्द हो, यद्यपि मुक्त छन्दका पनि कविता हुन्छन् ।गद्य कवितामा पनि एक प्रकारको लयात्मकता हुन्छ ।लयका कारण कविता संगीतमय हुन्छ । त्यही संगीतमयताले पाठकको हृदय छुन्छ र कविता प्रभावकारी हुन्छ । यस तत्त्वले श्रोतागणलाई तत्कालै प्रभाव पार्न सक्दछ ।

'ली' धातुमा अच् प्रत्यय लागेर बनेको 'लय' शब्दले गहन एकाग्रता, तल्लीनता, तन्मयता, विलयन, संगीतमा स्वरको आरोह अवरोहको विशेषक्रम आदि अर्थको द्योतन गर्दछ (लुइँटेल र अन्य, २०५४ : ६) ।लय नै कवितालाई साहित्यका अन्य विधाबाट अलग गराउने तत्त्व हो । कविता गद्य होस् वा पद्य, कुनै न कुनै रूपमा लय नआई छाड्दैन । मुक्त छन्दमा कविता रचना गर्न सकिन्छ तर मुक्त लयमा कविताको कल्पनासमेत गर्न सकिन्न । यसर्थ लय विधान कविताको अनिवार्य र अपरिहार्य तत्त्व हो ।

### ३.३.४ भाषाशैली

समग्र साहित्य भाषिक कला हो, तसर्थ भाषाशैली पनि कविताको एक आधारभूत तत्त्व हो । कवितामा भाषाशैली भन्नाले कथन गर्नु पर्ने विषय वस्तुलाई बढी लालित्य, रागात्मक, लयात्मक हुने गरी वर्ण, पद, पदावली, वाक्य, अनुच्छेद आदिमा विधान गर्नु भन्ने बुझिन्छ । काव्य वा कवितालाई कुन रूपमा कस्ता शब्दावलीमा कसरी उभ्याउने हो भन्ने कुरा भाषाशैलीको क्षेत्रमा पर्दछ । कतिपय साहित्यकारहरूले शैली वा रीतिलाई नै काव्यको आत्मा मानेका छन् । यसबाट काव्यमा शैलीको महत्त्व स्पष्ट हुन जान्छ । शैलीगत कविता लेखनले गर्दा नै लेखनाथ कवि शिरोमणि बनेका हुन् । यसरी नै माधव घिमिरेको सफलताको मुख्य विधा शैली नै हो । रचनालाई प्रस्तुत गर्ने माध्यम भाषा हो ।कविताको भाषा कलात्मक हुन्छ ।कवितामा प्रयोग गरिने भाषा अभिधेयार्थभन्दा बढी लाक्षणिक एवम् व्यञ्जनात्मक, सङ्केतात्मक र प्रतीकात्मक हुन्छ ।काव्यमा भाषा भावात्मक हुन्छ ।काव्यमा प्रयोग गरिएको भाषा सामान्य नभएर विशिष्ट हुन्छ ।भाषाशैली पनि कविताको एक महत्त्वपूर्ण तत्त्व हो । यहाँ भाषाशैली भनेर एउटै तत्त्वका रूपमा हेरिए पनि 'भाषा' र 'शैली' का बीचमा सामान्य भिन्नता भने हुन्छ । 'भाषा' अभिव्यक्तिको माध्यम हो भने 'शैली' अभिव्यक्तिको तरिका हो (लुइँटेल, २०६० : ११३) ।

कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध भाषिक विकल्प मध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुने गरी वर्ण, शब्द, पद, पदावली, वाक्य खण्ड, वाक्य र अनुच्छेदविधानसमेत सिर्जित हुने कुरा हो (त्रिपाठी र अन्य, २०५४ : १९) । यसरी कवि लेखनबाट कविता सिर्जिने क्रममा भाषाशैलीको अहम् भूमिका रहन्छ भन्ने कुरा पुष्टि हुन्छ ।

### ३.३.५ कथन पद्धति

कविताका अनेक तत्त्वहरू मध्ये 'कथन पद्धति पनि एक महत्त्वपूर्ण तत्त्व हो ।आफ्ना आन्तरिक अनुभवहरू कविले कथन गर्दछ । कविता मानवीय अनुभूतिको लयात्मक प्रस्तुति हो । कविले आफ्ना अनुभवहरूलाई आख्यानीकरण गरेर कवितात्मक प्रस्तुति गर्दछ । अनेक तबरबाट संवादात्मक होस् या मनोवादात्मक वा नाटकीकरण जस्ता पक्षलाई कविद्वारा अङ्गालिएको हुन्छ ।फुटकर कवितामा कवि कथन बढी हुन्छ भने काव्यमा आख्यानीकरण बढी हुन्छ ।कविताको कथन शैली भिन्न-भिन्न शैलीमा गर्ने गरिन्छ । कहि कवि र भावक वक्ता र श्रोता बन्न पुग्दछन् भने कही नाटककीकरण वा संवादात्मक प्रस्तुतिमा कविता कथन हुने गर्दछ । कवितामा कतै कवि प्रौढोक्ति देखापर्छ भने कतै कविनिबद्ध वक्तृ प्रौढोक्तिमा पनि कविता रचिन्छ ।'कथन पद्धति' भन्ने शब्द कथन र पद्धति जस्ता छुट्टा छुट्टै दुई शब्द मिली बनेको छ ।यहाँ कथनको अर्थ भनाइ र पद्धतिको अर्थ तरिका भन्ने हुन्छ ।तसर्थ कथन पद्धति भन्नाले भनाइको तरिका भन्ने बुझिन्छ ।कविको कथन नै वास्तवमा कविता हो । कवि कथनकादुई पद्धति या तरिका कवि प्रौढोक्ति र कवि निबद्ध वक्त प्रौढोक्ति नै हुन् । कवि प्रौढोक्ति आत्मपरक हुन्छ भने कविनिबद्धवक्तृ प्रौढोक्ति वस्तु परक हुन्छ ।कविता कथनका विभिन्न तरिकाहरू हुन्छन् । कवितामा कविले आत्मकथानात्मक, नाटकीकरण वा नाटकीकृत वा तृतीय पुरुष प्रधान शैलीको प्रयोग गर्न सक्छ । कथन पद्धति र कथन कौशलका रूपमा उच्चार्य गेय र (श्रव्य) रहने परिप्रेक्ष्यमा कवितामा पनि महत्त्वपूर्ण पक्षका रूपमा रहेका हुन्छ (त्रिपाठी र अन्य, २०५४ : १९) ।

### ३.३.६ केन्द्रीय कथ्य र भाव विधान

भाव कविताको मूलभूत आन्तरिक तत्त्व हो ।केन्द्रीय कथ्य वा केन्द्रीय भाव भनेको कविताको बीज हो ।मनमा भावना पैदा नभई कविता लेखिँदैन ।त्यसैले कविता काव्यमा मानवीय भावना छताछुल्ल हुनुपर्दछ जब भावना विनाविचार जन्मिँदैन । भावना र विचारको सन्तुलन नमिलिकन उत्तम कविता पनि बन्दैन ।काव्यमा अझ बढी विचारको भन्दा भाव तत्त्वको प्रधानता रहन्छ ।भावनालाई मूर्त रूप दिन कल्पनाको आवश्यकता पर्दछ ।त्यसैले भाव कवि वा कविताको मुख्य प्रेरक तत्त्व हो ।भाव जति-जति तीव्र र आक्रामक बन्दै जान्छ कविता त्यति नै प्रभावकारी बन्न पुग्दछ । कवितामा रहेका कविका भावनाले पाठकका मनमा सुतेका भावनालाई ब्युँझाइदिन्छ र आनन्दको अनुभूति गराइदिन्छ । कविता वा काव्यमा पनि भावकै नेतृत्वमा आउने विचार वा दर्शनलाई स्वागत योग्य मानिन्छ । यस्ता कविताहरूलाई उत्कृष्ट मानिन्छ । भाव स्रष्टाको अनुभूतिमा सुषुप्त अवस्थामा र अमूर्त अवस्थामा रहेको हुन्छ । जब युग जीवनका विभिन्न प्रेरक तत्त्वहरूको अमूर्त अवस्थाको भावलाई स्पर्श गर्छन् तब यसले कल्पनाको सहारामा मूर्तता धारण गर्दै अभिव्यक्तिको निकाय खोज्न थाल्छ ।यसरी अभिव्यक्त हुने भावलाई नै हामी सिर्जना भन्दछौँ । तसर्थ केन्द्रीय भावका रूपमा ‘जीवन-जगतको समग्र विषयवस्तु र मानव चेतनाको यावत अनुभवपुञ्ज कवितामा नअटाउने चाहिँ होइन र पुरै प्रकृति (जीवन र जगत), मानवीय समाज र संस्कृति पुरा कथा र इतिहास, दर्शन र ज्ञान र विज्ञान आदिका साथै मानव मनको समस्त अनुभव-व्यापार (अनुभूतिपुञ्ज वा भावराशि) को कथन कवितामा हुन सक्दछ । कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो यही नै हो (त्रिपाठी र अन्य, २०५४ : २०) ।सबै कविता एउटै प्रकृतिका हुँदैनन् ।

कविताको केन्द्रीय भाव पहिल्याउन पनि वाद र शैलीअनुसार कमवेसी परिश्रमको खाँचो पर्ने हुन्छ । उच्च बौद्धिक पाठकका खुराक ठानिएका प्रयोगवादी कविताहरू साधारण पाठकका लागि फलामे चिउरा सावित हुन्छन् । कुनै कुनै प्रयोगवादी कविहरूमा भाषिक संगति र शब्दयोजनाका अस्तव्यस्तताबाट अघि बढ्दै अन्वितिरहित बिम्बका समष्टिलाई अर्थिनु वा नअर्थिनु दोसाँधमा लगेर कवितालाई पाठकका जिम्मा लगाउने प्रवृत्ति देखिन्छ । पाठकले कविताको केन्द्रीय भाव पहिल्याउन नसक्दा कविताको मूल्य र मान्यता पनि घट्दै जान्छ ।तसर्थ कविताको केन्द्रीय भाव एक महत्त्वपूर्ण तत्त्व हो ।

### **३.३.७ बिम्ब विधान तथा अलङ्कार**

कवितामा व्यक्त भाव विचारलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित भाव विचार सँगसँगै छायाँ जस्तो भई आउने तत्त्व बिम्ब हो। प्रस्तुत कथ्यवस्तुको प्रतिछायाँ वा पुरकका रूपमा आउने समानार्थी शब्दलाई बिम्ब भनिन्छ। जीवन र जगत्का विभिन्न वस्तुहरू बिम्बका रूपमा आउन सक्छन्। कविता अलङ्कार र बिम्बविधानकै उपक्रम हो। यस्ता तत्त्वहरूले कविताको सौन्दर्यता र चमत्कारितालाई बढाउने गर्दछ।

बिम्बको सामान्य अर्थ छायाँ वा प्रतिकृति हो। यद्यपि साहित्यिक सन्दर्भमा अलङ्कारलाई बिम्ब भनिन्छ। बिम्ब भनेको कुनै कुराको आभास वा झलक हो (त्रिपाठी र अन्य, २०६० : ९१३)। अंग्रेजी साहित्यका कवि एज्रा पाउण्ड एक बिम्बवादी साहित्यकार हुन्। बीसौं शताब्दीको प्रसिद्ध अंग्रेजी साहित्यको एक आन्दोलनको रूपमा बिम्बवाद आयो।यो वाद खासगरी भाव र भाषासँग सम्बद्ध छ। यसमा शब्दपरकभन्दा भावपरक बिम्ब ज्यादै महत्त्वपूर्ण छन्। बिम्ब अर्थात् अलङ्कारमाथि जोड दिएर चलाइएको अभियानको नाम नै बिम्बवाद हो।यसवादले बिम्बवादलाई कविताको प्राण मान्दछ।साहित्यका दुई पक्षमध्ये रूप पक्षलाई बढी महत्त्व दिन्छ किनकि रूप जति परिष्कृत हुन्छ भाव त्यति नै परिष्कृत हुन्छ भन्ने धारणा बिम्बवादीहरूको छ।बिम्बवाद खासगरी कविता क्षेत्रमा प्रचलित छ। वस्तुपरकता, स्पष्टता, यथार्थता, मूर्तता, भाषिक मितव्ययिता, अर्थको सीमाङ्कन र शिल्प प्रविधिको सचेतता नै बिम्बवादका प्रमुख मान्यताहरू हुन्। बिम्बको जति सशक्त प्रयोग गर्न सकिन्छ उति भावभिव्यक्तिमा सघनता आउँछ। उदाहरणबाट व्यक्त हुन नसक्ने अमूर्त र अव्यक्त भावहरू आलङ्कारिक बिम्बका माध्यमबाट व्यक्त हुन सक्छन्। कहिलेकाहीँ ज्ञात वस्तुको सहाराबाट अज्ञात वस्तुको जानकारीका लागि समेत बिम्ब सहयोगी बन्न सक्छ, बिम्ब काव्यका लागि अनिवार्य तत्त्व हो। यसले काव्यको सौन्दर्य वृद्धि गरी पाठक-श्रोतालाई समेत आकर्षित तुल्याउँछ भने अर्थ चमत्कार वृद्धिमा समेत यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (ओझा र गिरी, २०५८ : ३२६-३२७)। बिम्बलाई आंशिक र पूर्ण गरी दुई रूपमा बाँड्न सकिन्छ। आंशिक बिम्ब कविताका खास-खास अंशसँग सम्बद्ध भएर आएको हुन्छ भने पूर्ण बिम्ब पूरै कविताव्यापी हुन्छ। बिम्बले कवितामा कलात्मक सौन्दर्यको वृद्धि गर्ने गर्दछ। सामान्यतया बिम्बले कुनै चिजको भौतिक प्रतिनिधित्व गर्ने दृष्टिगोचर वा कुनै दृश्यवस्तुको मानसिक चित्रलाई जनाउँछ। साहित्यमा यसले प्राय पाठकको मस्तिष्कमा मानसिक प्रभाव उत्पन्न गर्ने वर्णनात्मक पदावली वा आलङ्कारिक भाषा र त्यसबाट उत्पन्न हुने प्राय दृश्यमान प्रभावलाई बुझाउँछ। काव्य बिम्बको माध्यम शब्द र अर्थ हुन्छ।

प्रत्येक सार्थक शब्दमा बिम्ब निहित रहन्छ । बिम्बहरूको सामुहिक रूप वा समूहलाई बिम्ब विधान भनिन्छ । सीमित अर्थमा बिम्ब भनेको कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शब्दचित्र हो । व्यापक अर्थमा यसले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दहरूलाई जनाउँछ । काव्यबिम्बको निर्माण सिर्जनात्मक कल्पनाबाट गरिन्छ र त्यसको मूलमा भावको प्रेरणा अनिवार्य रहन्छ । काव्य बिम्बको प्रेरक तत्त्व भाव हो ।भावको स्पर्शविना काव्य बिम्बको अस्तित्व रहँदैन । लक्षणा र व्यञ्जना दुवैले बिम्बको विधान गर्दछन् । प्रत्येक लक्ष्यार्थ एक प्रकारको बिम्ब हो भने व्यङ्ग्यार्थ वा ध्वन्यार्थ पनि बिम्ब रूप हो । अलङ्कार र बिम्बको गहिरो सम्बन्ध भए पनि अलङ्कारको परिधि व्यापक हुन्छ भने बिम्बको सीमित हुन्छ ।बिम्बले पाठकलाई पहिलेदेखि नै ज्ञात भएका अनुभूतिहरूको स्मरण गराउँछ । पारिजात शब्द पढ्दा हाम्रो मस्तिष्कमा कुनै न कुनै रूपले त्यसको चित्र आउँछ । कल्पनाद्वारा इन्द्रिय अनुभवका आधारमा निर्मित शब्दचित्रलाई बिम्ब भनिन्छ । बिम्ब भनेको शब्दद्वारा निर्मित चित्र हो र कवितालाई अनेक बिम्बहरूद्वारा संरचित एउटा बिम्ब मान्न सकिन्छ । यसलाई सबैजसो काल्पनिक साहित्यको केन्द्रीय संरचक घटक र कविताको चाहिँ सर्वप्रमुख घटकका रूपमा लिइन्छ । बिम्बलाई एकल शब्दचित्र र शाब्दिक वा अमूर्त भाषाका रूपमा मात्र नभएर समग्र कवितामा सबै इन्द्रियहरूलाई आकर्षित गर्ने शब्दचित्रात्मक घटक, वर्णनमा लाक्षणिकताको साधन तथा आलङ्कारिक भाषाका रूपमा पनि लिइएको पाइन्छ । यसर्थ बिम्ब कवि कल्पनाको प्रतीक मात्र नभएर पाठकका अनुभूतिको व्यञ्जना पनि हो (लुइँटेल, २०६० : ११८-१२०) ।

### ३.३.८ प्रतीक

प्रतीक भन्नाले समान गुणका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको वस्तु वा चिनो र अन्य कुनै वस्तुको भावनात्मकता वा प्रतिनिधित्वका रूपमा व्यवहार चलाइने अर्को कुनै पदार्थ (त्रिपाठी र अन्य, २०६० : ८२२) भन्ने बुझिन्छ ।

कुनै कविता कृतिमा मुख्य अर्थका सहचरका रूपमा आर्को अर्थ बिम्ब रूपमा सहप्रस्तुत नभई लाक्षणिक र व्यञ्जनागम्य (अप्रस्तुत, अकथित) अर्थका रूपमा आउनुलाई प्रतीक विधान पनि भनिन्छ (त्रिपाठी र अन्य, २०५४ : २१) । कुनै अदृश्य, अप्रस्तुत विषयको

सट्टामा कार्य लिनका निम्ति प्रयुक्त वस्तु, चिन्ह वा सङ्केत प्रतीक हो । प्रतीकवादीहरूलाई स्पष्ट अभिव्यक्ति चाहीँ मन पर्दैन। उनीहरूले साङकेतिकता वा प्रतीकात्मकतालाई सर्वप्रथम मान्यता प्रदान गर्दछन् र उनीहरूको उद्देश्य जिज्ञासाको परिशमन नभएर त्यसको उद्बोधन गर्नु हो । प्रतीकले वास्तवमा सोझो अर्थ दिँदैनन् दिएभने ती प्रतीक नै होइनन् । प्रतीकको प्रयोग त्यही कुरा वा विचारलाई बुझाउन नभएर कुनै अर्को कुरालाई सङ्केत गर्न गरिन्छ। प्रतीक प्रायः अमूर्त रहन्छ। प्रतीक सामान्यतया मूर्त र अमूर्त दुवै हुन सक्छ। प्रतीकले प्रायः निश्चित र एकै अर्थ दिन्छ । प्रतीकको अर्थ निर्धारणमा सांस्कृतिक, सामाजिक र परम्परित आदि अनेक सन्दर्भलेमहत्त्वपूर्ण भूमिका खेल्दछन्। झण्डा, विरालाले बाटो काट्नु, काग कराउनु प्रायः सबैतिर समान अर्थमा प्रयुक्त हुन्छन् (लुइँटेल, २०६० : १३६) । परम्परित प्रतीकहरू दैनिक जीवनमा रुढ भएर विशिष्ट अर्थ धारण गरिसकेका हुन्छन् र तिनले प्रचलित संस्कृति र परम्पराअनुरूप अर्थ प्रदान गर्दछन् जस्तै छेपारो, सर्प, कालो विरालोले बाटो काट्नु काग कराउनु, सपनामा भैँसीले लखेट्नु आदिले अपसगुन बल या साहस, बकुल्लालेध्यान, परेवाले शान्ति र सूर्योदयले जन्म वा उन्नति सूर्यास्तले मृत्यु आत्मसमर्पण वा अधोगति उज्यालोले असल, अँध्यारोले खराब आदिलाई सङ्केत गर्दछन् ( लुइँटेल, २०६० : १३५) । प्रतीकको सबैभन्दा बढी प्रयोग गरिने क्षेत्र कविता हो । प्रतीक परम्परित र नवनिर्मित गरी दुई किसिमका हुन्छन्। कवि विशेषद्वारा निर्मित प्रतीक नवनिर्मित प्रतीक हुन् । प्रतीक पनि कविताको महत्त्वपूर्ण तत्त्व हो ।

### ३.३.९ मिथक

मिथक भनेको अवास्तविक र काल्पनिक कुरा हो ।यसमा यथार्थ पक्षभन्दा काल्पनिक र भावनात्मक वा मिथ्या कुरा नै बढी हुन्छ । त्यसैले पनि होला मिथकलाई कविताका तत्त्व अन्तर्गत राखेको पाइँदैन । तर पनि आजकल मिथक उल्लेख्य तत्त्वका रूपमा स्थापित भएको छ ।पूर्वका कविहरूले दन्त्य कथा दैत्य कथा र पुराणहरूबाट मिथकहरू लिएको पाइन्छ । व्यापक वर्णन, समष्टिमा अभिव्यक्ति, बोलचाल र देखे सुनेको क्षेत्रभन्दा भिन्न वा व्यापक वा गहिरो जानु पर्दा मिथकीय अभिव्यक्तिको प्रयोग नगरी सुख पाइन्न (भण्डारी, २०५५ : ८२)। सुख, दुःख, भाव, अभावको बेलामा आशा र निराशाले मथेको जिन्दगीमा मन झुन्ड्याउने ओत लाग्दो बलेसी र पार ताप्ने घमाइलो कुना हाम्रो मनको मिथकीय पक्ष नै हो (भण्डारी, २०५५ : ८१) ।

कवितामा मिथकले स्वैरकल्पनाको आधार भूमि तयार गरी कल्पनाको आकाशमा उड्ने कला पनि हो । यस्ता कवितामा मिथकको प्रयोग अनिवार्य नै हुन्छ । मिथकले प्रबुद्ध पाठकको ज्ञानको तिर्खा मेटाउँछ ।त्यसैले मिथक कविताको एक महत्त्वपूर्ण तत्त्व हो ।

### ३.३.१० व्यञ्जना

वाच्यार्थ लक्ष्यार्थ भन्दा भिन्न तेस्रो खालको नयाँ अर्थ बुझाउने शक्तिलाई व्यञ्जना शक्ति भनिन्छ। व्यञ्जना भनेको एक प्रकारको ध्वनि हो। व्यञ्जनाले दिने अर्थ चाहिँ व्यङ्ग्यार्थ हो ।

व्यञ्जना भन्नाले शब्दका अमिधा, लक्षणा र व्यञ्जना तीन शक्ति मध्ये एक वाच्यार्थ र लक्ष्यार्थ भन्दा भिन्न, व्यङ्ग्यार्थ वा विशेष चमत्कारी अर्थ बुझाउने शब्द शक्ति (त्रिपाठी र अन्य, २०६० : ११७६) भन्ने बुझिन्छ। उदाहरणका लागि 'म विन्ध्यवासिनीमा बस्छु' भन्ने वाक्यमा वाच्यार्थ देवी मन्दिर र लक्ष्यार्थले मन्दिर नजिकै भन्ने अर्थ बुझाएपछि तृतीय अर्थ पवित्र तीर्थस्थल धार्मिक क्षेत्र आदि नयाँ अर्थ चाहि व्यञ्जना शक्तिले बुझाउने अर्थ हो। हाम्रो जीवनमा कहिले घाम देख्न पाइएला' भन्ने वाक्यमा 'घाम' शब्दले 'सुख' भन्ने व्यञ्जक अर्थ द्योतन गर्दछ। शब्द र अर्थ दुवैका कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथित भन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो स्थिति व्यञ्जना हो (त्रिपाठी र अन्य, २०५४ : २१)।

यसरी कुनै पनि कृति तब सशक्त हुन्छ जब प्रस्तुत कृतिको आन्तरिक संरचनामा अर्थका एक भन्दा बढी तत्त्वहरू रहेको भावक या पाठकले अनुभव गर्दछ। यसरी व्यञ्जना पनि कविताको महत्त्वपूर्ण र अनिवार्य तत्त्वका रूपमा स्थापित भएको छ।

## अध्याय चार

## जगन्नाथ रेग्मीको काव्यकारिताको अध्ययन

## ४.१ विषय प्रवेश

यस परिच्छेदमा कवि जगन्नाथ रेग्मीका काव्य कृतिहरूमध्ये विशेषतः 'अन्तरङ्गका तरङ्गहरू' र 'चारुचित्र' कविता सङ्ग्रह तथा'धवलागिरि' खण्डकाव्यको अध्ययन/विश्लेषण गरिएको छ ।

### ४.१.१ अन्तरङ्गका तरङ्गहरू कविता सङ्ग्रहको अध्ययन/विश्लेषण

यस कविता सङ्ग्रहकोअध्ययन विश्लेषण गर्ने क्रममा तत्त्वगत एवम् प्रवृत्तिगत आधारमा यहाँ अध्ययन गरिएको छ ।

**क)काव्यतत्त्वगत आधारमा 'अन्तरङ्गका तरङ्गहरू' कवितासङ्ग्रहको अध्ययन**

काव्यतत्त्व अन्तर्गत कविता काव्यका-शीर्षक, आयाम, लय विधान, बिम्ब तथा अलङ्कार, कथन ढाँचा आदि पर्ने हुँदा यहाँ यिनै तत्त्वका केन्द्रीयतामा रहेर कविताहरूको विश्लेषण गरिएको छ ।

**अ) शीर्षक**

प्रस्तुत कविता सङ्ग्रहलाई हेर्दा अन्तरङ्ग भनेको मन र तरङ्ग भन्नाले बहने स्थितिलाई बुझाउँछ । शीर्षकले सामान्य अर्थमा मनमा भएका भावको प्रकटीकरण भन्ने अर्थ दिएको छ भने विशेष अर्थमा हेर्दा कवि कल्पना अर्थात् लेखकका मनका नितान्त व्यक्तिगत अनुभूतिको प्रकटीकरणलाई बुझाउँछ । प्रस्तुत सङ्ग्रहभित्र ३६ वटा कविताहरू सङ्ग्रहित छन् । प्रकृति चित्रणको आधारमा 'कालीगण्डकी', 'हे सेती ! किन भासियौ ?' 'जल्जला लेक मेरो', 'हिमाल','पोखरा', 'प्रकृति शोभा', 'गङ्गा', 'वसन्त बहार', लगायतका शीर्षकहरू रहेका छन् । त्यस्तै समाज चित्रणको अन्तर्वस्तुका आधारमा 'जल्जला लेक मेरो','बाँचू म मेरै प्रिय देश निम्ति', 'मेरो देश : मेरो गौरव' 'जागिर', 'हामी अझै बढ्नु छ' ।'देश नै बरबाद भो', 'युगीन सभ्यता', 'कदापि दास बन्दिन', 'परदेशी भाइलाई पत्र', 'मोती फेरि आऊ'आदि कविताहरू रहेका देखिन्छन् ।त्यसैगरी यस कविता सङ्ग्रह भित्रका अन्य कविताहरूमा अत : कविता शीर्षक र भावानुभूतिको तरङ्गलाई हेर्दा सबै कवितात्मक शीर्षकहरू सार्थक प्रतीत भएका छन् ।

### आ) संरचना

संरचनाका दृष्टिले कवितालाई आन्तरिक तथा बाह्य दुई प्रकारले हेर्न सकिन्छ। श्लोक योजनालाई हेर्दा बृहत् आयामका नभएर लघु तथा मझौला आयामका श्लोकहरू बढी देखिन्छन् ।यहाँ श्लोक योजनाको प्रयुक्तिमा सबै खालका संरचनालाई लिन सकिन्छ। लामा छोटा गरेर यस सङ्ग्रहमा ३६ वटा कविताहरू सङ्गृहित छन्। यी कविताहरूमध्ये सबैभन्दा छोटा कविताको रूपमा 'गङ्गा' र 'बाँचेर खै के भयो' शीर्षकमा जम्मा ४।४ श्लोकमा संरचित छन् भने बढीमा १५ श्लोकमा संरचित कविता 'यात्रा लोकतन्त्रको' भन्ने शीर्षकमा रहेको देखिन्छ ।अन्य सबै कविता ५ देखि १४ सम्मका रहेका छन्। यसरी यस कविता सङ्ग्रहको ३६ वटा कवितामा जम्मा २८२ श्लोक सङ्ख्याको संरचनामा मध्यम खालको आयाम देखिन्छ। पृष्ठका आधारमा कभर पृष्ठ बाहेक ८६ पृष्ठ सङ्ख्या रहेको हुँदा आकारका दृष्टिले पनि यो ठिक्क आयामको कविता सङ्ग्रह मानिन्छ।

### इ)लय विधान

लय विधानका दृष्टिले प्रस्तुत कविता सङ्ग्रहमा वर्णमात्रिक अर्थात् शास्त्रीय छन्दका कविताहरू रचना गरिएका छन्। बढी जसो अनुष्टुप् छन्दको प्रयोग भएका रेग्मीका कवितामा ४ पाउको एक श्लोक हुनु पर्नेमा कविले ८ पाउको एक श्लोकमानेका छन्। अनुष्टुप् छन्दको प्रयोग भएका कवितामध्ये 'मान्छे वैगुनी', 'युवालाई आह्वान', 'किन'?, 'हे कृष्ण देऊ दर्शन', 'देश नै बरबाद भो' आदि छन् ।त्यसै गरी 'प्रभातीय लाली' कवितामा मालिनी छन्दको प्रयोग छ भने 'वसन्त बहार' शीर्षकको कविता वसन्ततिलका छन्दमा रचित छ।'कदापि दास बन्दिन' शीर्षकको कविता पञ्चचामर छन्दमा छ भने 'कालीगण्डकी','मोती फेरि आऊ', 'पोखरा', 'जागिर', 'किसान', 'गलेश्वर दिव्यधाम', 'लड्दछौं व्यर्थ हामी' आदि कविताहरू मन्दाक्रान्ता छन्दमा रचिएका छन्। शार्दूलविक्रीडित छन्दका कविता मध्ये 'हिमाल', 'पैसा', 'कवि कर्म', के हुन्छ यो देशमा आदि छन् ।लय विधानका दृष्टिमा यी कविताहरू उपयुक्त देखिन्छन्। यसरी अनुष्टुप, इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, मालिनी, पञ्चचामर, वसन्ततिलका, मन्दाक्रान्ता र शार्दूलविक्रीडित गरी जम्मा ८ प्रकारका छन्दको प्रयोग यस कविता सङ्ग्रहमा देखिन्छ। लयात्मक दृष्टिले अनुप्रासको सुमधुर प्रयोग भएको कवितालाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ।

जस्तै : *बनाउँछन् यिनै नारी यो संसार हराभरा ।*

*माता पुत्री प्रियालाई न रुवाउनु चम्धरा* ॥ जगन्नाथ :४४

छन्द विधानका दृष्टिले यस कविता सङ्ग्रहका कविता पठनीय एवम् गेयात्मक बनेको पाइन्छ ।

**ई)कथन ढाँचा**

कथन ढाँचा पनि कविताको महत्त्वपूर्ण अङ्ग मानिन्छ ।कथन ढाँचाका सन्दर्भमा रेग्मीका कविता प्रथम, द्वितीय तथा तृतीय पुरुष ढाँचामा संरचित देखिन्छन् ।'जल्जला लेक मेरो', 'हामी अझै बढ्नु छ', 'लड्दछौँ व्यर्थ हामी', 'कदापि दास बन्दिन', बाचूँ म मेरै प्रिय देश निम्ति' जस्ता कविता कवि प्रौढोक्ति ढाँचामा संरचित भएका हुनाले यी कविताहरू प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएका छन् । त्यस्तै द्वितीय पुरुष दृष्टिबिन्दुमा 'हे सेती ! किन भासियौ ?''कालीगण्डकी''हे कृष्ण देऊँ दर्शन' आदि कविताहरू पर्दछन् भने तृतीय पुरुष ढाँचामा रचिएका कवितामध्ये 'युगीन सभ्यता', 'मान्छे बैगुनी,''हिमाल' जस्ता कविताहरू आबद्ध रहेका छन् ।

**उ)बिम्ब तथा अलङ्कार प्रयोग**

कवितात्मकस्वरूपका दृष्टिले बिम्व तथा अलङ्कारको महत्त्वपूर्ण स्थान रहेको छ । अलङ्कारका दृष्टिले'अन्तरङ्गका तरङ्गहरू' कविता सङ्ग्रह भित्रका कविताहरूमा बढी जसो अनुप्रास अलङ्कारको संयोजन भएको छ भने अनुप्रास भित्र पनि छेकानुप्रासको प्रयोग भेटिन्छ ।

जस्तैः*अव्यक्त या व्यक्त भनौ विचित्र* ॥ (जगन्नाथ : १६)

वृत्यनुप्रास

जस्तै : *निरञ्जन निराकार निरामय सनातन* ॥ जगन्नाथ : २५

यसरी उनका कवितामा अलङ्कारको सुन्दर प्रयुक्ति भेटिन्छ । उनका कविताका कतिपय ठाउँमा उपमा, यमक, श्लेष र उत्प्रेक्षा अलङ्कारको छनक भेटिन्छन । उत्प्रेक्षा अलङ्कार

जस्तै :*डाँडाकाँडा हरितवनका प्रीतिसँगै भुलौँ कि !*

*माछापुच्छ्रे हिमशिखरको माथ पैल्यै चुमौँ कि*।(जगन्नाथ : २३)

उपमा अलङ्कार

जस्तै :*स्वर्गङ्गाझैँ हिमशिखरमा दिव्य झर्ना झरेको ॥* (जगन्नाथ : ३)

लोकोक्ति अलङ्कार

जस्तै : *मुखमा रामको मन्त्र बगलीमा नहोस् छुरा ॥* (जगन्नाथ १९)

यसरी रेग्मीकाअलङ्कारका दृष्टिले कवितामा राम्रो छनक भेटिन्छ ।कवि जगन्नाथका कविताहरू रस र अलङ्कारका दृष्टिले अबल भन्न मिल्दैन ।(फुलबारी,२०६५ : ७७ ) भन्ने वाक्यांशले पनि यस कुराको पुष्टि गरेको छ ।

**ऊ) भाषाशैली**

तत्सम शब्दको बढी प्रयोग भएको यस कविता सङ्ग्रहमा छिटपुट मात्रामा आगन्तुक एवम् झर्रा शब्दको पनि प्रयोग भएका छन् । यस कविता सङ्ग्रहभित्रका उपशीर्षकमै पनि तत्सम शब्दको प्रयोग भएको छ । जस्तै :'... रमन्ते तत्र देवता', 'गङ्गा', 'कविकर्म' आदि यसका उदाहरण हुन् भने 'अमरपुर', 'विधिसृजन', 'पीपिलिका', भ्रातृत्व जस्ता शब्दरू कवितामा प्रयोग भएका छन् । तद्भव शब्दमा मुस्कान, जिन्दगी, नयन, हात आदि शब्दहरूको प्रयोग देखिन्छ भने आगन्तुक शब्दमा खैँजडी, मुजुरा, मुरली आदि जस्ता शब्दहरूको प्रयोग भेटिन्छ । नेपाली झर्रा शब्दमा साहिँली, सिस्नो, ढिँडो बैगुनी, चस्स-चस्स जस्ता शब्दहरू प्रयुक्त छन् । भाषाशैलीका दृष्टिमा विभिन्न संस्कृतनिष्ठ सूक्तिको प्रयोगले पाठक तथा भावकलाई सोचनीय बनाए तापनि भाषाशैली आफैमा सरस बन्न पुगेको छ । उखान टुक्का एवम् लोकोक्तिले पनि शैलीलाई थप मधुरता प्रदान गरेको छ ।जस्तै :

*माल पाएर के गर्नु चाल कै नबुझेपछि ॥*

*के मूल्य मणिको भिल्ल गल्लीमा फ्याँकिएपछि ॥*(जगन्नाथ :४८)

## ख)   प्रवृतिगत आधारमा अन्तरङ्गका तरङ्ग कवितासङ्ग्रहको विश्लेषण

### अ)प्रकृति प्रेम

कवि जगन्नाथ रेग्मी प्राकृतिक सुन्दरताले भरिपूर्ण कविता रचना गरेका छन् । यस क्रममा उनले मानव मनसँग तादात्म्यता स्थापित गरी प्रकृतिलाई मानवीकरण गर्दै प्रकृतिको सुन्दर वर्णन गरेका छन् । प्रकृतिमा रहेका पाखा-पखेराहरूकोवर्णन निर्भर झरना अनि उच्च हिमशृङ्खलाहरू, वन, गण्डकी, पक्षी आदि प्राकृतिक छटालाई छन्दमय सूक्तिमा ढालेर प्रकृतिका अनुपम वर्णनहरू गरेका छन् ।कालीगण्डकी कवितामा स्वर्गङ्गासँग तुलना गरी झरनालाई ऋषिमुनि उर्वसी आदिको क्रीडास्थलको रूपमा वर्णन गरिएको छ । यसरी 'हे सेती किन भासियौ?' र भन्ने कवितामा प्रश्नोत्तर शैलीमा कविले दया ममता संवेदनाका लहरहरू फिँजाउँदै लोक पवित्रता बनाउने सेती भनी प्रस्तुत गरेका छन् । यसरी उनले हे सेती तिमी किन भासियौ भनी प्रकृतिलाई मानवीकरण गर्दै प्रश्न सोधेका छन् । कवि यस्तो निर्दयी स्वार्थी मनुष्यलाई देखेर हो कि ? भनी कवि सेती भासिएको बताउँछन् ।'हिमाल' कवितामा हाम्रो रक्षाका निम्ति सदा पहरेदार बनिरहेको कविले भाव व्यक्त गर्दछन् ।यस हिमाल हाम्रो राष्ट्रको एउटा गौरव हो । स्वाभिमानी नेपालीहरूले यसको सम्मानमा निरन्तर लाग्ने प्रण गर्नुपर्छ भनी कवि भन्दछन् ।कविले'पोखरा' कवितामा यस भूमिभित्र अनेकौं ताल-तलैया, डाँडाकाँडा, हिमाल, पर्वत शृङ्खलाहरूको वर्णन गरेका छन् ।उनले सम्पूर्ण चीज प्राप्त गर्न सकिने यस्तो स्वागत योग्य सुन्दर पोखरामा मानवधर्म साथ जुगौंजुग साहित्यिक आनन्दपूर्वक मधुर रसमा रम्दै रहनु भनी कविले आफ्ना अभिव्यक्ति व्यक्त गर्दछन् ।

कविले 'प्रकृति शोभा' कवितामा यहाँ मौरी, भँमरा आदि पक्षीहरूका निनादले आह्लादित बन्दै बेली, चमेली, सयपत्री फूलहरूका शोभाले मलाई कुत्कुताइरहेको अभिव्यक्ति प्रकट गरेका छन्। उनले अटल मेरो देशका प्राकृतिक सुन्दरतामा म विलीन हुन पुग्दछु । यसरी आफ्ना प्राकृतिक रमणीय अभिव्यञ्जनाहरु प्रस्तुत गर्दछन् ।कविलेत्यसै गरी 'वसन्त बहार' कवितामा वसन्त ऋतुलाई ऋतुराज भनी उपमा दिँदै अनेकौं आनन्दमा वसन्तका पुष्प गुच्छाले उद्यानको मधुरीमा मोहनी लागेको भाव व्यक्त गर्दछन् ।

### आ)राष्ट्रप्रेम

कवि रेग्मी राष्ट्र र राष्ट्रियताका पक्षमा अत्यन्त गम्भीर हुँदै सम्पूर्ण जनमानसमा उनले हामीहरु सबै मिलेर समुन्नत राष्ट्रको विकासमा उन्मुख हुनु पर्दछ । आफ्नो देशको सर्वाङ्गीण विकासमा सचेत नागरिकहरू लाग्नु पर्दछ भनी आफ्ना उद्गारहरू अभिव्यक्त गर्दछन् ।'प्रभातीय लाली' भन्ने कवितामा आफ्ना दम्भ दुर्भावनाहरू त्यागी अन्धकारमय आसुरी प्रवृत्तिबाट अलग रहन कविले आग्रह गर्दछन् । यसै गरी होसियार पूर्वक द्रुत गतिमा अघि बढ्नु पर्ने प्रेरणा जागृत गराउँदछन् ।कविले 'बाचूँ म मेरै प्रिय देशनिम्ति' भन्ने कवितामा युवा वर्गहरूप्रति लक्षित गर्दै हामी एकत्रित भई लाग्नुपर्दछ भन्ने भाव प्रकट गर्दछन् । उनले सम्पूर्ण शहीदका सपनाहरू सफलीभूत गराउँदैराष्ट्र निर्माणमा लाग्नका निम्ति प्रेरित गर्दछन् । हामी हाम्रो देशको गौरव र शान्ति राष्ट्र नेपालाई विश्वमा पहिचान गराउन उद्धत हुनुपर्ने भाव अभिव्यक्त गर्दछन् । उनले स्वदेशको उत्पादनले नेपाललाई विश्वको उन्नत विन्दुमा पुऱ्याउनका साथै विश्व बन्धुत्वको भावना जागृत गराउन चाहन्छन् । यसबाट मात्र आफू बाँचेको सार रहन्छ भन्ने भावना अभिव्यक्त गर्न चाहन्छन् ।यसै गरी कवि रेग्मीले 'जल्जला लेक मेरो' भन्ने कवितामाआफ्नो माटोको ममतागान गर्दै यसै धर्तीमा पसिना बगाउन सकेमा मात्र यही स्वर्ग या सृष्टिको धाम बनाउन सकिने भावपूर्ण अभिव्यक्ति प्रकट गर्दछन् । पृथ्वीलाई खेतीवालीले भरिपूर्ण गराएर आफ्नी प्रेयसीसँग मन र मुटु साट्दै आफ्ना संस्कृति रीति रिवाजमा रम्दै सारा इच्छा पुलकित गराउन सक्दछौँ भन्ने भाव प्रकट गर्दछन् ।'मेरो देश मेरो गौरव' भन्ने कवितामा कवि रेग्मीले आफू सृष्टिको योपवित्र देशमा जन्मिएकोमा गौरव गर्दछन् । यसरी आलस्य त्याग गरी यस कर्म भूमिलाई देवभूमि बनाउनका लागि जोश र होश पुऱ्याएर यहाँको धर्तीमा वैभवको समृद्धिमा लाग्न प्रेरित गरेका छन् । यसले राष्ट्रमा सत्पुरुष भई योग्य नागरिक बन्न सकिने गौरव व्यक्त गर्दछन् ।'युवालाई आह्वान' भन्ने कवितामा कवि रेग्मी कुसंस्कार र कुविचार त्यागगरी सम्पूर्ण धर्म, वर्ग, जात-जाति एक भई जुटेमा राष्ट्रको सौभाग्य बढ्न सक्दछ । त्यसैगरी भाइ-भाइ बीच रिसरागपूर्ण व्यवहारबाट रहित हुन सकियो भने तव मात्र यहाँबाट सामाजिक विकृतिहरू केही हदसम्म निरुत्साहित गर्न सकिन्छ भन्ने भाव उद्घाटित गर्दछन् ।

**इ) व्यङ्ग्य**

व्यङ्ग्य पनि कविता अभिव्यञ्जनको महत्त्वपूर्ण पक्ष हो ।यस सन्दर्भमा 'अन्तरङ्गका तरङ्गहरू' भन्ने कविताका कतिपय हरफहरूले शासक तथा वुद्धिजीवीहरू प्रति व्यङग्यभाव प्रस्तुत गरेका छन् । कवि रेग्मीले देशका शासक वर्गहरूले गरेका व्यवहार प्रति तिखो व्यङ्ग्य प्रहार गर्दछन् । अहिले समाजमा केही बुद्धिजीवी वर्ग भनाउँदाहरू राष्ट्र, राष्ट्रियता र संस्कृति प्रति उदासीन देखिएका छन् ।उनका गतिविधिलाई देखेर कवि यसरी व्यङ्ग्य गर्दछन् ।

'मान्छे वैगुनी' भन्ने कवितामा ईश्वरका सृष्टिमा सभ्यताको कसी लगाएर सोझा साझा निमुखा जनतालाई श्रीखण्डरूपी बीज बनी उनीहरूका चेतनरूपी मानसपटलमा तिखो काँडोका रूपमा घोच्न पुग्दछन् । अहङ्कार पैदा गरी विनाशका खाडलमा अमृत सरी सज्जन राम-लक्ष्मण सदृश जनतालाई त्याग गरी खर-दूषण सदृश राक्षसहरूलाई अङ्गीकार गरेका छन् । भनी भ्रष्ट नेतृत्व वर्गप्रति लक्षित गर्दै व्यङ्ग्य प्रहार गरेका छन् ।

'पैसा' कवितामा कवि रेग्मीले सम्पूर्ण वस्तु पैसाले पाइन्छ भन्नेहरूका लागि लक्षित गर्दै भन्दछन् । इष्टमित्र सम्पूर्ण त्याग गरी पैसा कमाउ जसरी भए पनि चाकडी नै किन नहोस् या अनेकानेक वृत्ति गरेर पैसा भएमा आदर सत्कार सम्पूर्ण पैसाद्वारा मिल्ने गर्दछ । त्यसकारण पैसा थुपार्ने गर भनी व्यङ्ग्य प्रहार गर्दछन् ।

'जागिर' भन्ने कवितामा कवि रेग्मी यसो भन्छन् हरेक जागिरेहरूलाई अर्काको दास नबन उद्यमी बन्ने प्रयत्न गर । जागिरे प्रतिको वितृष्णा भाव प्रकट गर्दै जागिरेका पीडा चाकडीवाज लगायत इज्जतसँग खेलवाड गरी पैसा वा घुसले जागिर खानु हुदैन भन्ने भाव व्यक्त गरेका छन् । यसरी स्वतन्त्र भई उद्यमी बन्नु पर्दछ भन्ने सन्देश एकातर्फ दिएको छ भने अर्का तर्फ जागिर भनेको नखाऊँ भने सिल्ली भन्दछन्, खाऊ भने केही उपलब्धि छैन नाम नै जा गई गीर भनी व्यङ्ग्य भाव प्रकट गर्दछन् ।

*सम्झी सारा अब म कहिल्यै खान्न जागिर भन्छु ।*
*छाडी जाऊँ घरतिर भने नम्बरी सिल्ली हुन्छु ।*
*शब्दै यस्तो दिनहुँ यसले जा गई गीर भन्छ ।*
*बाँच्नै पर्ने विवश नभए कल्ले जागीर खान्छ ॥३॥*(जगन्नाथ: ३१)

'देश नै वरबाद भो' भन्ने कवितामा कवि राष्ट्रमा भएको हत्या, आतङ्क, दुष्टजन र दैवी प्रकोपका साथै अनेक प्रकारका कार्यहरुले देशलाई धेरै नै वरवादी तर्फ धकेलेको प्रति व्यङ्ग्य प्रहार गर्दछन् । शान्ति स्थापना हुन नदिन धृतराष्ट्र, शकुनी जस्ता दुर्जनहरूले

देशलाई भताभुङ्ग गराएको र भोलिवाद प्रवृत्तिले राष्ट्रलाई दुर्दशातिर डोऱ्याएको प्रति व्यङ्ग्यभाव प्रकट गर्दछन् ।साथैहाम्रा राष्ट्रिय गौरवपूर्ण इतिहासलाई बिर्सेर भ्रष्ट नेतृत्व वर्गले नैतिक गुमाएको प्रति कवि चिन्तित देखिन्छन् । उनले अस्मिताको ख्याल नगरी खोक्रा सिद्धान्त र नैतिक आदर्शका कुरा गरेकोमा व्यङ्ग्य प्रहार गरेका छन् ।जस्तैः

*पऱ्यो पछाडि यो देश भोलिवादी प्रवृत्तिले*
*अकर्मण्य बने मान्छे मत्स्यन्यायी प्रवृत्तिले ।*
*दुर्दशा के भयो यस्तो रुन्छिन् आमा कठै वरा !*
*मुटु चस्किएको छ, भो कलेजी छिया-छिया ॥२॥* (जगन्नाथः ३७)

'यात्रा लोकतन्त्रको' भन्ने कवितामा कविरेग्मीले जनतालाई शान्ति भङ्ग हुनेप्रति जनता सचेत हुन सचेत गराउँछन् तराई पहाड हिमालका आन्दोलनले फेरि क्रान्तिको आगो बल्ने हो कि? राम र रावणका सैन्य पुनः युद्धमा फर्किने हुन् कि? भनी बालक वृद्ध महिला सज्जनहरू प्रति नेताहरूमा विवेकका मन्त्र पढाउनु पर्ने व्यङ्ग्य प्रहार गर्दछन्। अब लोकतन्त्र आयो राष्ट्रमा नवीनता आउँछ। सम्पूर्ण जनमानसमा लोकतन्त्रले अब देशमा काँचुली फेरि सर्वाङ्गीण विकास हुन्छ। यसैगरी उदायको लोकतन्त्रले पनि सुख शान्तिको आभास हुन नसकेको प्रति व्यङ्ग्य गर्छन् ।

'किन' भन्ने कवितामा कवि रेग्मी विश्वासमा कुठाराघात भएको छ भन्ने कुरा प्रस्तुत गरेका छन् । उनले अन्याय, अत्याचार, शोषणले जरो गाडेको प्रति चिन्ता व्यक्त गर्दछन् । माया प्रेम भाइचाराको सम्बन्ध हराएझैँ अर्का हिटलरहरू जन्मिएर शासन व्यवस्था खल्बल्याएका छन् उनले त्यसै गरी कुर्चीकैहोडबाजीप्रति लागि पर्ने भ्रष्ट नेताहरूलाई व्यङ्ग्य गर्दछन्। जनतामा द्वन्द्व चर्काउने धूर्त पाखण्डी जनहरूप्रतिको आफ्ना भाव व्यक्त गरेका छन् ।

'के हुन्छ यो देशमा' कवितामा कवि रेग्मीले देशमा युद्ध मच्चाई युवा शक्ति बैदेशिक रोजगारतर्फ पठाउने शासक वर्गप्रति लक्षित गरेर आफ्ना भाव व्यक्त गर्दछन्। यसरी यस देशमा उनीहरूलाई रोजगार प्रदान गरी स्वराष्ट्रमा केही गर्न सकेमा मात्र राष्ट्रको भविष्य उज्ज्वल छ ।यसै गरी सेती जस्तो पवित्र नदी भासिइन भने काली रोषले प्रकट भएकी छन् । जबसम्म युवाशक्तिलाई अर्काको देशमा दास बनाइन्छ तबसम्म देशमा केही उन्नति प्रगति हुन सक्दैन भनी कवि व्यङ्ग्य गरेका छन् ।

### ई) सामाजिक पक्ष

हामी मानव संसारका सम्पूर्ण प्राणीहरू मध्येमा सर्वश्रेष्ठ प्राणी भनेर परिचित भएका छौँ । वास्तवमा हामीमा त्यो सामाजिक चेतनाको ज्ञान हुन नसकेका खण्डमा पशु पक्षी र मानवमा केही भिन्न हुँदैन । त्यसैले पनि हामी सामाजिक सद्भाव सहृदयी भावना बोकेर समाजको उन्नति प्रगतिको अग्र दिशातर्फ उन्मुख हुनु पर्दछ ।भनिन्छ परिवार, समाज र राष्ट्रमा मेल मिलापपूर्ण भावना भएका खण्डमा समुन्नत राष्ट्रको विकास हुन कुनै समय लाग्दैन भनी कवि रेग्मी कविता मार्फत सचेतता प्रदान गरेकाछन् ।

'बाचूँ म मेरै प्रिय देशनिम्ति' भन्ने कवितामा कवि रेग्मीले अदम्य साहस लिई आफूमा नयाँ-नयाँ जोश र जाँगर पैदा गर्न सकेमा अमूर्त वस्तुहरूमा मूर्तता दिन सक्दछौँ । सम्पूर्ण स्वाभिमानी नेपालीहरू काँधमा-काँध मिलाई एकता भई अघि बढ्नुपर्दछ। जसरी पृथ्वीनारायण शाहले २२ औं २४ औं राज्यबाट अखण्ड बनाए त्यसै गरी हामीहरू फुट्न होइन जुट्नतिर लाग्नु पर्दछ भनी कविता मार्फतआफ्ना भाव पोख्दछन्

जस्तैः-

*कलै कलामा जब भाव पोख्छु ।*
*अमूर्ततामा पनि मूर्त बन्छु ॥*
*पीपिलिकाको जब पङ्क्ति देख्छु ।*
*म ऐक्यताको इतिहास लेख्छु ॥३॥* .(जगन्नाथ:५)

'जल्जला लेक मेरो' कवितामा कवि हामीमा सामाजिक सद्भाव रही रहन पर्दछ भन्नेभाव प्रस्तुत गरेका छन्।अहिले समाजमा जातीयताका नारा उठ्न लागि परेका छन् । यस समयमा हामीहरुले कुन जेठो कुन कान्छो वर्ग समुदाय नभनीकन सहिष्णुताको भावना लिएर अघि बढ्नुपर्दछ । यसै गरी आफ्ना समाजमा रहेका संस्कृतिहरू प्रेमीको जोडी झैँ बनी प्रस्तुत गर्नुपर्दछ । कही मारुनी नाच नै किन नहोस् या डम्फू, झ्यालीका तालमा हामी नेपाली एक बनेर अघि बढ्नु पर्दछ । कविले यस्ता आफ्ना एकताको भावनाहरू व्यक्त गरेका छन् ।

कवि रेग्मीले'युवालाई आह्वान' कवितामा समाजमा रहेका कुरीति, कुसंस्कार, कुभावनाहरू त्यागी सभ्य उन्नत राष्ट्रको निर्माणमा लाग्न युवाहरूलाई प्रेरित गर्दछन् । समाजलाई सही मार्ग निर्देशन गर्ने क्षमता युवाशक्तिमा हुन्छ । गरे के हुँदैन यो देशमा भनी सामाजिक बन्न कविले प्रेरित गरेका छन् ।उदाहरण जस्तै :-

*दाग लाग्नेछ पुर्खाको नत्र धवल-कीर्तिमा ।*

*पहिरो नचलोस् भाइ चोखो माया र प्रीतिमा ॥*

*लागे मधेसमा घाउ दुःखोस् पहाड चस्कियोस् ।*

*हिमाल पट्टी बाँधेर सञ्जीवनी धसीदिओस् ॥७॥*( जगन्नाथः २०)

अहिले समाजमा आफ्ना संस्कार संस्कृति भुलेर सभ्यताका नाममा नाङ्गिएको समाजप्रति व्यङ्ग्य भावले चिन्ता प्रकट गर्दछन् । समाजमा न्याय गर्ने वा सच्चा व्यक्ति दोषी बन्दछ भने केही गर्छु भनी अघि बढ्ने श्रमजीवीलाई तुच्छ विचारले हाम्रो समाजले हेर्ने गर्दछ । यस्तो परिस्थिति हाम्रो समजमा भइराखेको छ ।आफ्नो प्रभुत्व जमाउनका लागि या कुर्चीका लागि भ्रष्ट शासक वर्गले पनि वर्ग सङ्घर्षको युद्धहरू मच्चाउने काम यहाँ भैराखेको प्रति कवि चिन्तित् देखिन्छन् ।त्यसै गरी २१ औँ शताब्दीको मर्यादा सभ्यता यही हो भनी कवि प्रश्न गर्न चाहन्छन् ।

'किसान' भन्ने कवितामा कवि रेग्मीले हामीहरुले समाजमा आफ्नो अस्तित्व बचाउनका लागि सिपलाई प्रयोजनमा ल्याउनु पर्दछ ।यहाँ दलित भन्ने शब्दले हामी काममा दलिनेहरूले सम्पूर्ण प्राणीको रक्षा किसानहरुले नै गरेका छौँ । यदि कृषकले आफ्नोश्रमलाई छाडे भने विश्व नै भोको हुने कुरा व्यक्त गर्दछन् । त्यसैले सम्पूर्ण हामीहरू बीच जे-जे सीप छन् त्यसलाई प्रयोगमा ल्याउनु पर्दछ भनी सामाजिक बन्नका लागि प्रोत्साहन गर्दछन् ।

'परदेशी भाइलाई पत्र' कवितामा कविले हाम्रो समाजमा रोजगारीका निम्ति विदेश गएका बेखबर व्यक्ति प्रति लक्षित गर्दै बाल बच्चाहरू बाबा आदि भन्दै रोइ राखेका छन्। भने आमालाई सन्चो नभएर प्रदेश गएका छोराको बेखबरले बाबा पनि अन्योलमा परेका छन् यसै गरी प्रियसी आफ्ना पतिको प्रतिक्षामा दुःखित बनेकी छन् ।यसै प्रकारले अहिले हाम्रो समाजको यथार्थतालाई कविले प्रस्तुत गरेका छन् । यसरी कविले अनेकौँ समस्याले सताइ राखेको छ भनी भाइलाई इज्जत बचाउनुका लागि घर फर्कन आग्रह गर्दछन् ।

'बाँचेर खै के भयो' यस कवितामा कवि रेग्मीले मानव भएर जन्मिसके पछि समाज राष्ट्रका लागि केही गर्न नसकेकोमा बाँचेको निस्सार हुन जान्छ भन्ने भाव व्यक्त गर्दछन् ।यसरी कवि कवितामा एकतर्फ कानुन उल्लङ्घन गर्ने भ्रष्टहरू प्रति इङ्गित गरेका छन् । यस्ता प्रकारले समाजमा बाचेर राष्ट्रलाई अधोगति तर्फ धकेल्न खोज्ने ठूलाकुरा काम कम गर्ने घमण्डीप्रति नाम मात्रका मनुष्य हुन् भनी प्रस्तुत गरेका छन् ।यसै गरी यिनीहरूको बाँच्नुको सार नभएको कुरा व्यक्त गरेका छन् । 'परन्तुमा' भन्ने कवितामा कवि भन्छन्बोलीमा मिठास युक्त निःस्वार्थ भावले अगाडि बढ्नुपर्दछ। समाजमा रहेर कसैप्रति

रवाफ देखाउँदै आफ्नो आधिपत्य जमाउँदैमा केही हुँदैन । सबैसँग विश्वबन्धुत्वको भावना राखी अगाडि बढ्नुपर्दछ। वास्तवमा हामी सबै अन्त्यमा खरानी हुनै पर्दछ भन्ने भाव अभिव्यक्त गरेका छन् ।

### उ) अध्यात्म दर्शन तथा धार्मिक चित्रण

शालिग्राम र गण्डकीलाई हिन्दु धर्मावलम्बीहरूले आस्थाको केन्द्रबिन्दु वा पवित्रताका रूपमा लिन्छन् ।हिन्दुहरूका मन्दिरमा शालिग्राम नराखेसम्म पाठ पूजा अधुरै हुन्छ भन्ने धार्मिक विश्वास रही आएको पाइन्छ ।गण्डकी नदीलाई पावन पवित्र तीर्थ स्थलका रूपमा उच्च महिमा गान गरेको पाइन्छ ।यस गण्डकीमा स्नान गर्नाले पापमोचन हुन्छ भन्ने जनविश्वास रहेको छ । यसबाट प्रभावित भई कविले अध्यात्मप्रतिको भावना व्यक्त गरेका छन् । कवि जगन्नाथ रेग्मीले धर्मप्रति उच्च सम्मान गर्दै हामी बसेका यी पवित्र तीर्थस्थल ऋषि महर्षिहरूको तपोभूमि शालिग्राम क्षेत्र आदिको वर्णन गरेका छन् । उनले अत्यन्त सरल तौर तरिकाबाट सम्पूर्ण जनमानसले चुस्त र दुरुस्त बुझ्ने गरी यस पावन धामको वर्णन गरेका छन् ।'कालीगण्डकी' कवितामा हाम्रो अत्यन्त पवित्र सुन्दर ऋषि महर्षिहरूको तपोभूमि भगवान्हरूको निवास स्थान मानिएको छ ।यस कालीगण्डकीलाई विष्णुको अवतारको स्वरूपमा लिँदै आएको मानिन्छ ।यसरी कालीगण्डकीलाई विष्णु लक्ष्मीका रूपमा लिँदै आएको पाइन्छ ।संसारका नदीहरूमा यसको महत्त्व र स्थान उच्च रही आएको छ । काली वाङ्गो टिङ्गो गर्दै पर्वतका फेदमुनि हुँदै प्रकृतिमा रमण गर्दै पूर्ण स्वच्छ आत्मा लिएर विचरण गरि राखेकी छौ ।नाम काली भए पनि तिमी स्वच्छ निर्मल छौ । तिमी हिँडेका भूमिहरूमा कलुषित मान्छेहरू भेटिँदैनन् मात्र ईश्वर भेटिन्छन् भन्ने कवि यस्तो भाव अभिव्यक्त गरेका छन् ।

'हे सेती ! किन भाँसियौ?' भन्ने कवितामा कविरेग्मीले सेती नदीलाई पवित्रताका दृष्टिले उच्च मानेका छन् ।सेती नदी मुक्तिनाथको काखबाट प्रवाहित भई विभिन्न स्थानहरूमा लुप्त हुन पुगेकी छन् । उनलेसेती भासिनुमा विभिन्न कारणहरू हुन सक्छन्, मानवको विकृत अवस्था देखेर हो कि ? कुभावना, कुचेष्टा अनेकौं सम्भावनाहरू देखेर सेती भासिएको हुन सक्छ । हामीहरू गहिराई सम्म पुग्नु पर्दछ भन्ने चाहनाले हो कि ? समाजमा स्वार्थी निर्दयी अधर्मी मनुष्य देखि दिक्क लागेर सेती भासिएको हुनसक्दछ । कविले कही कतै शान्तिको आभास रही नरहेको यस समयमा अन्याय, अत्याचार गर्नमा उद्यत मानवप्रति

सम्झाउँदै मोक्ष दिने सेती तिमी किन भासियौ ? भनी प्रश्न गर्दछन् रेग्मीले सेतीलाई मानवीकरण गर्दै प्रश्नोत्तर शैलीमा कविता मार्फत धार्मिक चेतना दिने क्रममा कविले यस्तो भाव प्रकट गरेका छन् ।

'हे कृष्ण देऊ दर्शन' यस कवितामा कवि रेग्मीले अहिले धर्ममा अनेक प्रकारका वाणहरू प्रहार भैराखेका छन् ।यस राष्ट्रमा कंसासुर, कालनेमी, पूतना जस्ता दुर्बुद्धिले जरो गाडिराखेका छन् । यस समयमा कृष्णरूपी सत्पुरुषको जन्म यस देशको इच्छा आकांक्षा भैराखेको छ । यस अवस्थामा हे कृष्ण त्यस्ता सत्वगुणी पुरुषको दर्शन देऊ भनी अध्यात्मपरक भाव व्यक्त गरेका छन् ।

'के दिऊँ गुरु दक्षिणा' भन्ने यस कवितामा कविले गुरुसँगशिक्षा आर्जन गरेपछि गुरुलाई श्रद्धा भाव प्रकट गर्दछन् । कविले गुरुलाई के दिऊँ दक्षिणा वा मैले यस नेपाल भूमिमा जन्म लिएर हुर्कें बढें सही शिक्षा आर्जन गरेँभन्दै आफ्ना अनुभूति प्रस्तुत गरेका छन् । यसैगरी आफ्नो गुरुका साथ साथै मातृभूमिका निम्ति पनि के गरूँ भनी भन्दछन् । यो नाशवान् शरीर आखिरमा कहिले विलय हुने हो । यस देहबाट यो आत्मा कहिले निस्कने हो । यसरी कविले मृत्यु अघि राष्ट्रका निम्ति केही गर्नपाऊँ भन्ने चाहना प्रकट गर्दै गुरूप्रति उच्च सम्मान व्यक्त गर्दछन् ।

'......रमन्ते तत्र देवता' कवितामा कवि रेग्मीले जहाँ नारीको पूजा गरिन्छ त्यहाँ देवताहरू खुसी हुन्छन् भन्ने भाव अभिव्यक्त गरेका छन् । नारी भनेकी वात्सल्यकी खानी हुन् यस धर्तीमा हामी जन्मेर हुर्केका छौ । यस धर्ती माताको हामीले इज्जत गर्न जान्नु पर्दछ । आफ्नो माटोलाई सदा हराभरा बनाइ अन्न फलहरू फलाउन सके मात्र पृथ्वी माताको पूजा हुन्छ । तब मात्र यस राष्ट्रका देवतारूपी सत्पुरुषहरू खुसी हुन्छन् भनी कवि सचेतता प्रदान गर्दै आफ्ना भावहरू प्रस्तुत गर्दछन् ।

कविले 'गलेश्वर दिव्यधाम' यस कवितामा गण्डकीका तटमा अवस्थित प्रसिद्ध धार्मिक स्थल कालाञ्जर पर्वतको फेद विभिन्न ऋषि महर्षिहरूको तपोभूमिका बारेमा वर्णन गरेका छन् । त्यस धाममा जडभरत, कपिलमुनिको उपाख्यान, महाभारत,श्रीमद्भागवत्, वराहपुराणबाट प्रभावित रेग्मीले त्यहाँको यथार्थ वस्तु स्थितिको चित्रण गरेका छन् । यस सृष्टिकै सुन्दर पवित्रधाम भन्दै हिन्दुधर्मावलम्बीहरूको प्रमुख गन्तव्य स्थल गलेश्वरधाम हो भन्ने भाव प्रकट गरेका छन् ।यस पावन भूमि वा पर्वतमा कपिलमुनि जडभरत जस्ता तपस्वीहरूले तप गरेको बुझिन्छ ।कालीगण्डकीको तटमा सम्पूर्ण वासना विलासिता त्यागी

मनलाई पवित्र बनाउनु पर्दछ । यसरी कल्याणमय सबै नेपालीहरूमा गलेश्वर दिव्यधामको भावना जागृत होस् भन्ने भाव कवि अभिव्यक्त गरेका छन् ।

'गङ्गा' कवितामा कविले गङ्गाको जस्तै निर्मल भावना हामीमा हुनुपर्दछ भन्ने कुरा अभिव्यक्त गरेका छन् । उनले जस्तै पापी, दुराचारी, धार्मिक, सात्विक सबैको भेद नगरी गङ्गाले पवित्र गराउने कार्य गर्दछिन् । त्यसै गरी हामीहरू पनि कलङ्करूपी भावना त्यागी स्वच्छ विचार लिएर लोक कल्याणमा लाग्नु पर्दछ । मानापमान भेद नगरी सत्कर्ममा लाग्न सकेमा भवसागर रूपी दुःख जञ्जिरबाट मुक्त हुने कुरा कविले यसरी पोख्दछन् ।

**ऊ) नारी प्रेम**

कवि जगन्नाथ रेग्मीले कवितालाई अत्यन्त सुन्दर शैलीमा प्रयोग गरेका छन् । यसै गरी मधुरताले र गाम्भीर्यताले भरिपूर्ण हृदयस्पर्शी सरल, सरस, मृदुल भाषामा वात्सल्य पूर्ण कविता रचना गरेर आफ्ना भावहरू व्यक्त गरेका छन् । नारी भनेकी सहनशीलताकी प्रतीक हुन् ।यिनीहरूमा ममता, मुदिता, करुणाले भरिपूर्ण हुन्छन् ।

'.......रमन्ते तत्र देवता' भन्ने कवितामा कविले जहाँ नारी सम्मानित हुन्छिन् त्यहाँ देवता खुसी हुन्छन् भनेर कविले नारीप्रतिका आफ्ना अवधारणाहरू प्रस्तुत गर्दछन् । नारीप्रतिको दृष्टिकोणलाई यहाँ विभिन्न स्वरूपमा व्याख्या गरिएको छ ।

आमा : आमालाईहामी अभीष्ट भावले प्रेम गर्दछौँ । ती ममतामयी माताको गुणगानलाई हामी भुल्न सक्दैनौँ । मातृवात्सल्य जुन रूपमा प्रकट हुन्छ, त्यसलाई हामी तिर्न पनि सक्दैनौँ । यसरी सम्पूर्ण दुःख सागर भुलेरदशधारा दुध आमाले पिलाएको हामीले भुल्नु हुँदैन भनी कविले आफ्ना  मातृवात्सल्यका भाव व्यक्त गरेकाछन् ।

अर्धाङ्गिनी : अर्धाङ्गिनीबिना परमात्मा पनि आत्तिने कुरा कविले व्यक्त गर्छन् । सतिविना शिवजी पनिएक्लै रहन नसकेको कुरा उनले व्यक्त गरेका छन् । त्यसैले सतीलाईकाँधमालिएर शिवजी नाङ्गै पृथ्वीका विभिन्न भू-भाग घुमेको बुझिन्छ ।जसरीश्रीमती विना सृष्टिक्रम पनि चल्दैन त्यसै गरी हाम्रो रीतिरिवाज चालचलन नारी विना नचल्ने कुरा बुझिन्छ ।नारी भनेकी गहना हुन् त्यसैले पूर्वीय परम्परामा नारीलाई सम्मानका दृष्टिले हेरिने हुँदा राधाकृष्ण, सीताराम आदि लेख्ने गरिन्छ । नारी शक्ति हो भन्ने हेतुले प्रामाणिक रूपमा पाश्चात्य

जगतकी बेलायती नारी मेरी काफ्टको दृष्टान्त पनि शोषण रहित समाज सिर्जनका लागि उल्लेखनीय रहेको अभिव्यञ्जना कवि प्रस्तुत गरेका छन् ॥ जस्तैः-

*के हुन् वास्तवमा नारी को लगाउँछ खै पता ।*
*यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता ॥*
*सीता वियोगमा राम घुमे जङ्गलमा कति ।*
*व्रतपर्व अधुरै छन् नहुँदा घर श्रीमती ॥ ६ ॥*(जगन्नाथ ४५)

वास्तवमा कवि रेग्मीको 'अन्तरङ्गका तरङ्गहरू' कविता संग्रहका कविताहरूले हाम्रो देशमा रहेका प्राकृतिक सम्पदाहरूको चित्रण गरेको छ। यस देशमा रहेका विभिन्न प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ। यसैगरी अध्यात्मको चेतना प्रदान गरेर सभ्य समाजको निर्माणमा लाग्न यस कविता सङ्ग्रहले प्रेरणा प्रदान गरेको छ ।यसरी उनले हामी एक भई राष्ट्रको सर्वाङ्गीण विकासमा लाग्न अभिप्रेरित गरेका छन् ।

## ४.१.२.चारुचित्र कविता सङ्ग्रहको विश्लेषण

### क)कविता तत्त्वका आधारमा चारुचित्रको अध्ययन/विश्लेषण

'चारुचित्र' कविता सङ्ग्रहको विश्लेषण गर्दा यहाँ तत्त्वगत आधारलाई लिइएको छ । जस अन्तर्गत शीर्षक, लय विधान, संरचना, भाव वा अन्तर्वस्तु कथन ढाँचा आदिलाई समावेश गरिएको छ ।

**अ) शीर्षक**

'चारुचित्र' एउटै समासयुक्त शब्दले बनेको देखिन्छ। सामान्य अर्थमा चारु भनेको सुन्दर र चित्र भन्नाले प्रतिबिम्ब भन्ने अर्थ बुझाए तापनि यसले व्यञ्जनात्मक अर्थमा काव्यमा वर्णित शब्द चित्र, भाव चित्र र अर्थ चित्रलाई वर्णन गरेको पाइन्छ। कविलाई सबै शीर्षक मध्ये चारुचित्र शीर्षक नै मन परेको हुनाले समग्र कवितासङ्ग्रहको शीर्षक नै त्यही दिएका छन् । यस कविता सङ्ग्रह भित्रका कविताका शीर्षक मध्यपृष्ठ १६ अन्तर्गत रहेको आठौं कविता पनि 'चारुचित्र' भनेर कविले प्रकृतिको सुन्दर चित्रको वर्णन पनि गरेका छन् ।निष्कर्षमा मानव र प्रकृतिका सुन्दर रूपको वर्णन एवम् तिनीहरूको छटालाई महत्त्व दिएर शब्दचित्रमा उतारिएका हुनाले यस सङ्ग्रहको शीर्षक पनि सार्थक देखिन्छ ।

**आ) संरचना**

संरचनाका दृष्टिमा 'चारुचित्र' कविता सङ्ग्रहमा जम्मा ३५ वटा कविताहरू सङ्गृहित छन् । यी कविता बढीमा २४ श्लोकसम्मका र कम्तिमा २ श्लोक (रक्तबीजको गर्जना) सम्मका कविता भेटिन्छन् । आयामको हिसाबले लघु लघुत्तर र लघुत्तम आकारमा कविताहरू संरचित भएका छन् ।समग्रमा यस कवितासङ्ग्रह पनि मध्यम आकारको रूपमा देखिन्छ । यस कविता सङ्ग्रहमा बृहत् अर्थात् लामा कविता नभएको कारण चारुचित्रलाई मझौला पुस्तकाकृतिको कविता सङ्ग्रहको रूपमा लिन सकिन्छ । श्लोक संरचनाका दृष्टिले ३५ वटा कविता भित्रका श्लोक सङ्ख्या जम्मा ३७१ रहेका छन् ।

**इ) कथन ढाँचा**

कथन ढाँचा भन्नाले कविले कवितामा प्रयोग गरेको उक्ति कुन पुरुषमा छ ? भन्ने कुरालाई सङ्केत गर्छ ।'चारुचित्र' कविता सङ्ग्रहका प्रथम पुरुष द्वितीय पुरुष एवम् तृतीय पुरुष उक्ति ढाँचामा पनि संरचित छन् । प्रायः तृतीय पुरुषका अपेक्षा प्रथम र द्वितीय पुरुषको अभिव्यक्ति नै कविले बढी जसो प्रयोग गरेका छन् ।केही उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

प्रथम पुरुष : जस्तैः'मेरो देश','म भाग्यमानी', 'म हराएँ कता कता' आदि ।शीर्षकका कविताहरू यस ढाँचामा पर्दछन् ।

द्वितीय पुरुष : जस्तैः 'धवलागिरि', 'जन्मोत्सवको दिन', 'मित्र राष्ट्र भारतसँग', 'लेखनाथ', 'घमण्डी विद्वान्सँग', 'महावीर पुनः लाई देख्दा', आदि शीर्षकका कविताहरू पर्दछन् ।

तृतीय पुरुष : जस्तै 'रक्तवीजको गर्जना', 'लोकतन्त्र','यहाँ चलन यस्तै छ', 'नयाँ नेपाल', 'वीर भोग्या वसुन्धरा' आदि रहेका छन् ।

**ई) लय विधान**

कवितालाईश्रुतिमधुर बनाउन लय वा छन्दको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।कवि रेगमीका कविता वर्णमात्रिक छन्दले गर्दा गेयात्मक बन्न पुगेका छन् ।'चारुचित्र' कविता सङ्ग्रहमा पनि विभिन्न छन्दको प्रयोग गरिएको छ । विशेषतः अनुष्टुप छन्दको प्रयोग भएको यस कविता सङ्ग्रहमा अनुष्टुप छन्दलाई ४ पङ्क्तिको अनुष्टुप छन्दलाई ८ पाउ बराबर एक श्लोकका दरले विन्यस्त गरिएको पाइन्छ । त्यसै गरी इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति,

मालिनी, पञ्चचामर, मन्दाक्रान्ता शार्दूलविक्रीडित लगायतका छन्दलाई मिठासपूर्ण शैलीमा खेलाउन सफल भएका छन् । जस्तैः शार्दूलकीडित छन्द : *तिम्रै पौरखमा छ नूतन सधैँ संसार यो सुन्दर* (युगसारथि श्लोक-१)(जगन्नाथः३६)

मन्दाक्रान्ता : *भेट्यो तिम्रो दृढ कदमले उच्च साहित्य आज* (लेखनाथ श्लोक-३)( जगन्नाथः५५)

उपेन्द्रव्रजा : *पाएँ अहा अमृत अन्नपानी*

*मिल्यो यहीँ सुन्दर जिन्दगानी* ।(जगन्नाथः८)

उपजाति : *सुनिन्छ अन्तर्ध्वनि रे विचित्र*

*कस्ले खिचेको भन चारुचित्र ।*(जगन्नाथ :१६)

यसरी लयात्मक सौन्दर्यका दृष्टिले कवि रेग्मीको 'चारुचित्र' आफैमा चारुयुक्त छ भन्न सकिन्छ ।

**उ) केन्द्रीय कथ्य वा भाव व्यञ्जना**

भावगत दृष्टिले हेर्दा यस कविता सङ्ग्रहका कवितामा प्रायः कतै राष्ट्रप्रेम कतै प्रकृतिको सुन्दर रूपको चित्रण साथै समसामयिक विषयवस्तुको समेत अभिव्यञ्जना पाइन्छ । प्रकृति आफैमा रहस्यपूर्ण रहेको र कवि यही रहस्यमा हराइराखेको कुरा 'विलाउँ झैँ लाग्दछ सृष्टि भित्रै' कवितामा स्पष्ट देखिन्छ । त्यस्तै जमाना फेरिएको विषयलाई कविले व्यङ्ग्य भावको शैलीमा प्रस्तुत गरेका छन् ।जस्तैः

*जमाना फेरियो भन्छन्,खै कहाँ फेरियो भन ।*
*पुरानै पद्धति हाम्रो, पुरानै ऐन-कानुन ॥१॥*
*छन् पुराना उनै मान्छे,पुरानैको छ चिन्तन ।*
*खै विश्वास कतै छैन, के भयो परिवर्तन ॥२॥*(जगन्नाथः४८)

कविले कतिपय कवितामा पृथक दृष्टिकोण अपनाएका छन् । धेरै कवितामा देश प्रेमका साथै देशको विषय परिस्थिति माथि चिन्ता पनि व्यक्त गरिएको छ ।उनलेनेपालमा अनेकौँ नारा तथा विषयमा आन्दोलनहरू भए तर पूर्ण रूपमा सही दिशा निर्देश देशले नपाउँदा विकासका गतिहरूमा अवरोध स्थिति सिर्जना भएको कुरालाई पनि भावभिव्यक्तिका रूपमा दर्शाएका छन् ।

उनले सामाजिक सांस्कृतिक एवम् नैतिक चेतनालाई उच्च महत्त्व दिएका छन् । यस्ता नीतिगत चेतना सम्पूर्ण जनतामा नभएसम्म देशको परिस्थिति चारुमय नहुने कुरा कविले बताएका छन् ।'पश्चिमको हावा' तथा 'साह्रै दिक्क लाग्छ' शीर्षकका कविताहरूले आधुनिक समाजको विकृतिजन्य शैलीलाई स्पष्ट पार्न खोजेका छन् ।पश्चिमको हावा जस्तैः

*महङ्गो मदिराधोकी नालीमाथि पछारियो ।*

*हिरो हो युगको भन्छन् भन के अब चाहियो ?* (जगन्नाथ ६२)

उनले समग्रमा प्रकृति,नारी युग, सृष्टि सौन्दर्यलाई चारुचित्रमा उतार्ने प्रयास गरेका छन् ।कविले मुख्यतः प्रकृतिका सौन्दर्यात्मक चेतनालाई वर्णन गरे तापनि अलग ढङ्गले अन्य समसामयिक विषयहरूलाई पनि भावगत अभिव्यञ्जनाका रूपमा अभिव्यक्त गरेका छन् ।

**ऊ) बिम्बालङ्कार**

बिम्ब तथा अलङ्कार पनि कविताको महत्वपूर्ण तत्व हो । विशेष गरी मिथकीय बिम्बलाई प्राथमिकता दिइएको यस कविता सङ्ग्रहमा महान् त्यागीहरूलाई मिथकीय बिम्बको रूपमालिइएको छ । उदाहरणका लागि 'म भाग्यमानी'कविताबाट केही शब्दहरू लिइएको छ ।जस्तै : शिवी, दधीचि आदि । यसैगरी स्वयम्भू, बुद्ध, कुबेर, अभिमन्यु, चक्रव्यूह,ज्ञानकोश, मन्दराचल, आदि जस्ता शब्दहरू प्रयुक्त छन् । यसरी 'म' भन्ने कविताका माध्यमबाट विम्बगत रूपमा आएका छन् । भीष्म भन्नाले क्रान्तिको प्रतीक, युग सारथि भनेर कर्मशील युवाहरूप्रति सचेत गराउँदै तिनीहरूलाई पनि प्रतीकको रूपमा उभ्याइएको छ ।बिम्बको प्रयोग भएका केही उदाहरणहरूलाई यहाँ हेर्न सकिन्छ । जस्तैः

*निर्मोही बन वीर अर्जुनसरी हौ कर्ममा नै रत ।*

*आशापास छुटाई कर्मठ बनी जित्छौ महाभारत ॥*(जगन्नाथ : ५)

उपर्युक्त श्लोकमा महाभारत भन्नालेकठिन पूर्ण कार्य भन्ने अर्थ मिथकीय बिम्बका माध्यमबाट बुझिन आएको छ। यसरी भगीरथ राजाको विषयलाई पनि कविले बिम्बको रूपमा यहाँ समावेश गरेका छन्। अलङ्कारको सन्दर्भमा हेर्दा शब्दालङ्कार एवम् अर्थालङकारमा कवि निपुण देखिन्छन्। शब्दालङ्कारमा अनुप्रास, यमक, अलङ्कारका साथसाथै अर्थालङ्कारमा उपमा, उत्प्रेक्षा, रूपक, श्लेष, अर्थान्तरन्यास, लोकोक्ति, आदि अलङ्कारको प्रचुर मात्रामा प्रयोग भएको छ। विम्ब तथा अलङ्कारले कविता सङ्ग्रहको

सौन्दर्यलाई अझै लालित्यपूर्ण बनाएको स्थिति देखिन्छ। चारुचित्र भित्रका केही अलङ्कारलाई यहाँ प्रस्तुत गर्न सकिन्छ ।

जस्तै : अन्त्यानुप्रास : *सुनिन्छ अन्तर्ध्वनि रे विचित्र ।*

*कस्ले खिचेको भन चारुचित्र ॥३॥* (जगन्नाथ : १६)

श्लेष : *त्यै बेला सिर्जना आई मलाई स्पर्श गर्दछे ।*

*तड्पाएर भुलाएर कतै अलप बन्दछे ॥२॥* (जगन्नाथ : १४)

यस पङ्क्तिमा सिर्जना भन्नाले कुनै युवतीको नाम वा कविसिर्जना के हो ? भन्ने कुरामा द्वयर्थक हुँदा शब्दमा श्लेषालङ्कार देखिएको छ ।

अर्थान्तरन्यास : *पुरुषार्थ गरे मात्र पूर्ण बन्दछ जीवनी ॥१०॥*(जगन्नाथ : ४६)

लोकोक्ति : *माछो माछो भनेको त झन् उल्टै भ्यागुतो पऱ्यो ॥६॥*(जगन्नाथ : ५४)

यसरी विभिन्न अलङ्कारले सुसज्जित 'चारुचित्र'कविता सङ्ग्रह बिम्बालङ्कारका दृष्टिले पनि सार्थक देखिएको छ ।

**ए) भाषाशैली**

तत्सम बहुल भाषशैलीको प्रयोग यस चारुचित्र कविता सङ्ग्रहमा पाइन्छ ।सामान्य भन्दा विशिष्ट किसिमको शिल्पशैलीप्रति कविको झुकाव देखिन्छ ।हरेक पङ्क्तिहरू आलङ्कारिक बनेका छन् ।संस्कृतनिष्ठ सूक्तिले गर्दा अझ सौन्दर्य बनाएको छ। अन्त्यानुप्रास, अर्थान्तरन्यास, उल्लेख, रूपक, लोकोक्ति आदि अलङ्कारको संयोजनले बढी मिठास पूर्ण बन्न पुगेको छ। पद संरचनाका हिसाबले कतिपय ठाउँमा एका हुनाले लोकोक्तिहरूको प्रयोग थप आलङ्कारिक बनेको छ ।यस कविता सङ्ग्रहमा तत्सम शब्दहरूको प्रयोग पनि यहाँ प्रस्तुत गरिएका छन् । जस्तैः प्रयत्न, विद्या, कटाक्ष, वचन, स्नेह, आनन्द मग्न, लावण्य, विधाता, नयन, सुधा आदि पर्दछन् । यसैगरी तद्भव प्रयोग भएका शब्दहरू जस्तैः शीतल, वान्धव, भाई, करुण, जीवन आदि विम्बहरूको समुचित प्रयोगले झन् सौन्दर्य राशि प्रदान गरेको छ । यसरी शिल्प शैलीका दृष्टिले यस कविता सङ्ग्रह सबल हुन गएको छ ।

**ख) प्रवृतिगत आधारमा 'चारुचित्र' कविता काव्यको विश्लेषण**

चारुचित्र कविता सङ्ग्रह कवि जगन्नाथ रेग्मीले रचना गरेको कविता सङ्ग्रह मध्ये दोस्रो कविता सङ्ग्रह हो। प्रस्तुत कविता सङ्ग्रह २०६७ साल अलिमियाँ लोकवाङमय प्रतिष्ठान पोखरा, कास्कीद्वारा प्रकाशित गरी पाठक सामु आएको छ। यस कविता सङ्ग्रहमा लेखकले नयाँ नेपाल निर्माणका क्रममा हुन सक्ने सम्भावित दुर्घटना प्रति सचेत गराएका छन् ।यसैगरी समाजमा रहेका कुसंस्कार, कुविचार, अहंता प्रति व्यङ्ग्य प्रहार गरेकाछन् ।उनले प्राकृतिक सौन्दर्यले भरिपूर्ण राष्ट्रमा यसको सर्वाङ्गीण विकासमा लाग्न अभिप्रेरित गरेका छन् । यसका साथसाथै समुन्नत राष्ट्र राष्ट्रियताका प्रति संवाहक ध्वनिहरू पनि अभिव्यक्त गरेका छन्। यस कविता सङ्ग्रहमा जम्मा ३५ वटा कविताले सुसज्जित 'चारुचित्र' कविता सङ्ग्रह वर्णमात्रिक छन्दका उपमा, उत्प्रेक्षा, रूपक, आदि अलङकारले युक्त कविता सङ्ग्रह हो। यी कविताहरू वर्णमात्रिक छन्दमा संरचित छन्। यस कविता सङ्ग्रहमा सरल, सरस तत्सम लोकोक्ति शब्दहरूको प्रयोगले समाहित भएका छन्। यस कविता सङ्ग्रहमा प्राकृतिक सौन्दर्यका साथसाथै राष्ट्रप्रेम सामाजिक मूल्य मान्यता आध्यात्मिक पक्षहरूसमेत समाविष्ट भएका छन् ।यस कवितामा प्रकृति, राष्ट्रप्रेम, ईश्वर चिन्तन, समाज, आदि यसका वर्ण्य विषय बनेका छन् ।

### अ) राष्ट्रप्रेम

चारुचित्र कविता सङ्ग्रह कवि जगन्नाथ रेग्मीको कविता सङ्ग्रहमध्ये दोस्रो प्रकाशितकविता सङ्ग्रह हो।यस कविता संग्रहमा कविले राष्ट्रियताका भावनाले भरिपूर्ण भावहरू व्यक्त गरेका छन्। उनले देशमा रहेका सम्पूर्ण जनताप्रति गणतन्त्रलोकतन्त्रपछिको समयले जीवनमा आमूल परिवर्तन हुन नसकेको कुरा बताएका छन्। यसरी परिवर्तन आउँछ भनी नारा जुलुस सहित विभिन्न आन्दोलनमा होमिएका जनताले सुखानुभूति गर्न नसकेको दुखेसो व्यक्त गर्दछन् ।यस परिप्रेक्ष्यमा मित्र राष्ट्र भारतले सिमानामा अनेकौं नेपाली दाजुभाइलाई पीडा दिएको प्रति चिन्ता प्रकट गर्दछन् । यसक्रमलाई नरोकेमा नेपाल र नेपाली चुप लागेर नबस्ने सङ्केत गर्दछन्। योराष्ट्र आकारमा सानो भए पनि वीर साहसी यही धर्तीमा जन्म लिएका छन्। यस्तै क्रम जारी राखेमा हामी हेरेर बस्ने छैनौं भनी आफ्ना भाव व्यक्त गर्दछन्।

'मेरो देश' कवितामा कवि रेग्मीले यस धर्तीलाई वा नेपाल राष्ट्रलाई स्वर्गसँग तुलना गरेका छन् ।पृथ्वी म अल्मलाई राखेको छु।नेपाल र नेपालीले स्वतन्त्र बाच्ने चाहना गर्दछन् ।यस देशमा यस्तो स्वर्ग सरी रमणीय झरना गण्डकी प्राकृतिक सम्पदाले भरिपूर्ण

रहेको छ । उनले यस भूमिमा दश नङ्ग्रा खियाएर सुख दु:ख नेपाल आमाको काखमा बिसाउन चाहन्छन् । अनि नि:स्वार्थ भावनाले कार्य गरी सम्पूर्ण राष्ट्रमा नेपाल आमाको नाम परिचित गराउन चाहन्छन् ।कविले यसरी आफ्ना तीव्र देश भक्तिका भावना पोख्दछन् ।'म हराएँ कता-कता' कवितामा आफूलाई मैले नचिनेर हराउन पुगेछु ।पुर्खाले आर्जेको इज्जत पनि धूमिल हुन पुगेको अभिव्यञ्जना प्रकट गरेका छन् । यसैगरी मैले केही गर्न सकिन भनी आफ्नो समय भोग विलासमा मात्र लागेर कुवाको भ्यागुतो  भएको अनुभव प्रस्तुत गर्दछन् । अब हामी सत्कर्म गरी विकास पथमा लाग्नु पर्दछ। यसरी निजी स्वार्थ त्याग गरी सदाचारमालाग्न सकेमा मानव हुनुको अर्थ रहन्छ भन्ने भाव व्यक्त गर्दछन् ।'हाँसौँ कसोरी भन' कवितामा कवि रेग्मी केही गर्छु भन्नेलाई यहाँ अनेकौँ बाधा अड्चन गराएर मूल्यहीन कार्यहरू अवरोध सिर्जना गरेको देखिन्छ । यसरी पुष्टि गराउन तल्लीन जनप्रति निधिप्रति दुखेसो व्यक्त गरेका छन्  ।

२००७ सालको आन्दोलन होस् या २०६२।६३ को अनेकौँ आन्दोलनले शान्ति अमन चयन देशमा हुन नसकेको प्रति कवि दु:ख व्यक्त गर्दछन् । यसरी देशमा रहेको अशान्ति प्रति चिन्ता प्रकटगर्दछन् । हामी यसरी देशमा केही होला भनेर लाग्यौँ तर केहीपरिवर्तन नभएको प्रति चिन्ता व्यक्त गरेका छन् । सम्पूर्ण भै-झगडा त्यागी मैत्रीपूर्ण भावना बोकी सबै हामी नेपाली मिलेर सद्भाव पूर्ण वातावरणमा बस्नुपर्ने भाव कविले प्रकट गर्दछन् । यसैगरी सहकार्य गर्दै अगाडि बढ्न नसकेकोमा कविले म कसरी हाँसौ नेपाल आमा रोइराखेको बेलामा भनी भनेका छन् भने कतै प्रश्न गर्न खोजिराखेका छन् ।

'मित्र राष्ट्र भारत सँग' यस कवितामा कवि रेग्मीको हृदय राष्ट्रवादमा पूर्ण डुबेको देखिन्छ। भारतले नेपाललाई कमजोर सम्झेर नेपालका भूभागहरूमा सिमाना मिच्ने कामप्रति असन्तुष्ट हुँदै व्यथित बनेका कविले आफ्ना भावनाहरू यसरी प्रस्तुत गरेका छन् । जस्तै :*नेपाललाई नबनाऊ दैया ।*

*म गर्छु विन्ती सुन फेरि भैया ॥*

*मलाई कम्जोर भनी नठान ।*

*हुँ कालको कालम यत्ति जान ॥१०॥*(जगन्नाथ : ३३ )

हे भारतका शासक वर्ग विचार पुऱ्याएर काममा लाग तिमी महान् छौ महान् बन्न सिक भनी कविले भनेका छन् । आ-आफ्ना स्वतन्त्र अस्तित्व सबैका हुन्छन् र इज्जतका

साथ सबै बस्न चाहन्छन् । त्यसैले धाक धम्की रवाफ देखाउने कार्य नगर भनी यसरी आफ्ना अभिव्यक्तिहरू प्रकट गरेका छन् ।

'वीर भोग्या बसुन्धरा' यस कवितामा कवि रेग्मीले अर्कालाई सिकाउने हरूले पहिला आफूले सिक्नु पर्दछ ।यसरी कुरामा मात्र सीमित नभएर काम गरी देखाउने बानीको विकास पथमा लाग्नु पर्दछ । मह काढ्नेले हात चाट्छ भनेझैं कार्य उत्साह लिएर सङ्घर्षपूर्वक अघि बढनु पर्दछ। यसले आजबाटै राष्ट्र निर्माणमा जुट्न सकेमा मात्र राष्ट्रको उत्थान हुन्छ ।गीताको अर्तीलाई अङ्गिकार गर्दै काम गर फलको आशा नगर अवश्य तिमी गन्तव्यमा पुग्दछौ । अर्को अर्थ द्योतन गर्दछ मृत्यु भएमा स्वर्ग प्राप्त हुनेछ । कविले जित्यौ भने पृथ्वीको भोग गर्नेछौ, भन्ने भावना लिएर अघि बढ्नु पर्ने अभिव्यक्ति दिएका छन् । उनले यसरी लोक कल्याणमा जुट भनी अभिव्यक्त गरेका छन् ।'युग सारथि' भन्ने कवितामा कवि रेग्मीले श्रम यत्नपूर्वक गरे पत्थर फुटाउन देखि संसार कमाउन सक्ने क्षमता हामी नेपालीहरू मा छ भन्ने भाव प्रस्तुत गरेका छन् । यही उच्च हिम्मतका साथ अघि बढ्न सकेमा नेपालले विश्वमा आफ्नो गौरवपूर्ण इतिहास राख्न सक्दछ। हामी सम्पूर्णको कल्याणमा लाग्नु पर्दछ ।हामी केही अलमल नगरीकन हामी भागीरथ स्वरूप पवित्र बनेर राष्ट्रको स्वर्ण प्रभा सरह स्वयम् बनेर अघि बढ्न सक्नुपर्दछ । यसै गरी अघि बढेमा युगको साथी या राष्ट्रको उन्नति गर्न सक्दछौँ । तब मात्र राष्ट्रको महिमारूपी आरतीले स्वागत गर्न सक्दछौँ भनी कवि राष्ट्रको महिमा गान गर्दछन् ।

कवि रेग्मीले 'गणतन्त्र' कवितामा जनतालाई गणतन्त्र आयो जनताका सम्पूर्ण समस्या सङ्कट हराइसक्यो भनेका छन् । यसलाई स्थापित गर्न जनताहरूले आफ्नो नेताहरूलाई घच्घच्याउन आग्रह गर्दछन् ।यसरी गणतन्त्रले समाजका विकृत अवस्थाका नियमहरू हटेर जान्छन् भन्ने भाव प्रस्तुत गरेका छन् । अनि मात्र जनताकोसंविधान घोषणा हुन्छ ।कविले**कृष्णरूपी** सक्षम सज्जन नेतृत्व वर्ग यसलाई छिटो पूर्णता दिने काम गर भनेर आफ्ना इच्छा प्रकट गरेका छन् । अहिले दुष्ट शिशुपालरूपी कुभावना भएका व्यक्तिहरू सुतिराखेका छन्; यस समयमा सम्पूर्ण एकजुट भएरदेशको विकास निमार्ण कार्य गर्नु पर्दछ ।उनले यसैगरी छिटो गणतन्त्रलाई कार्यान्वयन गर्ने कुरालाई पनि जोड दिएका छन् ।

'शान्तिको फूल' कवितामा कविले अनेकौं वीर वीरङ्गनाहरूले रगतको खोला बगाएका छन् ।यस राष्ट्रमा कतिका सिन्दुर पुछिएका छन् । अब सबै निःस्वार्थ भावना बोकी महान् उद्देश्य प्राप्तिमालाग्नु पर्दछ। यसै गरी कालो तुवाँलो हटाएर सुरम्य नेपालमा

सार्वभौम शक्ति प्राप्त गरी सद्भावपूर्ण वातावरण मिलाई राष्ट्र या शान्तिको फूल छर्न सकियोस् भन्ने भाव कविले व्यक्त गर्दछन् ।उदाहरण जस्तैः

*खुलाएर उत्थानको मूल माटो ।*
*सजाईरहौँला सुधासिक्त माटो ।*
*जगाईरहोस् स्नेह सद्भाव हाम्रो ।*
*फुलोस् देशमा शान्तिको फूल राम्रो ॥६॥*(जगन्नाथ : ६८)

**आ) प्रकृतिप्रेम**

कवि जगन्नाथ रेग्मीका कतिपय कविताले प्रकृतिको वर्णन गरेका छन् । रेग्मी साँच्चिकै भन्नु पर्दा प्राकृतिक सौन्दर्यलाई अत्यन्त माया ममताका साथ प्रस्तुत गर्ने कवि हुन् । उनका कविताहरूमा प्रकृतिको सर्वोत्तम सौन्दर्य राशिले भरिपूर्ण वन पाखा, हिमाल, ताल, झरना आदिको वर्णन गरिएको छ ।कवि रेग्मीले प्रकृतिका महिमा लाई आलङ्कारिक शैलीमा चित्रण गर्ने कार्य गरेका छन् । सौन्दर्य प्रेमी रेग्मी आफ्ना कवितामा चराहरूका चिरविर आवाजले मन पुलकित हुन्छ भनी तिनीहरूको वर्णन गरेका छन् ।यसै गरी नदी ताल आदिका कलकल आवाजले हृदयभरि आनन्दका बहारहरू अभिव्यक्त गर्ने कार्य उनका कविताहरूले गरेका छन् ।

'बिलाऊँ झैं लाग्दछ सृष्टिभित्रै' कवितामा कवि आफूलाई प्रकृतिका हरेक वस्तुसँग तुलना गरी प्रकृतिमै लीन हुने कुरा व्यक्त गर्दछन् । उनले फूलजस्तै फुल्न मन लागिरहेको,हिमाल जस्तै उठ्न मन लागिराखेको अभिव्यक्ति प्रस्तुत गरेका छन् । यस्तै प्रकारले पानी जस्तै बग्न मन लागेको, उर्वरभूमि बनी मूल फुटाएर सृष्टिमा विलाउन चाहेका छन् । उनले शरद् ऋतुको जुन जस्तै अमन्द आनन्द प्राप्त गर्ने आकाङ्क्षा प्रकट गरेका छन् । यसैगरी बुद्ध जस्तै शीतल शान्त बनेर सृष्टिभित्र विलाऊ झैं लाग्दछ भन्ने भाव अभिव्यक्त गर्दछन् । सृष्टिकर्ताले कस्ता कस्ता दिव्य सृष्टिहरू गरेका होलान् यस्तो आनन्दको अनुभूति प्रकट भएको कुरा कवि व्यक्त गर्दछन् ।

'धवलागिरि' कवितामा कवि रेग्मीले सौन्दर्यताले भरिपूर्ण प्रकृतिको उच्चतम चित्रण गरेका छन् । यसरी सौन्दर्यको साक्षात्कार गर्ने क्रममा उनी धवलागिरिको महिमामय स्वरूपको वर्णन गरेका छन् । हामी स्वच्छ धवल फटिक जस्तो अत्यन्त सुन्दर रमणीय यस हिमाल स्वाधीनताको प्रतीकका रूपमा अटल रही रहेको छ । आफ्नो सौन्दर्य धपक्क बलेको

आभा प्रदान गरिराखेको छ। युगौ युगसम्म पनि यस हिमालले मोह प्रदान गर्ने यस्तो शक्तिका साथ मुस्कुराइ राखेको छ। कहिले चिन्तन गरी ध्यानमा मस्त रहन्छौँ भने कहिले यस धरालाई सिञ्चित गर्न पुग्दछौ। यस्तो देवताहरूको पनि दिव्यधाम मन्त्रमुग्ध बनाउने यस राष्ट्रमाथि कसैको कुदृष्टि नपरोस् भनी पहरा दिइराखेको यस हिमाललाई भेट्न जाऊँ जाऊँ लाग्दछ ।भनीआफ्ना भाव प्रकट गरेका छन्।

कविले 'चारुचित्र' यस कविताको नामबाटै कविता सङ्ग्रहको शीर्षक चयन गरेका छन्। यस कवितामा उनले शरद्कालिक पूर्णिमाको वर्णन गर्दै यस चेतन देहभित्र रहस्यले भरिपूर्ण संसारको चित्र कसले खिचेको भनी चारुसँग प्रश्न गरेका छन् ।कविलेगङ्गाको पवित्र जल निर्निमेष हेर्न सृष्टिको सुन्दरतालाई शब्दचित्रभित्र अट्न नसक्ने भाव व्यक्त गरेका छन्। हराभरा प्राकृत धर्तीभित्र हेरेर कहिल्यै नमेटिने यस्तो सौन्दर्य राशिलाई प्रस्तुत गरेका छन्।

'मीठो' कवितामा कवि यसरी प्रस्तुत गर्दछन्। थकानमा नीद जति प्यारो अरू केही हुँदैन प्रेमीसँग वियोग मीठो लाग्दछ भने सही काव्यमा कोमल भाव मीठो लाग्दछ। एकान्तमा चाहि चिन्तन प्यारो लाग्दछ ।पूर्णकलाले युक्त पूर्णिमाको वैभव राम्रो हुन्छ भने शृङ्गारले नारी सुन्दरता राम्रो बनाउँदछ। इन्द्रेणी वनमा परेको बेलामा अत्यन्त शोभायमान देखिन्छ ।धुनमाबासुरीको धुन आनन्ददायक हुन्छ। निष्काम भावले गरेका कर्म अत्यन्त राम्रो हुन्छ ।यसरी समयानुकूल वस्तुहरू राम्रा हुन्छन् भनी कवि आफ्ना प्रस्तुतिहरू व्यक्त गर्दछन्।

'फूलको आत्मकथा' कवितामा कवि रेग्मी भन्छन् मनुष्य बिन्ती छ मलाई फकन फुल्न देऊ भनी फूलको वेदना अभिव्यक्त गर्दछन्। यसैगरी मै माथि कमिलाले पनि रजाई गरेका छन् भने मलाई धमिराहरू खाइरहेछन् ।अनिआफ्नो स्वत्व गुमिरहेको प्रति कवि चिन्ता प्रकट गरेका छन्। ती निर्भर हातहरूले चुँडालेर शिरमा सजाउनेगर्दछन्। रिसरागले हो कि व्यर्थ मलाई चुँड्ने काम गरेका छन् भन्ने भाव अभिव्यक्त गरेका छन्। मैले कुन जन्ममा के गल्ती गरेकी थिएँ र घाम, पानी, हुरी यसरी सम्पूर्ण बाधाहरू मैले सहेर बसेको छु भन्ने भाव कविले प्रस्तुत गरेका छन्। यसैगरी कसैलाई भेददृष्टिले नहेरीकन सबैमा निःस्वार्थ प्रेम गर्दछु भन्ने भाव कविले व्यक्त गरेका छन्।

### इ) सामाजिक पक्ष

नयाँ नेपालको निर्माण गर्ने कार्यमा यस देशमा भैराखेका निराशा जनक गति विधि बाट कवि रेग्मी चिन्तित देखिन्छन् । हाम्रो देशको सामाजिक अवस्था र विकृतिहरू जस्ताको त्यस्तै यथास्थिति वादी प्रवृत्तिहरूको हावी रहन गएको छ ।यस राष्ट्रमा शोषण दमन अत्याचारको पराकाष्ठाले जरो गाड्न नछाडेका प्रति कवि चिन्ता प्रकट गरेका छन् । यी समयमा नयाँ शब्द या गणतन्त्र, लोकतन्त्र थप्दैमा केही नहुने भाव व्यक्त गर्दछन् । अपितु मानवीय प्रवृत्तिमा सुव्यवस्था अमन चयन, राष्ट्र र राष्ट्रियताप्रति सचेत भई समाज र राष्ट्रको सार्वभौम प्रति ख्याल राखी समुन्नत विकासमा लाग्न सकेमा मात्र नयाँ नेपालको निर्माण हुन सक्दछ । भनी आफ्ना भावहरू यसरी अभिव्यक्त गरेको पाइन्छ ।

'वाणी वन्दना' कवितामा कविले वेद, पुराण, मीमांशा र न्यायका कुरा पढेर मात्र हुदैनसंसारका सही सिद्धान्त र वादका कुराहरू अनुसरण गर्नुपर्दछ भनेका छन् । आफूले समाजमा रहेका विसङ्गति र विकृतिबाट टाढा हुँदै नेतृत्ववर्गलाई जुझारु बन्दै समाजको प्रेरणाबन्न सकोस् भन्ने चाहना व्यक्त गरेका छन् ।यसैगरी सबै शासक वर्गमा यस्तो अनुभूति भएमा समाजको कल्याण हुन सक्दछ भनी कवि आफ्ना भाव पोख्दछन् ।

कविले 'मेरो देश' कवितामा राष्ट्र प्रेमका साथसाथै समाजमा मनुष्यहरू अन्योलको द्विविधामा परेको भाव व्यक्त भएको छ ।उनले हामी मिलेर समाजमा अघि बढ्ने हो कि आफ्ना स्वार्थका लागि आन्दोलन गर्नेहरूका पछि लाग्ने हो  भन्ने भाव प्रस्तुत गरेका छन् ।कविले यसप्रति सजक बनाउँदै मेरो कर्तव्य के हो भन्ने भाव मुखरित भएको पाइन्छ ।समाजमा भएका स्वार्थी प्रवृत्ति त्यागी समुन्नत विकासमा जुट्न पर्दछ भनी अभिव्यक्त गर्दछन् ।

'चेलीको बिदाइ' कवितामा कवि रेग्मीले विवाह भनेको एउटा गृहस्थ सुन्दर जीवनको सुरुवात हो । इष्टमित्र बन्धुवान्धव रिझाउन सके त्यो परिवार स्वर्ग सरी बन्दछ । जसरी पानी निश्चल बनी बग्दछ ।त्यसै गरी पवित्र मनका साथ आफ्नो गृहस्थ जीवन भोग गर ।त्यस व्यवहारले परिवारमा लक्ष्मीको आगमन जस्तो बन्न पुग्दछ । जसरी श्रीकृष्ण र रुक्मिणीको प्रेम सुमधुर रहन गयो अनि शकुन्तलाले आफ्नो श्रीमान्को प्रतीक्षामा रहन सकिन त्यसै गरी समाजमा स्नेहपूर्ण व्यवहार गरी दुर्जन वर्गको विनाशमा सहयोगी बनी लाग्न कवि अभिप्रेरित गर्दछन् ।

'हामी उठ्न परेको छ' कवितामा यसरी कवि रेग्मी प्रस्तुत हुन्छन् । हाम्रा देशमा अनेक प्रकारका वर्ण, धर्म, जात जातिप्रति भइराखेको विभेद र क्रान्तिको भावना त्यागी

हामी नेपाली हौँ भन्ने भाव हुनुपर्दछ। यसैगरी एकताको भावना बोकी एउटै फूलको मालामा आबद्ध भई समाजमा रहेका सामन्तहरू एवम् भ्रष्टहरूलाई निरुत्साहित गर्नुपर्दछ। यसरीनै सभ्य समाजको निर्माणमा लाग्नु पर्दछ। यसको फाइदा उठाउन छद्मभेष धारण गरी अन्य मूलका मायावी दानवहरू मौका छोपेर यसलाई टुक्राउन तत्पर रहेका छन् ।हामीहाम्रो अखण्ड राष्ट्रलाई टुक्रिनबाट बचाइ राख्नुपर्दछ। हाम्रो शिर उच्च रहनका लागि अनेकतामा एकताबद्ध भई लागेमा मात्र देशको गरिमालाई उच्च राख्न सकिन्छ भनी यसरी आफ्ना भाव अभिव्यक्त गरेका छन् ।

*भ्रष्टाचार हटाएर लम्कँदै न्याय मार्गमा ।*

*हामी एक हुनै पर्छ जुटेर सहकार्यमा ॥५॥*

*ईर्ष्या द्वेष हटाएर मैत्रीभाव जगाउन ।*

*हामी उठ्नपरेको छ देशलाई उठाउन ॥६॥*(जगन्नाथ : ३८)

कविले'नयाँ नेपाल' यस कवितामा हाम्रो देशको शासन पद्धतिमा समान व्यवहारको नीति नियम लागु गर्नुपर्दछ भन्ने चाहना व्यक्त गरेका छन्। उनले राष्ट्र विकासमा **वसु धैव कुटुम्बकम्** को सद्भावपूर्ण व्यवहारलाई मैत्रीपूर्ण भावले पहाड, तराई, हिमाललाई स्वतन्त्र रूपमा नेपाली हुन् भन्ने कुरा प्रस्तुत गरेका छन्। यस देशमा चन्द्र र सूर्य अंकित ध्वजा फहराउँदै एउटै शीतल रुख मुनि शान्तिको आभास छर्दै लोककल्याणमा लाग्न कवि प्रेरित गरेका छन् ।

'आफ्नै प्रयासमा बाँच' कवितामा कवि रेग्मीले भाइ बहिनीलाई सम्बोधन गरी राष्ट्रप्रेममा लाग्न अभिप्रेरित गरेका छन् ।आफ्नो मर्यादामा रही अनुशासनपूर्वक कर्मरूपी ज्ञानको ज्योति छर्ने काममा अग्रसर हुन प्रेरित गरेका छन्। वास्तवमा रमाइलो क्षण भनेको आफ्नो पुरुषार्थलाई उन्नतिको मार्गमा लाग्न सक्नुपर्दछ। जसरी हिमाल कहिल्यै पनि नडगमगाईकन अटल रहेको छ पग्लेर पनि भूमिलाई सिञ्चित गरी उर्वर बनाउँछ। सूर्य र सागरले जस्तै आफू आफ्नो समाजको उन्नत मार्गमा निरन्तर दृढ विश्वासका साथ प्रगति पथमा लाग्न प्रेरित गरेका छन्। यस भुमिमा लम्कदा दुर्वासाजस्तो रोष प्रकट नगरीकन राइट दाजुभाइले जस्तै संसारमा नाम कमाउनु पर्दछ भनी कवि आफ्नो उच्च जोश उत्साहका साथ कर्ममा लाग्न प्रेरित गरेका छन् ।

'देशको उन्नति' यस कविता कवि रेग्मी भन्छन् देशको उन्नतिमा लाग्न व्यङ्गमय तबरले सामाजिक चेतना छर्ने कार्य गरेका छन् ।समाजमा अब शान्तिको सास फेर्न लागेको

अवस्था आएको छ। यस समयमा  पुन रौद्ररूप धारण गरी मानवको मूल्यलाई पशुतुल्य बनाई द्वन्द्व बढाउने नगर। नेपालमा बन्द गराएरमा गफले दिगो विकास नहुने कुरा व्यक्त गरेका छन् ।सारा जनताका कामहरू लुटेर आफ्नो महल सजाउँदैमा राष्ट्रको उन्नति हुँदैन ।पुस्तौँ पुस्तालाई पुग्ने सम्पत्ति लुटेर आफू र आफ्ना आसेपासेलाई पोषणमा लागेका नेतृत्व प्रति कटाक्ष प्रकट गरेका छन्। नौटङ्की नेतृत्व पङ्क्तिमाथि र सत्ताको लागि निमुखा जनतालाई खोक्रो नारा लगाउन लगाई ढुकुटी रित्याउने जनप्रतिनिधिसँग प्रश्न गर्न चाहन्छन् ।भ्रष्ट नेतृत्व पङ्क्तिलाई कसरी हुँदैन देशको उन्नति गरे यहाँ सुन्दर समाज र राष्ट्रको विकास गर्न सकिन्छ भन्ने भाव व्यक्त गरेका छन्। साथै अहिले माओवादीमा लागेर वा मधेसका माग इतर काम कार्यमा लाग्ने भ्रष्ट नेतृत्व वर्गलाई सहीमार्गमा लाग्न कवि प्रेरित गरेका छन्। यसरी सही मार्गमा लागे कसरी उन्नति हुँदैन भनी प्रश्नोत्तर शैलीमा आफ्ना भाव व्यक्त गरेका छन्।

*देशभक्ति फलाकेर चर्को नारा लगाउँछौ ।*
*अखण्ड राष्ट्र टुक्र्याई नयाँ नेपाल रच्दछौ ॥९॥*
*समावेशी प्रजातन्त्र भन्दै रोष्ट्रम घेर्दछौ ।*
*संविधान सभाभित्र नौटङ्की नाच नाच्दछौ ॥१०॥* .(जगन्नाथ : ५१)

'यहाँ चलन यस्तै छ' यस कवितामा कवि भन्छन् कोही बसी बसी आनन्द पूर्वक धन सम्पत्ति आर्जन गरेका हुन् ।यस प्रकारकोही पजेरोमा मोजमस्तीका साथ घुमिरहेका छन् भनेकोही घरमा सुत्ने बेलामा छाता ओढ्नुपर्ने व्यथापनि हाम्रो समाजमा छ। यसरी यस समाजमा रहेको विसङ्गतिप्रति कविले गहिरो दुःख व्यक्त गरेका छन्। ठूला बडाहरूले जे गरे पनि कानून केही छैन। यस देशमा हामी देशको गरिब निमुखाको उत्थान गर्ने पार्टी या नेतृत्व वर्ग कोही नभएको कुरा व्यक्त गरेका छन् जे भने पनि आखिरमा जुन जोगी आए पनि कान चिरेकै भने जस्तो यो देशमा भइराखेको छ ।यस राष्ट्रमा श्रमको शोषण दमन गर्ने यो विधिको विधान हो कि यहाँको यस्तै चलन हो भन्ने भाव कविले प्रस्तुत गरेका छन्। कसैको घरमा अगेनामा आगो बल्न सकिराखेको छैन भनेकसैका घरमा दिनहुँ महोत्सव चलिरहेको प्रति कवि असमान समाजप्रति चिन्तित देखिएका छन्।

'महावीर पुनलाई देख्दा'कवितामा कवि रेग्मीले धैर्य उत्साह पूर्वक समाजको उन्नति पथमा लाग्नु पर्दछ। बाँच्नु साँच्चिकै भन्नु पर्दा अर्काका निम्ति हो। भनेर जसले भन्न

सक्दछ त्यसले सुख र दुःखमा समान सम्झी कर्ममा लागेरआफ्नो मातृभूमिका निम्ति उद्यमी हातहरू अघि बढाउन सक्दछ। यसरीनै प्रयत्न गरे केही असम्भव छैन मात्र योजकहरू दुर्लभ छन्। कवि यस्ता महावीर पुन जस्ता राष्ट्रका लागि समभाव देख्ने व्यक्तिको खाँचो परेको आशय प्रकट गरेका।

'साह्रै दिक्क लाग्छ' यस कवितामा कवि रेग्मी यसरी प्रस्तुत हुन्छन् मनमा अनेकौं पीर व्यथाहरू रुमल्लिरहेका छन् ।यस समयमा केही गर्न नसकेको भाव व्यक्त गरेका छन्। केही गर्न मनका वेदनालाई थाती राखी अघि बढ्न खोज्दा बाधा व्यवधान मात्रले दुःखको भुमरीमा पारेको कुरा व्यक्त गर्दछन्। यहाँ देशको समुन्नत विकास गर्न खोज्ने कर्मठ नेतृत्व वर्गले केही गर्न खोज्यो खुट्टा तान्ने प्रवृत्तिले समाज र राष्ट्रमा केही गर्न नदिने वर्ग बढी छन्। यिनीहरूप्रति लक्षित गर्दै आफूले समाजमा केही गर्न नसकेकोमा कवि यस समाजदेखि दिक्क लागेका भावहरू प्रस्तुत गर्दछन्।

**ई) व्यङ्ग्य पक्ष**

कविले लोकतन्त्र र गणतन्त्र प्राप्ति पछि देशमा भएको नियम कानुन दिगो विकासमा राष्ट्रले गति लिन नसकेको प्रति व्यङ्ग्य प्रहार गरेका छन् ।उनलेसमृद्ध नेपालको परिकल्पनामा बसेका नेपाली जनता र नेतृत्व पङ्क्तिप्रति यसरी प्रस्तुत हुन्छन्।

कवि रेग्मील'जन्मोत्सवको दिन' कवितामाआफ्नो जन्मोत्सव मनाएको प्रति व्यङ्ग्य गरेका छन्। जति उत्सव मनाए पनि मभित्र रहेका कुण्ठित भावनाहरू स्वार्थ पूर्तिका लागि सीमित भएमा केही हुन सक्दैन। म कोहुँ र आफूले गर्न पर्ने कर्तव्यका बारेमा समयलाई बुझेर दीन दुःखीको सेवामा लाग्न सकेमा मात्र उत्सवको महत्त्व हुन्छ। अन्यथा त्यसको कुनै तुक नहुने कुराप्रति व्यङ्ग्य गरेका छन्। आफूभन्दा साना भाइ बहिनीहरूमा सही मार्गदर्शक बन्न नसकेको प्रति आफ्ना दुःखका भाव प्रस्तुत गरेका छन्। भाङ खाएर समयलाई चिन्न नसकेका प्रति यस्तो व्यङ्ग्य प्रकट गर्दछन् ।यस्ता प्रकारले अर्कातिर हाम्रो नेतृत्व पङ्क्तिका व्यक्तिहरूप्रति लक्षित गर्दै प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र मनाउनु भन्दा त्यसलाई कार्यान्वयन गरी समुन्नत राष्ट्रको निर्माण गर्न नसकेको प्रति व्यङ्ग्य भाव प्रकट गरेका छन्।

कविले'विजयोल्लास' कवितामा विजयका हर्ष उल्लास मनाउँदै हामी अगाडि बढेका जनताप्रति स्वतन्त्रपूर्वकबस्ने चाहना प्रकट गर्दछन् ।उनले समानता र सहिष्णुता यिनै मूल

मन्त्र लिएर पहाड हिमाल, तराई वर्ग, धर्म, जात आदिमा भेदभाव भएमा लोकतन्त्र, गणतन्त्रको विजयोल्लास नहुने भाव प्रस्तुत गरेका छन् ।कवि रेग्मीकुनैतन्त्रलेदेशमा केही नहुने  भाव व्यङ्ग्य रूपमा प्रस्तुत गर्दछन् ।

कवि रेग्मीले'जमाना फेरियो भन्छन्' यस कवितामा अबदुःखका जमाना गए सुखका दिन आए अब देशमा अमन चयन आनन्दानुभूतिको क्षण हुन्छ भन्नेहरू प्रति यस्तो कटाक्ष प्रकट गरेका छन् । उनै अनुहार छन् सत्तामा कानुन उही छ ।त्यसैले गरिब दीन दुःखीहरूको अवस्था उस्तै छ भन्ने भावाभिव्यक्ति प्रस्तुत गरेका छन्  । भ्रष्टहरूले शोषण दमन गरिरहेका छन् । अझै हामीमा नयाँ सोच छैन सङ्कीर्ण भावनाले व्याप्त छ भनि आफ्ना अभिव्यक्ति प्रकट गरेका छन् । अहङ्कार स्वार्थ निहित छ ।कसरी हामी स्वावलम्बी बन्न सकिन्छ भन्नेमा ध्यान कसैको गएको छैन । योजना योजनामै सीमित छन् । कहिले भारतले सीमा मिच्ने गर्छ भने कहिले अरू देशले हेप्ने काम गरेका छन् । भोलिवाद प्रवृत्ति हामीमा व्याप्त छ । कसरी जमाना फेरियो भन्नु?खैकेमा परवर्तन छ, भनी व्यङ्ग्य भाव कवि यसरी प्रस्तुत भएका छन् ।

*भाँडभैलो गराएर मच्चाएर उपद्रव ।*

*जमाना फेरिने हैन, फेरिनै पर्छ मानव ॥५॥*

*भित्रभित्र घुसेका छन् यी भाइरस भ्रष्टका ।*

*चहऱ्याईरहे घाऊ अनेक दुःख कष्टका ॥६॥* (जगन्नाथ : ४८)

पश्चिमको हावा कवितामा कवि रेग्मी भन्छन् पश्चिमी सभ्यताले देशलाई चुर्लुम्म डुबाएको छ ।हाम्रो नैतिक मर्यादा विपरीत भिन्न संस्कृति कुप्रथा अँगाल्ने प्रवृत्ति हावी भएको र आफ्नो स्वत्व गुमाएर हिँड्ने जनप्रति जसरी कस्तुरीलेआफ्नो नाभिमा रहेको सुगन्ध जान्न नसकि बाहिर भौतारिन पुग्दछ ।त्यसै गरी हाम्रो संस्कृति सभ्यताप्रति अबुजजनप्रति कवि व्यङ्ग्य भाव गरेका छन् ।

**ई) ईश्वर चिन्तन**

हामीले आफूलाई चिन्न नसकी अनेक प्रकारका दुःखकष्टहरू भोगिराखेका हुन्छौं । यदि मभित्र ईश्वरको बास छ भन्ने भावना आफूमा जागृत भएमा निःस्वार्थ भाव सम्पूर्णसमाजको कल्याणमा लाग्नुपर्दछ । यसैगरी प्राणीहरूको कल्याणमा पक्कै पनि मानिसहरू जुट्ने थिए होलान् भनी कवि रेग्मी ईश्वर चिन्तन सम्बन्धी आफ्ना भावहरू

व्यक्त गर्दछन् । वास्तवमा अहिलेको समाजमा आफ्नो निहित स्वार्थका लागि भगवान्का नाममा पाखण्डी व्यवहारहरू मौलाएको देखिन्छ । यस्तो विकृत पक्षबाट असन्तुष्ट हुँदै कवि व्यापक सोचका साथ प्राणीहरूका सेवामा लाग्न प्रेरित गर्दछन् ।त्यहाँ सर्वत्र भगवान्को दर्शन मिल्दछ ।ईश्वर भावमा हुन्छन् भनीआफ्ना भाव प्रस्तुत गर्दछन्- 'भगवान भावमा हुन्छन्' यस कवितामा कवि हामी भगवान् खोज्नका निम्ति चारधाम लगायत अन्यत्र भौतारिनु नपर्ने भाव प्रस्तुत गरेका छन् । बुद्धिमा विकार रहित निर्मल भावना बोकी सत्कर्ममा लागेमा ईश्वर प्राप्त गर्न सकिन्छ । वास्तवमा ईश्वरको वास दुःखी दीनहीनहरूको सेवामा नै बसेको हुन्छ ।त्यसैले आत्मा चिनी परमात्माको ध्यान गर । गिर्जाघर, चैत्य, मन्दिर, मस्जित जहाँ गए पनि आस्था र विश्वास लिएर परोपकाररूपी शुद्ध मनले ईश्वर प्राप्त गर्न सकिन्छ ।काम, क्रोध, लोभ, मद, मात्सर्य यी दुर्गतिरूपी भावना त्यागगरी सात्विक भावना ग्रहण गर्न सकेमा मात्र निश्चय रूपमा ईश्वर आफूले प्राप्त गर्न सकिन्छ । इन्द्रियरूपी घोडालाई मन रूपी लगामले बाध्न सकियो भने मात्र ईश्वर प्राप्त गर्न सकिन्छ । वाक्, मानसिक, शारीरिक तीन प्रकारको हिंसा त्याग गर्न सकेमा मात्र ईश्वर प्राप्त गर्न सकिन्छ भन्ने भावका पङ्क्तिलाई कविले यसरी अभिव्यक्त गरेका छन् ।

*दीन दुःखीहरूलाई नघिनाऊ दया गर ।*
*हेर कोमल आँखाले सबैमा ममता भर ॥७॥*

*आत्म नै परमात्मा हो देह नै दिव्यमन्दिर ।*
*सबैका अन्तरात्मामा बसेका छन् परात्पर ॥८॥*

*या गिर्जा घरमा जाऊ या जाऊ चैत्य मन्दिर ।*
*श्रद्धा आस्था र विश्वासभित्र भेटिन्छ ईश्वर ॥९॥* (जगन्नाथ : २८-२९)

यसरी 'चारुचित्र' कवि जगन्नाथ रेग्मीको काव्य प्रकाशनका दृष्टिले दोस्रो कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा कविले प्रकृति प्रेम,समाज चित्रण, व्यङ्ग्य लगायत समाजमा नैतिकताको चेतना प्रदान गर्दै समुन्नत राष्ट्रको परिकल्पना गरेका छन् । यसैगरी भ्रष्ट नेतृत्व वर्गप्रति जनतालाई शान्तिको प्रत्याभूति गराउन नसकेकोमा खेद प्रकट गरेका छन् । त्यसैगरी सम्पूर्ण जनतालाई सचेत हुन आग्रह गर्दै आफ्नो अस्तित्वगुम्न नदिन सीमाना मा हुने गतिविधिप्रति सचेत रहनसमेत आग्रह गरेका छन् ।

### ४.१.३ धवलागिरि खण्डकाव्यको विश्लेषण

**विषयपरिचय**

धवलागिरि खण्डकाव्य प्राकृतिक सुन्दरताको सजीव वर्णन गरिएको कवि जगन्नाथ रेग्मीको स्वच्छन्द परिकल्पना हो । यस काव्य चौतारीमा कवि रेग्मीले आफ्नो वाक्प्रवाहलाई विभिन्न रूपमा प्रस्फुटन गरेका छन् ।यस क्षेत्रलाई परमपवित्र ऋषि महर्षिहरूको तपोभूमि हिन्दूहरूको मुक्तिको क्षेत्रका रूपमा लिइन्छ । साथै वौद्धिकहरूको गुम्बाहरू र हिन्दुहरूको मन्दिर एकै ठाउँमा सहिष्णुताका साथ सदियौं देखि रही आएको बुझिन्छ ।त्यसै भूमिबाट सेती गङ्गा र कालीगण्डकीको उद्‌गम विन्दुका रूपमा वर्णन गरिएको छ। त्यस कालीगण्डकीमा शालिग्राम देवताहरू पनि पाइने कुराको वर्णन छ। यसका तटहरूमा विभिन्न तीर्थस्थलका रूपमा वर्णन गरिएको छ। त्यसै तटमा पर्ने कालाञ्जर पर्वतको फेद गलेश्वर दिव्यधामलाई कपिलमुनि रहुगण लगायत तपस्वीहरूको तपोभूमिका रूपमा वर्णन गरिएको छ। यस क्षेत्रमा कविले यहाँका जडिबुटी लगायत विभिन्न वृक्षहरूका वर्णन गरेका छन् । प्राकृतिक सौन्दर्यताका दृष्टिले कालीगण्डकी संसारकै गहिरो खोच यसै क्षेत्रमा अवस्थित रहेको छ। कविले यहाँका उत्पादनलाई निकासी गर्नका लागी चीन-भारत जोड्ने रेलमार्ग निर्माण गरी व्यापार वृद्धि गर्ने भाव प्रकट गर्दछन्। यहाँको पर्यटकीय क्षेत्रअन्तर्गत पर्नेक्षेत्रहरूजस्तैः ऱ्याप्टिङ,हिमाल, रूप्से, छहरा, अन्धगल्छी, विभिन्न ताल, तलैया, धार्मिक क्षेत्र आदिको चित्रण गरिएको छ। यसै क्षेत्रमा घोरल, कस्तुरी, मृग जनावर र डाँफे, कृष्णसार जस्ता चरा चुरुङ्गीका साथै अनेकतामा एकता नेपाली संस्कृतिको विशेषता रहेको छ। यसरी कविले समसामयिक समय अवस्थाप्रति चित्रण गरेका छन्। राष्ट्र विकासका निम्ति सन्देशका भावहरू यस काव्यले दिएको छ।

जल सम्पदाको धनी राष्ट्र नेपाल यहाँका अनेकौ खोला-नाला, नदी, ताल-तलैया हिमालबाट जल सिञ्चित हुँदै तराईका भूमिलाई उर्वर बनाउन पुग्दछ। त्यसमध्ये कालीगण्डकी नदी धवलागिरिको काखबाट प्रवाहित भई अति निर्मल बन्दै मुक्तिनाथको पाउलाई प्रक्षालन गरी अघि बढेको पाइन्छ । यसरी पवित्र र पावन बन्दै विभिन्न तीर्थस्थलका रूपमा पूजित हुँदै अगाडि बढ्ने क्रममा अनेकौं झरना बन्दै जीवनकला सिकाउँदै सुसेली हाल्न पुगेकी छन्। यिनै गण्डकी संसारका नदीहरूमा यिनको महिमा उच्च रही आएको छ। गण्डकीले पवित्रता प्रदान गर्ने क्रममा पापी, दुराचारी, धार्मिक, ज्ञानी सबैलाई समान रूपले हेर्ने गर्दछन् ।यसैगरी नाम काली भए पनि काम अति निर्मल

देखिन्छ । सौन्दर्यले भरिपूर्ण कालीलाई कोहीजनले यसलाई दूषित तुल्याउने कार्य गर्दछन् । लोकोपकारका लागि दृढ निश्चय लिएर अगाडि बढ्ने पुण्यात्माहरू यही गण्डकीमा विलय हुन पुग्दछन् । कति मनुष्यहरू गिटी कुटेर या डुङ्गा चलाएर आफ्नो जीवन चलाउनेहरू पनि यहाँ छन् ।जसरी गण्डकी अव्यक्त भावमा बोल्न पुग्दछिन् । सम्पूर्ण प्राणीहरूको जीवन भागीरथका पूर्खाले गरेको महेनतको फलले गर्दा गङ्गालाई पृथ्वीमा ल्याउन सफल भए । यसरी तिनै गङ्गा मध्ये पनि उच्च महिमा बोकेको कालीगण्डकीलाई यस काव्यमा नायिकाको रूपमा लिइएको छ ।यस स्वच्छ गण्डकीलाई अहिले आएर दुषित पार्ने काम भइरहेको सन्दर्भलाई उल्लेख गर्दै मनुष्यलाई पाप मनमा लिएर के पुण्यको काम गर्छौ भनी कविले प्रश्न पनि गरेका छन् । जीवनमा जस्तो फल रोप्यो त्यस्तै नै प्राप्त हुने हुँदा गण्डकीको सभ्यताको धरोहरलाई बचाएर युग पर्यन्त आफ्नो जीवन सार्थक पार्न अनुरोधसमेत गरिएकोछ ।

'धवलागिरि' काव्यको विश्लेषण पनि काव्यतत्त्वगत र  प्रवृत्तिका आधारमा निम्न प्रकारले प्रस्तुत गरिएको छ :

**क) तत्त्वगत आधारमा धवलागिरि  खण्डकाव्यको अध्ययन/विश्लेषण**

**अ) शीर्षक**

नेपालकै पश्चिमाञ्चल विकास क्षेत्रमा अवस्थित 'धवलागिरि' हिमाललाई मुख्य पात्र नायक र त्यसै हिमशिखरबाट बहने कालीगण्डकी नदीलाई मुख्य नायिकाका रूपमा लिएर लेखिएको उक्त धवलागिरि कृति जम्मा ५ शीर्षकमा समेटिएको छ ।जुन यस प्रकार छन्- १ धवलागिरि, २ धवलागिरिको जलसम्पदा कालीगण्डकी ३. गण्डकी सभ्यता र यहाँको जनजिन्दगी ४ धवलागिरि सांस्कृतिक सम्पदा एवम् अमर तपस्वीहरू र ५ धवलागिरिका मधुर कल्पना उपरोक्त पाँच वटै काव्यकृतिले धवलागिरि हिमशिखर र धवलागिरि हिमशिखर हुँदै बहने कालिगण्डकी नदीको सेरोफेरोमा रहेर धवलागिरिको प्राकृतिक सौन्दर्यलाई जोड दिएको छ ।जसअनुसार 'धवलागिरि' खण्डकाव्यका सम्पूर्ण कविताहरूको शीर्षकहरूले शीर्षककै दायाबाया बहेर काव्यलाई पूर्णता दिएकाले उक्त शीर्षकलाई सबल र सार्थक मान्न सकिन्छ ।

**आ) आख्यान**

आख्यानका हिसाबले 'धवलागिरि' हिमाल खण्डकाव्यलाई सूक्ष्म अर्थात् झिनो आख्यान भएको मान्न सकिन्छ। धवलागिरिको सेरोफेरोमा आधारित भएर मुक्ति क्षेत्र गलेश्वर धाम, पुलहाश्रम, कालाञ्जर आदि ठाउँमा भए गरेका अनादिकालदेखिका घटनालाई कविले एउटा स्वरूप दिने प्रयत्न गरेका छन् ।हिमाली सभ्यता पौराणिक कालदेखि जडभरत र कपिलमुनिले तपस्या गर्दै आएको ठाउँ हो ।पछि यहाँको गरिमालाई सन्त महात्माहरूले निरन्तरता दिए। अहिले यस धवलागिरि आसपासका व्यक्तिहरूका आ-आफ्नै कथा व्यथाहरूलाई कविले सूत्रात्मक ढङ्गले उनेका छन्। समग्रमा पारस्परिक शृङ्खलाको अभावमा यस खण्डकाव्यलाई अमूर्त आख्यानात्मक प्रयोगका रूपमा लिन सकिन्छ।

### इ) पात्र

'धवलागिरि' काव्य कृतिमा मुख्य नायकका रूपमा 'धवलागिरि' हिमाललाई मानिएको छ भने नायिकाका रूपमा 'कालीगण्डकी' नदीलाई मानिएको छ। त्यसैगरी सहायक पात्रका रूपमा त्यस क्षेत्रका तपस्वी, सन्त, साहित्यकार, दार्शनिक लगायत मानवीय प्रयुक्त छन् भने मानवेतर पात्रहरूमध्ये त्यहाँका चराचुरुङ्गी, पशुपक्षी वनजङ्गल, पाखा-पखेरा ताल-तलैया, झरना आदि रहेका छन् ।प्राकृतिक दृष्टिकोणले हेर्दा धवलागिरिको जलसम्पदा, गण्डकी नदी या गण्डकीको हावा बहने क्षेत्रका जनजीवन तथा प्रकृतिले साज-सज्जा धौलागिरि मनोरम प्रकृतिको सांस्कृतिक स्थल प्रतीत हुन्छ। अतः धवलागिरि पर्वतलाइप्रमुख पात्रको रूपमा वर्णन गरिएको छ।

### ई) कथनढाँचा र लय

'धवलागिरि'खण्डकाव्यको कथन ढाँचा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित रहेको छ। यसले धवलागिरि पर्वतको एकल समुच्चतालाई जनाउँछ। कथन शैलीका रुपमा प्रयुक्त गरिएका यो, यी, यिनी जस्ता सार्वनामिक शब्दहरुको विन्यासले सर्वसाधारण पाठक र जिज्ञासु बालकहरूले समेत कविता भित्रको अभिव्यञ्जनाहरू सहजै बोध हुने सहजता लक्षित हुन्छ।

धवलागिरि खण्डकाव्यको लय विधान अनुष्टुप् छन्दमा आधारित रहेको छ। आठ अक्षरको एक पाउ र जम्मा ४ पाउको १ श्लोक मानी रचना गरिएको उक्त धवलागिरिखण्डकाव्यको कथन ढाँचा रलय निर्माण भएको छ।

## उ) भाषाशैली तथा अलङ्कार

धवलागिरि खण्डकाव्य कवितामा तत्सम बहुल भाषाशैलीको प्रयोग पाइन्छ ।सामान्य भन्दा पनि विशिष्ट किसिमको शिल्पशैलीप्रति कविको झुकाव देखिन्छ ।हरेक पङ्क्तिहरू सूक्तिमय एवम् आलङ्कारिक छन् । उपमा, रूपक, उत्प्रेक्षा, अर्थान्तरन्यास, काव्यलिङ्ग, विशेषोक्ति, उदात्त जस्ता अलङ्कारले भाषाशैलीलाई पृष्ठपोषण प्रदान गरेका छन् ।पद संरचनाका हिसाबले समासरहित छोटा छोटा पदावली र शब्दगत प्राञ्जलता भेटिन्छ । काव्य पढ्दै जाँदा कुनै पनि ठाउँमा अर्थक्लिष्टता नभएको हुँदा यो काव्य संस्कृतनिष्ठ भईकन पनि सरल र लालित्यपूर्ण बनेको छ ।

अलङ्कारमा सूक्तिविधान ज्यादा देखिने हुँदा एउटा भनाइले अर्को भनाइलाई समर्थन गर्दा दृष्टान्त र अर्थान्तरन्यास अलङ्कारको आधिक्यता देखिन्छ ।

*हामीअमृत खाएर झार्दैनौं कहिल्यै विष*
*महान् आदर्शका राम किन बन्थे र मारिच ।(जगन्नाथ : ४०)*

काव्यमा कहिँ कतै एउटै श्लोकभित्र २ वटा अलङ्कारको संयोजनले संसृष्टि अलङ्कार बन्न पुगेको भेटिन्छ ।जस्तैः

*आत्तिन्नन् दुःखमा कैल्यै मात्तिन्नन् सुखमा पनि ।*
*दया, सेवा र श्रद्धाका छँदैछन् धैर्यका धनी ॥ पृ.३५ (जगन्नाथ : ३५)*

उपर्युक्त श्लोकमा काव्य लिङ्ग र लोकोक्ति अलङ्कारको संयोजनद्वारा संसृष्टि अलङ्कार प्रयोग हुन पुगेको छ । आलङ्कारिक विन्यासका दृष्टिले पनि काव्यिक गरिमा बढेको छ ।

## ऊ) बिम्ब, प्रतीक

मिथकीय बिम्बको सुन्दर प्रयोग पनि यस काव्यमा देख्न सकिन्छ । परी (बिम्ब) ज्ञानको खोजीमा हिँडेका रहुगण राजा, जडभरत अवधूत ब्राह्मण आदि पौराणिक बिम्बको रूपमा आएका छन् । काव्यको नायक 'धवलागिरि' नै, ताप र राप सहेर हिउँद वर्षा न भनीआफ्नो कार्यमा खटिएको प्रहरी एवम् पहरेदारको प्रतीकको रूपमा आएको छ ।यस काव्यमा नायिकाका रूपमा आएकी 'कालीगण्डकीलाई' स्वच्छता एवम् पवित्रताकी प्रतिमूर्ति को प्रतीकका रूपमा लिइएको छ ।

## ए) संरचना

कविजगन्नाथ रेग्मीको खण्डकाव्य‘धवलागिरि’ मा जम्मा ५ उपशीर्षक रहेका छन् ।जस मध्येधवलागिरिशीर्षक १३६ श्लोकमा आवद्धछ ।त्यसै गरी धवलागिरिको जलसम्पदा कालीगण्डकी शीर्षक७३ श्लोकमा रचिएको छ ।‘गण्डकी सभ्यता र यहाँको जनजिन्दगी’शीर्षक ८० श्लोकमा रचना गरिएको छ ।‘धवलागिरिका सांस्कृतिक सम्पदा एवम् अमर तपस्वीहरू’ शीर्षक १८१ श्लोकमा निर्माण गरिएको छ भने ‘धवलागिरिका मधुर कल्पना’ नामक कविता जम्मा १९ श्लोकमा रचिएको छ ।धवलागिरिखण्डकाव्यका ५ वटै उप शीर्षकहरुमा बार्णिक छन्दको प्रयोग भएको छ । त्यसै गरेर सम्पूर्ण उप शीर्षकहरूलाई तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित गरिएको छ । सरसर्ती हेर्दा यस खण्डकाव्यको बाह्य खाका-संरचना स्वभाविक गतिको देखिन्छ ।आन्तरिक संरचनाका दृष्टिले हेर्दा काव्यिक गरिमाको कदर गर्ने प्रस्तुत काव्यमा ५ उप शीर्षकहरुले सुसज्जित खण्डकाव्यको स्वरुपमा निर्माण भएको प्रतीत हुन्छ ।

## ऐ पर्यावरण

धवलागिरिखण्डकाव्यको परिवेश हिमाली पहाडि सेरोफेरोमा आवद्ध छ । धवलागिरि निकटमा बस्ने जन मानसले प्रस्तुत धवलागिरि हिमाललाई अनादिकालदेखि बचाइरहेका छन् ।धवलागिरिको सभ्यता र संस्कृति एवम् तिनीहरूका कथा व्यथालाई नियाली परिवेशको रूपमा चित्रण गरिएको छ । यस काव्यले प्रत्यक्षतः अनादि कालदेखि अनन्तसम्मको एउटा कालिक परिवेशलाई उद्घाटन गर्न खोजेको छ तापनि खासमा वर्तमान कालिक युग जीवन नै परिवेशका रुपमा समेटिएको छ। यसमा विगतका विराट वीरासतको स्मरण गर्दै वर्तमान त्यही विगतबाट निर्माण भएको तर विगतका अपेक्षा वर्तमान धुमिल रहेको अवस्था प्रस्तुत गरिएको छ । यस परिस्थितिमा वर्तमानमा निकै सावधान भएर सुन्दर भविष्यको निर्माणतर्फ लाग्नु पर्ने सङ्केत अवलम्वन गरिएको छ । खण्डकाव्यले विगत, वर्तमान र भविष्य मध्ये तीन वटै काललाई कालिक परिवेश बनाएकोछ ।

## ख) काव्यगत आधारमा धवलागिरि खण्डकाव्यको अध्ययन/विश्लेषण

कवि जगन्नाथ रेग्मीलेधवलागिरि खण्डकाव्यमा प्रकृतिको सौम्य रूपको चित्रणका साथसाथै धवलागिरिको सेरोफेरो र त्यहाँको सभ्यतालाई वर्णन गर्न खोजेका छन् । प्रवृत्तिगत

आधारमा विश्लेषण गर्ने क्रममा काव्यकारको पर्यावरणीय सचेतता, प्रकृति प्रेम, सांस्कृतिक गौरव विकासवादी चिन्तन आदिलाई मुख्य रूपमा समेटिएको छ ।

### अ) प्रकृति चित्रण

प्रकृति चित्रणका हिसालबे धवलागिरि खण्डकाव्यमा कालीगण्डकी नदीलाई संसारकै गहिरो अन्ध गल्छी लगायत रूप्से छहरा, विभिन्न ताल-तलैया, कालाञ्जर पर्वत आदिको सुन्दर चित्रको रुपमा अभिव्यञ्जन गरेका छन् । यस क्षेत्रमा प्रयुक्त विभिन्न वन्यजन्तु जस्तैः चित्तल, घोरल, कस्तुरी, चितुवा र चराचुरुङ्गीहरुमा राष्ट्रिय पक्षी डाँफे, मुनाल आदिको स्वरुपलाई आदि पनि वनाइएको छ । काव्यमाधवलागिरि आसपासका क्षेत्रमा पाइने चुत्रो, डुम्री, बकाइनो आदि जडिबुटीहरूको महत्त्वलाई पनि प्रकृति चित्रणको आधार बनाइएको छ। प्रकृतिको वरदान मानिने सौन्दर्यको खानी धवलागिरि एकातिर नायकको रूपमा उपस्थित भएको देखिन्छ । भने अर्कातर्फ सुक्ष्म आकारबाट बृहत् रूप धारण गर्दै बगेकी कालीगण्डकी नायिकाका रूपमा आएकी छन् । यिनको रूप सौन्दर्यलाई देखेर जो कोही पनि मन्त्रमुग्ध बन्न सक्ने कुरालाई पनि समेट्न खोजिएको छ ।यस सन्दर्भमा कालीगण्डकीले गरेको शालिग्रामको सिर्जनालाई पनि प्रकृतिको सुन्दर सिर्जना मान्न सकिन्छ । जुन धार्मिक तथा सांस्कृतिक सम्पदाले पनि भरिपूर्ण देखिन्छ ।प्रकृतिको चारुमय लालिमा 'धवलागिरि' र 'कालिगण्डकी' एवम् यस आसपासका धरोहरहरू हुन् भन्ने कुरा समालोचक मोदनाथ प्रश्रितको यस भनाइबाट पनि स्पष्टिन सकिन्छ । झट्ट हेर्दा सम्पूर्ण हिमाली शृङ्खला नै सुन्दर देखिन्छ । तर धवलागिरिको विशेषता सबभन्दा हँसिलो हुनु नै हो । (जनमनमा चम्कोस् धवलागिरि भूमिका खण्ड)

*यही प्रकृति छायाँमा मान्छे आफै हराउँछ ।*(जगन्नाथ : ७)

त्यस्तै धवलागिरि साँच्चै स्वर्ग होभन्ने विषयमा यस्तो उद्धरण छ ।

*यो धौलागिरि साँच्चै नै स्वर्ग नै कहलाउँछ ।*(जगन्नाथ : ७)

यस श्लोकमा कविले धौलागिरिका साथै कालीगण्डकीको आसपास क्षेत्रका सम्पूर्ण प्राकृतिक सम्पदाको सौन्दर्यलाई साँच्चै नै स्वर्ग समान देखाएका छन् ।अतः प्रकृतिको चित्रणका दृष्टिले पनि काव्य दरिलो प्रतीत हुन्छ ।

### २. पर्यावरणीय सचेतता

कविले धवलागिरिको पर्यावरणीय सभ्यतालाई आफ्नो काव्यशिल्पद्वारा कविताका पङ्क्तिमा विन्यास गरेका छन् ।हामीले कालीगण्डकी आसपासको पर्यावरणलाई जोगाउन सकेनौँ भने पछि पर्नेछौँ भनी यसको सुन्दरता र पवित्रतालाई समेत युग-युगसम्म बचाई राख्न आह्वान गरेको पाइन्छ ।कविलेपनि अहिलेको आधुनिक जनमानसले कालीगण्डकीको जलसम्पदाबाट धेरै कुराको उपभोग गरिसकेपछि पनि त्यसलाई स्वतः बिर्सने प्रवृत्तिप्रति खेदसमेत प्रकट गरेका छन् ।जस्तैः

*हर गङ्गे सबै पाप भनी डुबुल्की मार्दछन् ।*

*स्वार्थ सिद्ध गराएर लात मारेर भाग्दछन्* ॥ (जगन्नाथ : २८)

कविले पर्यावरणको नाश गर्नु आखिर मानव सभ्यताको विनाश हो भन्दै यदि पर्यावरणीय सभ्यताको संहार भयो भनेआफ्नै पनि विनाश भविष्यमा हुन सक्ने र घट्न सक्ने दर्दनाक गति प्रति सङ्केत गरेका छन् ।जस्तैः

*पर्यावरणको नाश उल्टै आफ्नै विनाश हो ।*

*भोलि पक्का रुनै पर्छ, आज व्यर्थै नहाँस भो* ।(जगन्नाथ : २९)

यसै गरी कविले यहाँका पवित्र तीर्थस्थल एवं सांस्कृतिक धरोहरलाई पनि दूषित बनाउन नहुने कुरामो जोड दिएको पाइन्छ । काव्यकारको के ठम्याइ छ भने हामीले हाम्रो धवलागिरि जस्तै पवित्र स्वच्छ र स्निग्ध सभ्यतालाई जोगाइ राख्न सकेमा मात्र एउटा आदर्श जीवन बाँच्नुको अर्थ रहन्छ । ध्वन्यात्मक अर्थमा कविको चिन्ताविश्व तापीकरणले गर्दा हिमालमा हिम संस्कृति हराउन सक्ने र नदीमा जलको अस्तित्व मेटिन सक्ने कुराप्रति विशेष चासो देखिन्छ । त्यसैले समुचित पर्यावरणको महत्त्व र पारिस्थितिक प्रणालीको उचित सन्तुलन गर्नुपर्ने अवस्थालाई पनि सङ्केत गर्न खोजिएको पाइन्छ ।पर्यावरणीय सभ्यतालाई धमिल्याए देखि धवलागिरिको हिमाली सभ्यता हराउन सक्छ । यसबारे सबैजना सचेत हुनुपर्ने कुरालाई यस काव्यमा अभिव्यक्त गरिएको छ ।कविले व्यक्तिमा कालीगण्डकीको जस्तै कलात्मक सीप र प्रखरता भयो भने मात्रनदीको अस्तित्व तथा महिमा गानको पात्र रहन सकिले कुरालाई यसरी प्रस्तुत गरेका छन् ।जस्तैः

*काली छौ नामले किन्तुकामले कति निर्मला ।*

*रूपले मात्र क्यै हुन्नचाहिन्छ ढङ्गको कला ॥ (*जगन्नाथ २४)

यसरी हामी नेपाली प्रकृतिको पर्यावरणीय सुन्दरता तथा कलालाई हेरेर नै अगाडि बढ्नुपर्दछ । अन्यथा कालीगण्डकीको अलौकिक सुन्दरतामा लौकिक अस्तित्त्वको पनि संरक्षण

निरर्थक बन्न सक्छ । यिनै तात्पर्यमूलक अभिव्यक्तिहरु प्रस्तुत पंक्तिहरुले अभिव्यञ्जन गरेका छन् ।

### इ) आध्यात्मिक एवम् रहस्यवादी चिन्तन

यस खण्डकाव्यमा अध्यात्मको चिन्तनलाईखण्डकाव्यकारले पौराणिक आख्यानको सन्दर्भसमेत प्रस्तुत गरेर वर्णन गरेका छन् । यहाँ अनेक सिद्धपीठहरू छन् जस्तैः कालाञ्जर, हरिहरक्षेत्र, मुक्ति क्षेत्रकासाथै शिवपार्वतीको क्रीडास्थल पनि यही भूमि हो भनिन्छ ।काव्यकारले अध्यात्मकै चेतनाद्वारा अनादिकालदेखि जीवले मोक्ष गति प्राप्त गरेका कुरालाईसङ्केत गरेका छन् । यस क्षेत्रमा पृथ्वीको गर्भबाटै उष्ण जलको उत्पत्ति भएकोथियो भन्ने कुराको चर्चा पाइन्छ ।कविले यसै पावन क्षेत्रमा प्राकृतिक रूपमै दीप प्रज्वलित भएको, विषयलाई रहस्यवादी दृष्टिकोणद्वारा स्पष्ट पार्न खोजेका छन् ।उनले धवलागिरिकै आसपासबाट बग्ने कालीगण्डकीले विश्वमै दुर्लभ मानिने शालिग्रामको सिर्जना गर्न सकेको सन्दर्भ समेत उल्लेख गरेका छन् । यस काव्यमा शालिग्राम शिलाको महत्त्व रहस्यवादी चिन्तनबाट उद्घाटित भएको विषयलाई वर्णन गरिएको छ । जनश्रुति अनुसार शालिग्राम क्षेत्रमा जीवलेस्पर्श गरे मात्र पनि बैकुण्ठ गति प्राप्त गर्दछ भन्ने जनविश्वास रही आएको देखिन्छ ।प्रस्तुत काव्यमा यहाँका धाम मठ मन्दिर देवालय र त्यसको अस्मितालाई धानेर बसेका केही ऋषि महर्षिहरूको पनि उल्लेख गरिएको छ । कृतिमा उल्ले भए अनुसार गलेश्वरमा कपिल मुनि,श्रीधर स्वामी, परमानन्द, सरस्वती आदि महान् सन्तपुरुषले अध्यात्म ज्ञानको ज्योतिलाई विश्वसामु उद्दीप्त बनाएको सन्दर्भसमेत उल्लेख गरेको पाइन्छ ।

### ई) सांस्कृतिक गौरव

धवलागिरि खण्डकाव्य सांस्कृतिक सभ्यतादेखि नै धवलागिरि नेपालको मात्र नभएर संसारकै पहरेदार तथा ऋषिहरूको तपोभूमि देवताहरूको क्रीडास्थल, स्वदेशी तथा विदेशीहरूको गन्तव्य स्थलका रूपमा लिइएको छ ।यसै हिमालमा कालीगण्डकीको उद्गम स्थल रहेको छ ।कालीगण्डकी नदीको वरपरको क्षेत्रलाई तीर्थस्थलका रूपमा लिइएको छ ।यस कालीगण्डकीमा संसारकै नदीहरूमा दुर्लभ शालिग्राम शिला यसमा पाइने हुनाले धार्मिक महत्त्व अझ झल्किएको छ ।काव्यकारले मुक्तिनाथ र बौद्ध गुम्बा जस्ता महत्त्वपूर्ण

स्थल एकै ठाउँमा भएपनि धार्मिक मतभेद देखिँदैन भन्ने भाव व्यक्त गरेका छन् । यस क्षेत्रमा पाइने विश्वकै दुर्लभ चराचुरुङ्गी पशुपक्षी लगायत स्वास्थ्योपचारका दृष्टिले अति उपयोगी मानिने यार्सागुम्बा आदि जडिबुटीहरू पनि पाइने हुनाले यसको गौरव चुलिन पुगेको कुरा कविलेअभिव्यक्त गरेका छन् । धवलागिरि बहुजाति, बहुभाषी, बहुसंस्कृति र बहुसाम्प्रदायिक स्थल भए तापनि यहाँ धार्मिक सहिष्णुता साम्प्रदायिक एकता आपसी सद्भाव एवम् मेलमिलाप प्रचुर मात्रामा रहेको छ । जसलाई अनेकतामा एकता नेपाली समाजको विशेषता हो भन्ने उक्तिले पुष्टि गरेको छ ।यस क्षेत्रको म्याग्दी खण्डमा पर्ने 'गलेश्वर दिव्यधाम' लाई उनले सारस्वत दिव्यधामका रूपमा चित्रण गरेका छन् । यही ठाउँमा जडभरत, कपिलमुनि आदिले तपस्या गरेको परमानन्द, दण्डी, श्रीधराचार्य जस्ता महान् योगीहरूले ज्ञानको ज्योति फैलाएको हुनाले यसको सांस्कृतिक महत्ता अझै चुलिएको छ ।

### उ) उत्थानवादी चिन्तन

नैतिक आदर्शका धनी खण्डकाव्यकार जगन्नाथ रेग्मीका काव्यमा समाज सुधारका भावना, शैक्षिक चेतना, परिवर्तनकारी आवाज प्रशस्त मात्रामा भएको हुनाले उनलाई प्रगतिवादी, विकासवादी चिन्तकका रूपमा लिन सकिन्छ । काव्यकारले'धवलागिरि' खडकाव्यमा नेपाली जनसमुदायलाई आफ्नो देशको विकासको मूल फुटाउन आग्रह गरेका छन् ।उनले नयाँ प्रविधिलाई भित्र्याएर कृषिमा आधुनिकीकरण गर्दै अन्न बालीको उत्पादनले आत्मनिर्भर बन्न सचेत गराएका छन् । स्वदेशमा उत्पादित फलफूल तथा अन्नलाई समुचित विक्री वितरणका लागि उत्तर दक्षिण जोड्ने रेलमार्गको निर्माण गरी समुन्नत राष्ट्रको परिकल्पनासमेत गरेका छन् । यसरी नै पर्यटकहरूलाई मनोरञ्जन दिलाउन साहसिक जलयात्रा- लगायत पर्यावरणका साथै अन्य मार्गहरू पनि प्रशस्त गरेका छन् । मानव जगत् बाँच्नका लागि नभई नहुने आधारभूत आवश्यकता गाँस, बास,कपासको परिपूर्तिका नेपाली डाँडा-काँडा, पखेरा लगायत सबै क्षेत्रमा विकासको पर्यटकीय गन्तव्य स्थलको परिकल्पना गरेका छन् ।

## निष्कर्ष

काव्यकारले हाम्रो मानव सभ्यताको विकास सँगसँगै धवलागिरि हिमालले हाम्रो पहरेदारको कार्य गरी राखेको कुरा व्यक्त गरेका छन् । उनले धवलागिरिको आसपासमा रहेका सांस्कृतिक सभ्यताको रक्षा गर्नुपर्ने अभिव्यक्ति प्रकट गरेका छन् । उनले हाम्रो देशमा रहेका अन्य प्राकृतिक सौन्दर्यका छटालाई अस्तित्वका साथ राख्न पर्यावरणीय सचेततामा विशेष ध्यान दिएका छन् । काव्यकारले हामी हिमाल (धवलागिरि) जस्तै स्वच्छ निर्मल भावना लिएर अघि बढ्नु पर्दछ । तब मात्र समुन्नत राष्ट्रको शिखरमा पुग्न सकिन्छ । काव्यकारले 'धवलागिरि' खण्डकाव्यको माध्यमबाट पर्यटकीय सम्भाव्यता प्रस्तुत गरेका छन् । उनले यस क्षेत्रका महत्त्वपूर्ण औषधीयार्सागुम्वा, चुत्रो आदिले धवलागिरि को महत्त्व वढाएको कुरा प्रस्तुत गरेका छन् । यसले राष्ट्रको महिमालाई उच्च र सबल बनाउन मद्दत पुग्दछ भन्ने सन्देश यस 'धवलागिरि' खण्डकाव्यले दिन खोजेको छ ।

# परिच्छेद पाँच

# उपसंहार

## ५.१.सारांश

यस  शोधकार्यको अध्ययनका क्रममा पाचौं परिच्छेदमा समापन गरिएको छ ।
प्रस्तुत शोध पत्र जगन्नाथ रेग्मीको काव्यकारिताको अध्ययन गर्ने क्रममा पहिलो परिच्छेदमा शोधपत्रको समस्या, उद्देश्य, औचित्य र सीमाङकन आदिमा आधारित रहेर त्यस परिच्छेको अध्ययन गरिएको छ ।

दोस्रो परिच्छेदमाः जगन्नाथ रेग्मीको जीवनी का साथै अन्य काव्यकृतिका बारेमा अध्ययन गरिएको छ तदर्न्तगत मुख्यतया समालोचकीय, प्राज्ञिक, समाजिक आदि व्यक्तित्वका बारेमा समेत अध्ययन गरिएको छ ।

तेस्रो परिच्छेदः कविताको सैद्धान्तिक परिचय दिइएको छ । साथै जस अन्तर्गत कविताका तत्त्वहरु : शीर्षक, संरचना, लय, कथन ढाँचा,विम्ब अलङ्कार,भाव, भाषाशैली आदि विषयमा आधारित रहेर अध्ययन गरिएको छ ।

चौथो परिच्छेद : जगन्नाथ रेग्मीका काव्यकृतिहरु अन्तरङ्गका तरङ्गहरु र चारुचित्र कविता सङ्ग्रहका साथै धवलागिरि खण्डकाव्यको समेत अध्ययन गरिएको छ । जस अन्तर्गत काव्यतत्त्वका आधारमा र काव्य प्रवृतिगत आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

पाँचौं परिच्छेद : यस परिच्छेदमा काव्य कृतिहरुको अध्ययन सारांश निष्कर्ष सुझाव सहित समावेश गरिएको छ ।

### ५.१.१. निष्कर्ष

यस पाँचौं परिच्छेदमा जगन्नाथ रेग्मीको काव्यकारिताको विश्लेषण शोधको अन्तिम निष्कर्ष स्वरूप उपसंहार गर्न खोजिएको छ। साथै यस शोधमा प्रयोग गरिएका विभिन्न पक्षहरूको प्रमाणिक जानकरीका लागि सन्दर्भ ग्रन्थ सूची पनि राखिएको छ ।

कवि जगन्नाथ रेग्मीका मुख्य प्रकाशित तीन वटा कृतिहरू मध्ये 'अन्तरङ्गका तरङ्गहरू' (२०६४), 'चारुचित्र' (२०६७) र 'धवलागिरि' (२०७०) पर्दछन्। अन्तरङ्गका तरङ्गहरू लेखनाथ साहित्य प्रतिष्ठान, कास्कीले प्रकाशन गरेको हो भने चारुचित्रलाई अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान एवम् पछिल्लो खण्डकाव्य धवलागिरिलाई सिर्जनशीलालोकतान्त्रिक प्रतिष्ठानले प्रकाशन गरेको छ। काव्य जगत्मा सिर्जनशीलता हासिल गरेका रेग्मीका काव्य प्रवृलिाई हेर्दा प्रकृतिको सुन्दरताकोवर्णन स्वच्छन्द ढङ्गले आफ्ना काव्यमा प्रस्फुटन गरेको पाइन्छ। यसका साथै प्रगतिका चेतना, विकासका सम्भावना, सामाजिक सांस्कृतिक सभ्यता आदिलाई मुख्य विषय वस्तु बनाएर अध्यात्म चेतनाको विकास गरी समुन्नत राष्ट्रको निर्माणतर्फ लाग्न कविले आह्वानसमेत गरेका छन्। त्यसै गरी हाम्रो देशमा रहेका ऐतिहासिक एवम् धार्मिक धरोहरको रक्षा गरी यस राष्ट्रलाई आर्थिक रूपमा पनि सबल बनाउने भाव कविका यी काव्यमा अभिव्यक्त भएका छन् ।

कविको पहिलो काव्य कृति अन्तरङ्गका तरङ्गमा जम्मा तीन दर्जन कविता सङ्गृहित छन्। मझौला आयाम बोकेका यस सङ्ग्रहमा लामा छोटा गरी जम्मा २८२ श्लोकहरू संरचित छन्। प्रस्तुत कवितामा कवि मनका तरङ्गहरूलाई शब्द चातुर्यताका माध्यमबाट प्रस्फुटन गरिएको छ। यसक्रममा कविले हिमाली संस्कृति आर्ष सभ्यता अध्यात्म चेतना आदिलाई अन्तर्वस्तु बनाउँदै प्रकृतिको सौम्य रूपको चित्रण गरेका छन्। कविका अन्तरमनका भाव कवितामा छचल्किएकाले शीर्षक आफैमा सार्थक एवम् पूर्ण देखिन्छ ।लय विधानका दृष्टिले पनि सरस र मधुरता थपेको देखिन्छ। त्यसै गरी भाषाशैलीमा प्रयुक्त सूक्ति एवम् लोकोक्तिका प्रयोगले कवितालाई थप मिठासपूर्ण बनाउन सहयोग पुगेको देखिन्छ ।

बिम्ब तथा आलङ्कारिक प्रयोगले कविताको भाषाशैलीलाई अझ लालित्यपूर्ण बनाएको देखिन्छ ।यसरी कवितामा रस अलङ्कार शैली तथा व्यञ्जनात्मक प्रयुक्ति तर्फ

पनि ध्यान पुऱ्याइएको छ। यस कविता सङ्ग्रहमा कतै मानव मनका भावनाहरू व्यक्त भएको छ भने कतै जीवनका भोगाइ, धनको महत्त्व, नारी सौन्दर्यको चित्रण, शासकीय पद्धति, युगीन सभ्यता, शृङ्गारका भावनाहरू, जन्मभूमिप्रतिको आस्था, कृषिको महत्त्व आदि विषय मूलभूत रूपमा समेटिएका छन् ।यिनै विषयमा केन्द्रित रहेर विभिन्न ३६ वटा शीर्षकमा कविका अन्तरमनका भावहरू शब्द चातुर्यका माध्यमले पोखिएका छन् । कविप्रौढोक्ति एवम् अन्य ढाँचामा संरचित यहाँका कविताले प्रकृतिको शोभा देखेपछि हरेक सहृदयी मन पग्लन्छ भन्ने भावको अभिव्यञ्जना दिन खोजेका छन् ।

यसरी प्रकृतिका साथै आध्यात्मिक, धार्मिक, एवम् युगीन सभ्यतालाई अझै उजागर गर्दै लानु पर्ने कुरामा कविको ध्यान गएको देखिन्छ। निष्कर्षमा भन्दा वर्णमात्रिक छन्दमा शब्द एवम् अर्थालङ्कारको प्रयोगद्वारा काव्यलाई श्रुति मधुर तथा गेयात्मक बनाइएको छ। यसरी कविका यी रचनाहरूले पाठक एवम् भावक मनका तरङ्गहरूलाई अझै जीवन्त बनाउन प्रेरित गरेका छन्। यस कविताका माध्यमबाट हाम्रो सभ्यता संस्कृति तथा पर्यायवरणीय चेतनातर्फ सम्पूर्ण नेपालीहरूको ध्यान पुगोस् भन्ने कवि आकाङ्क्षा रहेको पाइन्छ ।

युवा कवि जगन्नाथ रेग्मीको 'चारुचित्र' कविता सङ्ग्रह मझौला आयामको कविता सङ्ग्रह हो ।यसमा ३५ वटा कविता समावेश छन् । ३७१ श्लोकमा समेटिएको यस कवितामा प्रकृतिको चारुमय लालिमालाई वर्णन गरिएको छ। प्रकृतिको सौन्दर्य चेतलाई मुख्य विषयवस्तु बनाइएकोछ ।यस कवितामा मिथकीय बिम्बद्वारा सांस्कृतिक सभ्यता प्रतिको मोह, राष्ट्रियता, धार्मिक, आध्यात्मिक चेतना, राजनीतिक विसङ्गति प्रतिको व्यङ्ग्य आदि विषयलाई समेत समावेश गरिएको छ। यस कविता सङ्ग्रहमा कतै प्रकृतिको उच्चतम सौन्दर्यलाई वर्णन गर्दै यहाँका हिमाल पहाडको सुन्दरताको महिमागान गरिएको छ भने हिमाली सभ्यता पवित्र र चोखो छ भन्ने कुरालाई वर्ण्य विषयसमेत बनाएको पाइन्छ। लोकतन्त्र वा गणतन्त्र जे आए पनि देशमा शासनको अभिभारालिनेव्यक्तिले आफ्नो स्वार्थलाई मात्र महत्त्व दिनु हुँदैन भन्ने भाव यस कविता सङ्ग्रहका कवितामा व्यक्त भएको पाइन्छ। सम्पूर्ण नेपालीमा आध्यात्मिक चेतना र सेवा भाव भयो भने देशको मुहार फेरिने कुरालाई राष्ट्रियताको सन्दर्भमा उल्लेख गरेको पाइन्छ। कवि प्रौढोक्ति तथा कवि

निबद्धवक्तृप्रौढोक्ति ढाँचामा रचना भएका यी कविताहरूमा शब्दालङ्कार एवम् अर्थालङ्कारले काव्यलाई लालित्यपूर्ण बनाएका छन् । कहिँ कतै संस्कृतनिष्ठ भाषाशैलीको प्रयोग भए तापनि वर्णमात्रिक शास्त्रीय छन्द तथा आलङ्कारिक शैलीले 'चारुचित्र'श्रुतिमधुर बनेको छ ।'चारुचित्र' सङ्ग्रहभित्रको चारुचित्रमा चाहिँ प्रकृतिको चित्रलाई प्रकृतिका रहस्यलाई ईश्वरको सृष्टिलाई वर्णनको विषय बनाइएको छ । यो चित्र कसले निर्माण गरेको होला ? भनेर समस्यापूर्तिको शैलीमा दृश्य जगत्का रमणीय चित्रलाई सङ्केत गर्दै कविले व्यञ्जनात्मक रूपमा शब्द चित्र भाव चित्र एवम् अर्थ चित्रलाई समेत उपस्थापन गरेका छन् ।यसैका नामबाट समग्र कविता सङ्ग्रहको नामकरण भएको छ । यसरी प्रकृति, समाज, जन्मभूमि सभ्यता एवम् संस्कृतिलाई विषय बनाएर हरेक विषयमा चारुमय भाव चारुचित्रमा व्यक्त भएको छ भन्ने कुराको निष्कर्षमा पुग्न सकिन्छ ।

धवलागिरि खण्डकाव्य कवि जगन्नाथ रेग्मीको आयामका हिसाबले मझौला रूप अन्तर्गत पर्ने पहिलो काव्य हो । जुन एकै खण्डकाव्य भएर पनि विभिन्न उपशीर्षकहरूद्वारा सजिएकाले 'धवलागिरि' काव्यलाई अहिले सम्मकैपृथक् खण्डकाव्य मानिएको छ । यस काव्य अन्तर्गत रहेर कविले अरूणोदयमा सूर्य रश्मीले धवलागिरिलाई स्पर्श गरेको बताउँछन् । यसरी स्पर्श गर्नासाथ जगमगाई राखेको स्वर्ण ज्योतिले संसारकै पहिलो बिहानी यहीबाट उद्भासित भएको हो भनी गर्व गरेका छन् ।धवलागिरि अन्तर्गतका मुक्ति क्षेत्र, गलेश्वर पुलहाश्रम र कालञ्जर जस्ता पुराण प्रसिद्ध धामहरूले जीवनको रहस्य यतै भेटिन्छ भन्ने सन्देश दिँदै धवलागिरिका हराभरा बनपैदावरहरूले मृत सञ्जीवनी जस्ता औषधीको अपार भण्डार पनि यसै क्षेत्रमा भएकोमा कवि अत्यन्त हर्षित देखिएका छन् । धवलागिरि सौन्दर्यताको प्रतीक हो, यसलाई कुनै देश, काल र जाति विशेषको शङ्कुचित घेराले छेक्न सक्दैन तसर्थ 'धवलागिरि' र 'कालीगण्डकी' राष्ट्रिय पहिचानका धरोहर हुन् ।

यस कारण 'धवलागिरि' काव्य प्राकृतिक सम्पदाको सुन्दर झलक, नेपाली जनताको गहन एकता र सिर्जशीलताको साथै त्यसको उज्ज्वल भविष्यको कामना सहित अत्यन्त लयात्मक, गेयात्मक रसास्वादन योग्य, सुन्दर र सार्थक काव्यकृति बन्न पुगेको छ । यसबाट अन्य साहित्यकारहरूले र अध्ययनकर्ताहरूले समेत राष्ट्रियताको सवालमा जिज्ञासा बटुल्न सक्दछन् ।

### ५.१.२.सुझाव :

ती कविता सङ्ग्रहका साथै खण्डकाव्यको अध्ययन गर्ने कममा प्रस्तुत शोध विषयका अतिरिक्त सुझावहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

१.यी कविता काव्यहरुमा छन्दको अध्ययन गर्न सकिन्छ ।

२.यी कविता काव्यहरुमा विम्ब अलङ्कारको अध्ययन विश्लेषण गर्न सकिन्छ ।

३. यी कविता काव्यहरुमा रस ध्वनि आदिको प्रयोगका दृष्टिले पनि उनका कृतिहरुको अध्ययन गर्न सकिन्छ ।

## सन्दर्भग्रन्थ सूची

आचार्य, कृष्णप्रसाद (२०६४), **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** काठमाण्डौं : क्षितिज प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य प्रकाश,** (पाँचौं संस्करण), काठमाण्डौं : साझा प्रकाशन ।

उपाध्याय, विश्वनाथ (२०५८), **साहित्य दर्पण**, वाराणसी : चौखम्बा विद्या भवन ।

ओझा, रामनाथ र मधुसुदन गिरी (२०५८), **शोध सिर्जना र संस्कृत काव्यशास्त्र,** काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

कुन्तक (२०६८), **वक्रोक्ति काव्य जिवितम्,** वाराणसी : चौखम्बा संस्कृत सदन ।

क्षेमेन्द्र (२००७), **औचित्य विचार चर्चा,** (प्रथम संस्करण), वाराणसी : चौखम्बा संस्कृत सदन ।

गुप्त, अभिनव (२०११), **ध्वन्यालोक,** वाराणसी : चौखम्बा विद्या भवन ।

चापागाई, नरेन्द्र र सुवेदी दधिराज (२०५२), **काव्य समालोचना,** विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

जगन्नाथ (१९९७), **रस गङ्गाधर,** वाराणसी : चौखम्बा विद्या भवन ।

जयदेव (१९९५), **चन्द्रालोक,** वाराणसी : चौखम्बा संस्कृत सिरिज आफिस ।

जोशी, कुमारबहादुर (२०५४), **पाश्चात्य साहित्यमा प्रमुख वाद,** (तेस्रो संस्करण), काठमाडौं : साझा प्रकाशन ।

__________ (२०५५), **कवि कोइराला र उनको गङ्गा प्रवास,** काठमाडौं : साझा प्रकाशन ।

ढकाल, घनश्याम (२०५४), **मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना,** पोखरा : विजय ढकाल ।

त्रिपाठी, वासुदेव (२०५०), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १** (चौथो सं.), काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी वासुदेव र अन्य (सम्पा.) (२०५४), **नेपाली कविता भाग ४,** काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६४), **नेपाली कविता भाग ४,** ललितपुर : साझा प्रकाशन ।

दण्डी (२००१), **काव्यादर्श,** वाराणसी : चौखम्बा विद्या भवन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४९), **लक्ष्मी निबन्ध सङ्ग्रह,** (तेह्रौँ संस्करण), काठमाडौँ : साझा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०५०), **राम्रो रचना मीठो नेपाली,** (सौँ संस्करण), काठमाडौँ : सहयोगी प्रेस ।

पोखरेल बालकृष्ण र अन्य (सम्पा.) (२०६०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०५७), **संस्कृत काव्यशास्त्र,** काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

बन्धु, चुडामणि (२०५८), **देवकोटा** (ते.सं.), काठमाडौँ : साझा प्रकाशन ।

भट्ट, रामचन्द्र (२०५६), **पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक,** काठमाडौँ : सगरमाथा फाइनान्स सहकारी लि. ।

भट्टराई, घटराज र शरद्‌चन्द्र भट्टराई (सम्पा.) (२०४६), **नेपाली पद्य,** (प्र.सं.), काठमाडौँ : वाणी प्रकाशन ।

मम्मट (१९९८), **काव्य प्रकाश,** (छैटौँ संस्करण), वाराणासी : ज्ञानमण्डल लिमिटेड ।

राजशेखर (२०१३), **काव्यं मिमांशा,** वाराणसी : चौखम्बा विद्या भवन ।

रुद्रट (१९८९), **काव्यालङ्कार,** वाराणसी : चौखम्बा विद्या भवन ।

लुइँटेल र अन्य (२०५४), **नेपाली कविता,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : न.रा.प्र.प्र. ।

वामन (२०१३), **काव्यालङ्कार सूत्राणि,** वाराणसी : चौखम्बा सूरभारती ।

विश्वनाथ (२०५३), **साहित्य दर्पण,** (पाँचौँ सं.), वाराणसी : चौखम्बा संस्कृत भवन ।

शर्मा, कृष्णदेव (१९७७), **पाश्चात्य काव्यशास्त्र,** (छैटौँ सं.), नयाँ दिल्ली : विनोद पुस्तक मन्दिर ।

शर्मा, तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास,** काठमाडौँ : नवीन प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४), **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना प्रमुख मान्यता, वाद र प्रणाली** (दो.सं.), काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** (पाँचौँ सं.), काठमाडौँ : साझा प्रकाशन ।

सम, बालकृष्ण (२०५७), **आगो र पानी** (एघारौ सं.), काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, अभि (२०३०), **पाश्चात्य काव्यसिद्धान्त,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

हेमचन्द्र (२००१), **काव्यानुशासनम्,** वाराणसी : चौखम्बा विद्या भवन ।